ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



## किरण पुस्तकालय

तम्घास, गुल्मी

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४७ ❑ अङ्क : १ ❑ सम्पूर्णाङ्क : ८४ ❑ कात्तिक–पुस, २०७६

**सम्पादक**
शशि पन्थी

**सह–सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

## किरण पुस्तकालय
तम्घास, गुल्मी (फोन : ०७९–५२०२८७)
सम्पर्क फोन नं. : ०७९–५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.५०/–

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क. र विशाल श्रेष्ठ*
*मुद्रक : सुशिला प्रिण्टर्स, गुल्मी ०७९–५२०४५०*
*E-mail : spgulmi 33@yahoo.com*

आवरण पृष्ठ : महाकवि लक्ष्मीप्रसाद देवकोटा

# हाम्रो पुरुषार्थ(त्रैमासिक)

<u>*काठमाडौं प्रतिनिधि*</u>

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**कृष्णप्रसाद भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

<u>*पाल्पा प्रतिनिधि*</u>

**कमल खत्री**
फोन नं. ९८४७३०९०८

<u>*रुपन्देही प्रतिनिधि*</u>

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

<u>*चितवन प्रतिनिधि*</u>

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

<u>*दाङ प्रतिनिधि*</u>

**अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

<u>*पोखरा प्रतिनिधि*</u>

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

<u>*विदेश प्रतिनिधि*</u>

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

**सम्पादकीय**

# महाकवि देवकोटाप्रति श्रद्धाञ्जलि

- एउटा कलमवीर जो नेपालको माटोमा फुलेको थियो । एउटा स्रष्टा जसले मानवता र स्वतन्त्रताका लागि क्रान्ति र विद्रोहको युगवाणी उरालेको थियो, स्वच्छन्द, उन्मुक्त भावहरू लोकप्रिय लोकलयमा गाएको थियो । हिमालझैं उचो प्रतिभा बोकेर अज्ञानी समाजमा उन्मादी ठानिएको थियो । एउटा कल्पनाशील, स्वप्नशील दिव्य करुणामय आत्मा बनी लोकहितार्थ प्रमिथस बनेर झरेको थियो पृथ्वीमा ऊ एउटा देवदूत ! एउटा देवपुत्र ! अमरावतीबाट ।

- राजालाई रंक र रंकलाई राजा देख्नसक्ने दिव्य दृष्टिवाला त्यस स्रष्टालाई हामी सम्झन्छौं । स्वच्छन्दताका स्वप्नबीजहरू नेपाली भाषामा उमार्ने, फुलाउने र माला गाँस्ने त्यस अद्‌भुत मालीलाई हामी श्रद्धा गर्दछौं । नेपाली भाषामा काव्य, कविता र निबन्धमा नवयुग डाक्ने त्यस कविकोकिललाई हामी आदर गर्छौं । वाल्मीकि र व्यासझैं विलक्षण सृजनासामर्थ्य हुने त्यस शारदापुत्रलाई, त्यस महापुरुषलाई वन्दना गर्दछौं ।

- लाग्छ दन्त्यकथाझैं जसको जीवनी, आँधीहुरीको कथाझैं । लाग्छ जसको प्रतिभा विलक्षण, दिव्य र जादूमय । मान्छेको चेतनाको धुरी कति अग्लो हुन्छ ? त्यो धुरी थियो ऊ । मान्छेको सृजनशीलताको चुली कति अग्लो हुन्छ ? त्यो चुली थियो ऊ । अनुपम, अतुलनीय र बेजोड । वर्डस्वर्थ र शेली होचा छन् ऊसँग । पन्त, प्रसाद, निराला ती तीन बराबर ऊ एक छ । जसलाई सम्झँदा हाम्रो छाती चौडा हुन्छ । जसलाई सम्झँदा हाम्रो शिर श्रद्धाले झुक्छ । त्यस स्रष्टालाई सगौरव सम्झन्छौं हामी ।

- २०७६ साल कार्तिक २७ गते हामीले १११ औं देवकोटा जयन्ती मनायौं । अनुपम काव्यस्रष्टालाई सम्झेर कृतज्ञता र श्रद्धाका फूलहरू चढायौं । जसको सम्झना र सम्मानमा ५१ वर्षपहिलेदेखि किरण पुस्तकालयले विभिन्न कार्यक्रमहरूको आयोजन गर्दै आइरहेको छ । प्रज्ञा र प्रतिभाका प्रतिमूर्ति महाकविलाई सम्झेर यस ज्ञानमन्दिरको परिकल्पना भएको थियो । त्यहीं महान् आत्माको श्रद्धाञ्जलिस्वरूप प्रस्तुत अङ्क समर्पित छ ।

–०००–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | समाजका निम्ति साहित्य ... | दुर्गाप्रसाद श्रेष्ठ | १ |
| २. | खोयाबिर्के, खोया र हाम्रो समाज | डा. तुलसी भट्टराई | ७ |
| ३. | सम्झनाका विम्बहरू : एक ... | प्रा. कपिल अज्ञात | १२ |
| ४. | हजुर, हजुर, सञ्चै छ । | डा. बाबुराम ज्ञवाली | १६ |
| ५. | भाषा शिक्षणमा प्रकार्यपरकता | शिवशरण ज्ञवाली | १८ |
| ६. | वैदिक शिक्षा | होमनाथ शर्मा | २५ |
| ७. | "नेपाली समाजमा ज्योतिष ... | विष्णुराज सिग्देल | २७ |
| ८. | वनस्थलीबाट कोटेश्वर हुँदै चन्द्रागिरि | विनोद नेपाल | ४५ |
| ९. | गुल्मी छ प्यारो सदा | चन्द्रकान्त आचार्य | ५१ |
| १०. | स्नेहाञ्जलि-श्लोक | स्व. कुलमणि देवकोटा | ५३ |
| ११. | खरायो र मूसो | रमेश गौतम 'पाल्पाली' | ५६ |
| १२. | ताक परे तिवारी ... ! | पन्थी रामप्रसाद | ५८ |
| १३. | पाल्पाको बतासेडाँडाबाट रिडीतिर | पद्मप्रसाद शर्मा | ६१ |


**स्थायी स्तम्भहरू :**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. शिवप्रसाद पौडेल | १ |
| ३. | पुस्तकालय परिचय | प्रदीप मेन्याङ्बो | ६५ |
| ४. | किरण पुस्तकालयको पातो | सचिव | ६६ |
| ५. | नौलो सृष्टि : सानो दृष्टि | दीन पन्थी र अकिञ्चन | ६७ |
| ६. | यताउताबाट | पुस्तकालय आवाज | ७२ |
| ७. | पाठक-प्रतिक्रिया | विष्णुकान्त पन्थी | ७३ |


ooo

# समाजका निम्ति साहित्य 'पथ-प्रदर्शक' हुनुपर्छ ।



✍ **दुर्गाप्रसाद श्रेष्ठ**

*(भारतको उत्तर प्रदेश राज्यको पूर्वोत्तर क्षेत्रमा अवस्थित पवित्र काशीनगरी/समस्त हिन्दू धर्मावलम्बी र बौद्ध धर्मावलम्बीहरूको आस्थाको पुण्यभूमि हो । यही पुण्यभूमिमा जन्मी, हुर्की काशी नगरीलाई आफ्नो मुख्य कर्मथलो बनाई नेपाली भाषा, साहित्य, संस्कृति, जातीय वीरताको ऐतिहासिक गौरव गाथाबारे साहित्य साधना गर्ने एक साधकका रूपमा सुपरिचित हुनुहुन्छ दुर्गाप्रसाद श्रेष्ठ । उहाँ नेपाली भाषासाहित्यका अनन्य सेवी काशीबहादुर श्रेष्ठका सुपुत्र हुनुहुन्छ । पिताको उत्तराधिकारीका रूपमा दुर्गाप्रसाद श्रेष्ठले अद्यापि काशीबहादुर श्रेष्ठद्वारा थालनी गरिएको उदय पत्रिकाको प्रकाशन र सम्पादन कार्य गर्दै आउनुभएको छ । उदय पत्रिकाका माध्यमबाट भारत, नेपाल, भूटान, बर्मा, अमेरिका, जापान लगायतमा छरिएर रहेका लाखौं करोडौं नेपालीलाई नेपाली भाषा, साहित्य, संस्कृति, जातीय वीरताको गौरवगाथाको इतिहासबारे अवगत गराउँदै आउनुभएको छ । नेपाल र भारतका साहित्यिक संस्थाहरूबाट सम्मान र पुरस्कारसमेत पाउनुभएका दुर्गाप्रसाद श्रेष्ठ उमेरका हिसाबले परिपक्व हुनुभए पनि नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासको उत्थान, सिर्जना, विकास र संरक्षणका निम्ति त्यत्तिकै सक्रिय हुनुहुन्छ । उहाँलाई नेपाली भाषा, साहित्य, संस्कृतिका सांस्कृतिक दूत मानिन्छ । काशीलाई कर्मथलो बनाई आउनुभएका दुर्गाप्रसाद श्रेष्ठले नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासको उत्थान, सिर्जना, विकास र संरक्षणका निम्ति काशीमा समयसमयमा नेपाल र भारतका प्रतिष्ठित साहित्यिक मनीषिहरूलाई जमघट गराई भाषिक साहित्यिक संगोष्ठीको आयोजना गरी भारतीयहरूलाई समेत नेपाली भाषा, साहित्यको मूल्यबारे अवगत गराउँदै आउनुभएको छ । काशीसित नेपाल र नेपालीहरूको सम्बन्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पौराणिक, सामाजिक, राजनीतिक, भाषिक, साहित्यिक र शैक्षिक रूपमा प्राचीन समयदेखि रहिआएको छ । दुर्गाप्रसाद श्रेष्ठसँग काशीको भाषिक, साहित्यिक अवस्था, इतिहास, पत्रपत्रिकाको प्रकाशन परम्परा र काशीमा*

*अध्ययनार्थ आउने नेपाली विद्यार्थीका भाषिक साहित्यिक गतिविधिबारे -काशी हिन्दू विश्वविद्यालयको भारतीय भाषा विभागअन्तर्गत नेपाली प्रभागको नेपाल पीठमा कार्यरत डा. शिवप्रसाद पौड्यालले गुल्मी, तम्घासस्थित किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' त्रैमासिकका निम्ति २०७६ भाद्र महिनामा लिएका परिसंवादका अंशहरूहरूलाई यहाँ प्रस्तुत गरिएको छ । -**सम्पादक**)*

**१. यहाँका पिता काशीबहादुर श्रेष्ठ नेपालबाट काशीमा कुन अवस्थामा आइपुग्नुभो ? तथा यहाँको पारिवारिक पृष्ठभूमिबारे बताइदिनुस् न ?**

❑ प्रातः स्मरणीय पूज्य पिताज्यू आफ्ना पूज्य पिताज्यू गणेशबहादुरसँग भक्तपुरबाट काशी आई व्यापार गर्न थाल्नुभएको हो । पिताज्यू त्यसबेला सानै हुनुहुन्थ्यो र यहीं आफ्नो शिक्षा प्राप्त गर्नुभयो । उहाँले क्वीन्स कलेजबाट 'इन्ट्रेन्स' पास गर्नुभयो । 'इन्ट्रेन्स' ११ कक्षाको समकक्ष हो । इन्ट्रेन्स पास गरेपछि उहाँले पढाइ छाडेर आफ्नो पिताज्यूको काममा सहयोग गर्न थाल्नुभयो ।

**२. काशीबहादुर श्रेष्ठले सम्पादन र प्रकाशन गर्दै आउनुभएको 'उदय' पत्रिकाको विगतको अवस्था र वर्तमान अवस्थाबारे बताइदिनुस् न ?**

❑ 'उदय' को अवस्थाको त्यो बेला संघर्षपूर्ण नै थियो । नेपाली पत्रपत्रिकाको हालत विगत र वर्तमानमा समान छ । जहिले पनि संघर्षरत तर त्यसबेला यसले अन्तर्राष्ट्रिय प्रचार पाएको थियो । त्यसबेला विश्वयुद्ध चर्केको थियो र नेपाली (गोर्खाली) फौज जताततै पठाइएको थियो । अंग्रेज सरकारले गोर्खाली सैनिकहरूलाई पढ्नका लागि 'उदय' झिकाउँथे र गोर्खाली फौज भएको ठाउँ-ठाउँमा पठाउँथे ।

**३. काशीबहादुर श्रेष्ठको उत्तराधिकारीका रूपमा यहाँले कहिलेदेखि उदय पत्रिकाको सम्पादन र प्रकाशनको कार्य गर्दै आउनुभयो ?**

❑ मैले उदयको पुनर्प्रकाशन सन् १९८३ देखि थालें । पिताजीले आर्थिक कारणले उदय बन्द गर्नुभएको थियो । मैले उहाँको देहावसानपछि फेरि प्रकाशन शुरू गरेको हो ।

**४. वर्तमान समयमा उदय पत्रिकाको व्यवस्थापन तथा प्रकाशन, सम्पादन र यसका पाठकबारे बताइदिनुहोस् न ?**

❑ अहिलेको अवस्थामा भारतमा होस् वा नेपालमा पत्रपत्रिकाको प्रकाशन "One Man Show" जस्तै हुन्छ । सरकारी पत्रपत्रिकाबाहेक यसको न कार्यालय हुन्छ, न Staff । चाहे त्यो 'उदय' होस् , 'अभिव्यक्ति' होस्, 'रचना' होस् वा 'भानु' होस् ।

**५. नेपाली भाषासाहित्यको श्रीवृद्धिको थालनीमा काशीको अहम् भूमिका छ र वर्तमानमा भने काशीमा विगतको जस्तो साहित्यिक गतिविधिमा निकै ह्रास आएको देखिन्छ । यसको मूल कारण के हो ?**

❑ विगत समयमा नेपालमा शिक्षा प्राप्त गर्ने राम्रो व्यवस्था थिएन र हुने खानेका छोराहरू काशीमा आएर शिक्षा प्राप्त गर्दथे । कतिपय त काशीवास बस्ने आफ्ना बाजे (हजुरबुबा)सँग बसेर पढ्दथे । कमलमणि दीक्षित, बालकृष्ण पोखरेल, विमल कोइराला, कमल कोइराला, भरतमोहन अधिकारी, मनमोहन अधिकारी, तारानाथ शर्माजस्ता सयकडौं साहित्यकारहरू यहींबाट बने ।

**६. यहाँलाई नेपाली भाषा, साहित्यका सांस्कृतिक दूत भनिन्छ । यसको खास आधार के हो ?**

❑ यसको खास आधार मैले सन् २००३ मा भारत-नेपाल साहित्य सम्मेलनको आयोजना बी.पी. कोइराला फाउण्डेशनको आर्थिक अनुदानबाट गरेपछि त्यसबेला भारतमा नेपाली राजदूत भेषबहादुर थापाले मलाई नेपालको सांस्कृतिक राजदूत भन्न थालेका हुन् । त्यसपछि मैले कैयौं साहित्यिक कार्यक्रमहरू आयोजना गरें । दिल्लीस्थित नेपाली राजदूतावासका अधिकारीहरूले पनि धेरै माया र सहयोग गर्थे ।

**७. यहाँले कहिलेदेखि साहित्यसिर्जना गर्न थाल्नुभयो ? सोहीक्रममा यहाँले साहित्यका के-कस्ता विधामा कलम चलाउनुभयो । हालसम्म प्रकाशित यहाँका साहित्यिक कृतिबारे जानकारी पाऊँ न ?**

मैले पहिले हिन्दी भाषामा लेख्ने गर्थें । हिन्दी भाषामा नेपाली पृष्ठभूमिको रचना लोकप्रिय भएकोले म हिन्दीमा लेख्थें र पुरस्कार पनि पाउँथें । मेरो पहिलो हिन्दी कथा प्रेमचन्दद्वारा स्थापित पत्रिकामा सन् १९५७ र पछि 'धर्मयुग' पत्रिकामा सन् १९६२ मा प्रकाशित भएको थियो । मेरा उपन्यास र कथा-संग्रहहरू हिन्दीमा धेरै लोकप्रिय भएका थिए ।

**८. साहित्यले समाजरूपान्तरण, मानव चेतनाको विकास, समाजको अग्रगामी सोंच र विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भनिन्छ, यसबारेमा यहाँको धारणा के छ ?**

❑ भनिन्छ, 'साहित्य समाजको ऐना हो ।' यसै अनुरूप समाजलाई उचित बाटो देखाउने काम पनि साहित्यले गर्छ । नेपालमा मकैको खेतीले प्रजातन्त्रको प्रेरणा दिएको उदाहरण हामीसामु छ । भारतमा लोकमान्य तिलक र गान्धीजीहरूले साहित्यको माध्यमबाट स्वतन्त्रताको बिगुल फुके ।

**९. समाजका निम्ति साहित्य कस्तो हुनुपर्छ ?**

- ❑ समाजका निम्ति साहित्य 'पथ-प्रदर्शक' हुनुपर्छ ।

**१०. हिन्दूहरूको पवित्र तीर्थस्थल तथा तीर्थहरूको राजधानी काशीमा जन्मिहुर्की यहीं नै बसेर जीवनभर नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासको उत्थान, सिर्जना, विकास र संरक्षण मात्रै गर्दै आउनुभएन । यहाँले साहित्यसाधना गरी नेपाली साहित्यका निम्ति महत्त्वपूर्ण कृतिहरू दिनुभयो । सोबापत यहाँले नेपाल र भारतका साहित्यिक संस्थाहरूबाट पाउनुभएका पुरस्कार, सम्मानबारे एवम् ती पुरस्कार पाउँदाको आफ्नो अनुभव बताइदिनुस् न ?**

- ❑ नेपाल र भारतका विभिन्न संघ-संस्थाहरू, सिक्किम, दार्जिलिङ्ग, असम, देहरादूनका संस्थाहरूले मेरो साहित्य सेवाको कदर गरेर मानसम्मान प्रदान गरेका छन् । हालसालै काशी हिन्दू विश्वविद्यालयको नेपाली विभागले पनि मेरो सम्मान गरेको थियो ।

**११. मोतीराम भट्टका पालाको साहित्यिक वातावरण अहिले काशीमा पाइँदैन । यसको खास कारण के हो ?**

- ❑ मोतीराम भट्टको समय र अहिलेको समयमा जमिन-आसमानको फरक छ । भट्टको पालामा नेपाली साहित्य कुन चराको नाउँ हो थाहा थिएन । तर अहिले नेपाली साहित्य संसारभरि फैलिएको छ ।

**१२. उहिले न्याय नपाए गोरखा जानू, विद्यालय नपाए शास्त्र हराए काशी जानू भनिथ्यो ? तर अहिले काशीमा अध्ययन गर्न आउने विद्यार्थी घट्दै गएको देखिन्छ । यसको खास कारण के हो ?**

- ❑ यसको खास कारण आर्थिक र सामाजिक हो । फेरि, शिक्षाको व्यवस्था नेपालमै भएपछि परदेशमा आएर किन दुःख पाउने ?

**१३. काशीबाट नेपाली साहित्यको माध्यमिक कालमा प्रायः एक दर्जन जति साहित्यिक पत्रपत्रिका प्रकाशित भए । ती पत्रिका-माधवी, वि.सं. १९६५ हलन्त बहिष्कार विरोधी अभियान र नौलो पाइलो वि.सं. २०१३ झर्रोवादी अभियानहरूबाट भाषिक साहित्यिक आन्दोलन थालियो तर अहिले काशीमा तिनको खास अभिलेख कहीं कतै राखिएको पाइँदैन । यसको लागि के गर्नुपर्ला ?**

- ❑ यसका लागि शोध गर्नुपर्छ । नेपालका पत्रपत्रिका र छापाखानाको इतिहास (लेखक-ग्रीष्मबहादुर देवकोटा) मा अलिअलि उल्लेख छ ।

**१४. नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासको उर्वरभूमि, जहाँका पुस्तक पसलहरूमा नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासका पुस्तकहरू पाइन्थे । अहिले पाउन छोडियो । कारण के हो ?**

❑ नेपाली भाषा पढ्ने विद्यार्थीहरूको संख्यामा न्यूनता नै हो जस्तो लाग्छ ।

**१५. काशीमा नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासका मनीषिहरूले खोलेका पुस्तकालयहरू बन्द भइसकेका छन् । जसको कारण काशीको भूमिमा सिर्जित नेपाली भाषा, साहित्य, संस्कृति र इतिहास हराउन लागेको अवस्थामा केही प्रकाश पारिदिनुहोस् न ?**

❑ जुन बेलामा काशीमा नेपाली भाषाका धार्मिक र साहित्यिक कृतिहरूको प्रकाशन हुन्थ्यो त्यस बेला यसका संस्थापक (प्रकाशक, सम्पादक) आदि जाँगरिला थिए र यसैलाई आफ्नो व्यवसाय बनाएर बसेका थिए । तर आज न्यून नेपाली जनसङ्ख्या पनि यसको कारण हो ।

**१६. नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासका पाठकहरू हिन्दी, संस्कृत, बौद्ध र अङ्ग्रेजी भाषासाहित्यका कृतिहरू खोज्न काशीमा आउँछन् । उनीहरूले काशीको विगतको नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासको अभिलेखीकरणमा चासो दिंदैनन् किन ?**

❑ किनभने तिनीहरू यसैका लागि यहाँ आउँदैनन् । फेरि विद्युतीय साधनको उपलब्धताले अब काशीमै आएर शोध-खोज गर्ने चासो राख्दैनन् ।

**१७. काशीको विगतको नेपाली भाषासाहित्य, संस्कृति र इतिहासको अभिलेखीकरणका निम्ति के गर्नुपर्ला ?**

❑ प्रथमतः यस विषयमा जिज्ञासुहरूको व्यवस्था गर्नुपर्छ । त्यसपछि संग्रहालय खोल्नुपर्छ । जस्तो नेपालमा मदन पुरस्कार पुस्तकालय छ ।

**१८. वर्तमानमा नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासका पाठकहरूमा ह्रास आएको देखिन्छ । यस्तो अवस्थामा काशीमा अध्ययन गर्न आउने युवाहरूलाई नेपाली भाषासाहित्य, संस्कृति र इतिहासको अध्ययनतर्फ अभिरुचि जगाउन र नेपाली भाषा, साहित्य, संस्कृति र इतिहासको महत्त्व बुझाउन के गर्नुपर्ला ?**

❑ अध्ययन गर्न आउनेहरूमा अधिकांश संस्कृतका विद्यार्थी हुन्छन् । जो आर्थिक दृष्टिले कमजोर हुन्छन् । अंग्रेजी माध्यममा पढ्नेहरू प्राविधिक विषय जस्तो डाक्टरी, इञ्जिनियरिङ्ग पढ्नेहरू आउँछन् । त्यसैले नेपाली भाषासाहित्यतर्फ त्यति रुचि राख्दैनन् ।

**१९. वर्तमानमा जति भाषासाहित्यका पुस्तकहरू सिर्जित भएका छन्, त्यति नै पाठकहरू घट्दै गएका छन् अर्थात् पठन संस्कृति हराउनुको कारण के हो जस्तो लाग्छ यहाँलाई ?**

❑ वर्तमानमा सबभन्दा ठूलो कारण विद्युतीय सञ्चार माध्ययम र साधन हो जस्तो मोबाइल । अब कसैलाई किताब पढेर बस्ने फुर्सद नै हुँदैन ।

**२०. अहिले नेपालबाहिरको नेपाली भाषासाहित्य र संस्कृतिको अवस्था के कस्तो छ ?**

❑ नेपालबाहिर सिक्किम, दार्जिलिङ्, असम आदि नेपाली बहुल क्षेत्रमा अलि-अलि साहित्य अकादमीले सक्दो प्रयास गर्दैछ नेपाली साहित्यको जगेर्ना गर्न ।

**२१. नेपाली भाषाले भारतको संविधानमा संवैधानिक मान्यता पाएपछि भारतीय नेपाली भाषी जनसमुदायमा खुशीको लहर छायो । त्यसको उत्साहले काशीका नेपालीभाषी जनसमुदायमा नेपाली भाषासाहित्य र संस्कृतिप्रति के-कस्तो उत्साह ल्याएको छ ?**

❑ काशीमा काशी हिन्दू विश्वविद्यालयको नेपाली विभागबाहेक नेपाली साहित्यको क्रियाकलाप लगभग शून्य छ ।

**२२. यहाँको जीवनको अविस्मरणीय घटना, अनुभवबारे बताइदिनुस् न ?**

❑ म एकपट नेपालको पदयात्राको क्रममा पाल्पाबाट गुल्मीतर्फ जाँदै थिएँ । बाटोमा एक ठाउँमा ढुङ्गेधारामा पानी थापिरहेकी केटीलाई देखेर पानी खान मागें । उसले ऊ सानो जातको उसले छोएको पानी खानुहुन्छ ? भनी सोधी । केटी सुन्दरी थिई । मैले पानी खाएँ र पछि धर्मयुग पत्रिकामा हिन्दी भाषामा सोनिया कथा लेखेर छपाएँ-सन् १९६२ (१८ सालतिर)तिर ।

**२३. यसै परिसंवादका माध्यमबाट नेपालीभाषी जनसमुदायले नेपाली भाषासाहित्य र संस्कृतिका बारेमा गर्नैपर्ने सुझाव के दिनुहुन्छ ?**

❑ यदि नेपाली साहित्य मात्र होइन संस्कृतिको पनि जगेर्ना गर्ने हो भने मोबाइल चलाउन छाड्नुस्, पढ्नुस् र पढाउनुहोस् ।

०००

**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'मा विज्ञापन दिएर लाभ उठाउनुहोस् ।**

# खोयाबिर्के, खोया र हाम्रो समाज

✍ **डा. तुलसी भट्टराई**
**काठमाडौं**

"खोया आयो । अब यसले अलमल्याउने भो । भेटेपछि छाड्दै छाड्दैन । उसको कुरा नसुनौं पनि भएन, तथानाम फलाकेर हिँडिदिन्छ । हेर्नुस् न, हामीकहाँ त खोयाहरूकै कुरो ठूलो हुन्छ । जताततै खोयाको बिगबिगी छ । तपाईं धेरै वर्षपछि आउनुभएको हुँदा यहाँको कुरो थाहै छैन ।"

बाटोमा सँगै हिँडेका साथी दुर्गा दाहालको कुरो सुनेर म एकछिन अलमलिएँ । वास्तवमा मलाई त्यहाँको कुरा के थाहा हुने र ? त्यहाँ भनेको प्रसंग ताप्लेजुङ जिल्ला सदरमुकाम अमिनी छेउको हो । म केही समयअघि अर्थात् २०५५।१।१५ मा ताप्लेजुङ पुगेको थिएँ ।

"हलो, उहाँ.... हुनुहुन्छ.... उहाँ ।" खुट्टा राम्ररी नटेकिएका एकजनासँग परिचय आदानप्रदान गराए दाहालजीले । केहीबेर आगन्तुकले तमोर कावेली नै सुकाउने गरी हाँक्यो । उसले मेरो हात मर्किएला झैं पारेर समाएको थियो । बल्लतल्ल छुटकारा लिएपछि केही पर पुगेर मैले दाहाललाई सोधैँ– "तपाईंले खोया आयो भन्नुहुन्थ्यो, के भनेको त्यो !"

"ओ हो भट्टराईजी, तपाईंलाई त्यति पनि थाहा छैन । कस्तो कुरा गर्नुभएको । यत्रो देश विदेश सारा घुमेको, बुझेको मान्छेले, 'खोया' नचिन्नु चाहिँ अलि मिल्दो कुरा भएन नि । साँच्चै नबुझेको हो अथवा मलाई बनाउन खोजेको मात्रै त होइन... ।

खोयाबिर्के सेवन गर्नेलाई खोया भनिन्छ । खोया अर्थात् खोयाबिर्के पदार्थ सेवनकर्ता– व्यक्ति । तपाईंलाई एउटा नयाँ शब्द मिल्यो । भाषा केलाउने मानिसलाई एउटा थप कुरा भयो ।"

"खोयाबिर्के" जाँड रक्सी राखिने बोतलको 'बिर्को'का आधारमा बनेको शब्द रहेछ । बियर र अन्य कम्पनीहरूबाट उत्पादित रक्सी प्रयोग भइसकेपछि त्यस्ता बोतलका बिर्का पुनः प्रयोगमा आउँदैनन् । बोतलहरू भने गाउँक्षेत्रका घरेलु छ्याङ, जाँड र तीनपाने रक्सी राख्न प्रयोग गरिन्छ । त्यसो त तोरीतेल मट्टितेल राख्न पनि यस्ता बोतल प्रयोग गरिन्छ । बोतल प्रयोग गर्दा बिर्को चाहियो र अति भरपर्दो, कसिलो बिर्को बन्दोरहेछ मकैको खोयाबाट ।

प्रायः ग्रामीण क्षेत्रमा औंसी, पूर्णे, संक्रान्ति र बारका आधारमा लाग्ने हाट बजारमा यस्ता खोयाबिर्के मालको ठूलो बजार लाग्ने गर्छ । सस्ताखाले होटल

भट्टीहरूमा पनि खोया बिर्केकै प्रचलन हुने गर्छ । पाँच, दस, बीसमै त्रिलोक र चौध भुवन देखाउने– ऊर्जाशक्ति दिन सक्ने क्षमता यी खोयाबिर्केमा हुनेरहेछ ।

नेपाली जनजीवनमा संस्कृतिकै अभिन्न अंग बनेर बसेको जाँड र रक्सीबारे थाहा नपाउने, नजान्ने भन्ने त सबालै भएन । म अलमलिएको थिएँ– खोया भन्ने सम्बोधनबाट । जसले यस्तो पदार्थ अर्थात् खोयाबिर्के खान्छ र होहल्ला गर्दै हिँड्छ त्यस्तो व्यक्ति खोया कहलाउँने रहेछ ।

खोया र खोयाबिर्के शब्दको प्रचलन पनि पुरानै हुन लागेको भए पनि म अनभिज्ञ रहेछु । नेपालमा खोयाबिर्के र खोया नभएको ठाउँ नै छैन । मेची– महाकाली सर्वत्र खोयाबिर्के र खोयाको जगजगी छ । नेपालको राष्ट्रिय मूल पहिचान नै हो यो खोयाबिर्के ।

जाँड, ठर्रा र लोकल रक्सीको एउटै नाम हो खोयाबिर्के । पहिलेका जँड्याहा, रक्स्याहाको पर्याय बनेको रहेछ यो खोया । मलाई पहिलोपल्ट ज्ञान मिल्यो, खोया र खोयाबिर्के बारे । म आफ्नो जन्मक्षेत्रमा धेरै वर्षपछि करीब साढे दुई दशकपछि पुगेको थिएँ । नयाँ शब्द र शब्दार्थ बुझ्ने मौका पाएँ । यो पनि एउटा उपलब्धि नै भयो ।

त्यसैबेला अर्का एकजना आइपुगे विश्व हाँक्दै । सबैलाई ठीक पार्ने – एक, एकलाई नछोड्ने कबोल गर्दै । दाहालजी र गुरुङजीलाई हेरेर ती हाँक्ने फलाक्ने व्यक्तिले भने – "यसपल्ट मलाई टिकट नदिने हो भने, म देखाइदिन्छु, बुझ्नु भो... म पनि फलानो हुँ । के ठान्या छ । तीस वर्षदेखि पार्टीका लागि ज्यान दिएको । कि होइन भने भन्नोस्... तपाईंहरू ।"

धर्मराउँदै ती नेता पनि केही बेर नाचेर गाएर गए । तोक्मा बजारमा त्यस्तो प्रकारको भेटघाट भयो अरू केही जनासँग । एकप्रकार सिनेमा स्टाइलका व्यक्तिहरूसँगको भेट रमाइलै हुँदो रहेछ ।

खोयाबिर्के र खोयाको कुरा ताप्लेजुङसँग मात्र जोडेर अन्यथा गर्न खोजेको होइन । ताप्लेजुङ मेरो जन्म क्षेत्र/पवित्र, सम्मान्य र स्मरणीय पनि छ । ताप्लेजुङ गएका बेला खोयाबिर्केको यथार्थ परिभाषा खुलेकोले मात्र यहाँ प्रसंग पर्न गएको हो । ठाउँ र स्तर, तहअनुसार खोया र खोयाबिर्केका स्वरूप फरक फरक हुन सक्छन् ।

ताप्लेजुङदेखि दार्चुला र झापादेखि कन्चनपुरसम्म जहाँसुकै खोयाबिर्केको चलन छ । कतैकतै महिलाहरूको विशेष सहभागितामा खोयाबिर्के निर्मूल अभियान चलाइएको सुन्न पाएको बाहेक एउटै प्रक्रिया र एउटै धरातलमा उस्तै उस्तै गरी खोयाबिर्केले समाजमा अगुवा भएर स्थान ओगटेको छ ।

मर्दा पर्दा, जन्मिदा, शुभ अशुभजस्ता जुनसुकै कार्यहरूमा सगुनका रूपमा परापूर्व कालदेखि नेपालका बहुजाति, बहुसंस्कृतिका कतिपय, समाजमा खोयाबिर्के नभई नचलाई हुँदैन । कतिपय जातिमा शुभ साइतको सगुनका रूपमा खोयाबिर्केले मान्यता पाएको छ ।

उहिल्यै तागाधारी र मतवाली दुईवटा छुट्टाछुट्टै वर्ग विभाजन थियो । जनै लगाउनेहरू तागाधारी अरू बाँकी मतवाली । तागाधारी समूहमा खोयाबिर्केको प्रवेश बर्जित थियो ।

तर आज तागाधारी र मतवाली दुबैमा खोयाबिर्के प्रिय पेय बनेको छ । पहिलेको समयमा खोयाबिर्के प्रयोग गर्ने तागाधारी समाजबाटै वहिष्कृत हुन्थ्यो । आज भने खोया तागाधारीलाई सामाजिक वहिष्कार पनि गरिदैन ।

ताप्लेजुङमा नै एउटा अर्को शब्दको प्रयोग पाएँ – नवकिराँती । एकजना साथीकहाँ बेलुका खाना खान जाँदा व्यागपाइपर नाम गरेको खोयाबिर्के चलेको थियो । मतिर लक्ष्य गरेर भवानी गुरुङले भने– यो त लिने होला नि ! मैले यो पदार्थ लिने गरेको छैन भन्ने जवाफ दिएपछि उनले फेरि भने– "ओहो त्यसो भए तपाईँ त नव किराँतमा पर्नुभएन नि ।"

"ओ हो, तपाईंलाई थाहा छैन ।"

यतातिरका क्षेत्री बाहुन तागाधारीहरू नवकिराँती भनेर चिनिन थालेका छन् । अब त पुराना असली किराँतीलाई आजको नवकिँरातीले उछिनिसकेको छ ।

साथी गुरुङको भनाइ थियो– खोयाबिर्केबाट मुक्त कोही पनि छैन । जात, धर्म, सम्प्रदाय, पार्टी, समूह, सबैतिर एकछत्र समान रूपमा वर्चस्व राख्न सक्ने समर्थवान् तत्त्व 'खोयाबिर्के' मात्रै हो ।

बनेको काम बिगार्न होस्, नबनेको काम सपार्न होस्, कसैमाथि जाइलाग्ने क्षमता बढाउन होस्, पीर व्यथा भुलाउन होस्, मित्रता गाँस्न होस्, सभा समारोह होस्, उत्सव भोज भतेर जुनसुकै बेला यस खोयाबिर्केको आवश्यकता पर्न थालेको छ ।

यस खोयाबिर्केमा जात, धर्म, संस्कृति, पार्टी वर्ग, वर्ण, लिंग छुवाछूतजस्ता भेदभाव छैन । आज साँच्चैको समाजवादको अर्थ र परिभाषा यस खोयाबिर्केले ग्रहण गरेको छ ।

मात्रा, स्तर र प्रयोगमा फरक भए पनि ताप्लेजुङको तोक्मामा प्रयोग गरिने खोयाबिर्के र काठमाडौंका पाँचतारेको पार्टीमा चल्ने खोयाबिर्केको लक्ष्य र उद्देश्य अनि परिणाम उस्तै उस्तै हो । काठमाडौंमा कतिपय वनभोजहरूमा मित्रता र

सौहार्द बढाउन भेला भएकाहरू खोयाबिर्केकै कारण ग्याङफाइट भएर एकले अर्कोलाई नछाड्ने धम्की बोकेर अथवा घाइते भएर घर फर्किने गरेका उदाहरण प्रशस्तै भेटिन्छन् ।

होटलभित्र पनि यस्ता घटना हुन्छन् । राम्रोमा अति राम्रो काम गर्न र नराम्रोमा राक्षसी, पिशाची कर्म गर्नमा समेत उत्प्रेरित पार्ने शक्ति हुन्छ– खोयाबिर्केमा । हो यस्ता सबै कर्महरूमा खोयाबिर्केकै करामत रहन्छ ।

विश्वमा नै चलिआएको र नेपालजस्ता अविकसित मुलुकहरूमा चाहिँ विकासको मूल फुट्ने गरी स्थान ओग्टने गरेको खोयाबिर्केका बारेमा कुनै नराम्रो धारणा बोकेर चर्चा गर्न खोजेको चाहिँ पटक्कै होइन । आजको सभ्य, शिष्ट समाजमा खोयाबिर्केले पूरै अधिकार जमाइसकेको छ । खोयाबिर्केको प्रयोग नगर्ने र खोया नबन्ने व्यक्ति बरू असभ्य ठहर्न सक्छ आजको मंगलग्रहे युगमा पनि ।

एउटा निश्चित ठाउँमा घर, परिवारभित्र, अरूलाई कुनै असर नपार्ने गरी निश्चित समय र सीमाभित्र रहेर खोयाबिर्केको प्रयोग गर्नु निश्चय पनि राम्रो हुनसक्ला, तर खुकुरीलाई बोक्न र अर्कामाथि जाइलाग्न जोश दिने गरी, समाजभित्र रहेर समाजसँगै मिल्न नसक्ने हुने गरी प्रयोग गर्नुचाहिँ अवश्य पनि सभ्यताभित्र पर्दैन होला ।

आज समाजमा कस्तो छ भने जो परम्परागत रूपमा खोयाबिर्केको चलन धान्दै आएका छन्– उनीहरूमा सीमा र मर्यादा रहेको देखिन्छ तर नवकिराँतले भने बढी सीमा नाघ्ने गरेका उदाहरण छन् । खोयाबिर्केप्रति हार्दिक सद्भाव राख्दै केवल सीमा ननाघी यसरी प्रयोगको कुरो गर्नु राम्रो हो । खोयाबिर्केको प्रयोगलाई नराम्रो भनेको चाहिँ होइन ।

प्रयोग गर्नुपर्छ । समय, युगअनुसार, साथीभाइ, समाज, परम्परा धान्नु वा मान्नुपर्छ । यहाँ यति मात्र भन्न खोजेको हो– खोयाबिर्के प्रयोग गरे पनि खोया विशेषण पाउने गरी बाटो नाप्तै, सडकमा सुत्तै, घरपरिवार साथीभाइलाई थर्काउँदै पत्नी, छोराछोरी कुट्तै अर्थात् नकारात्मकतातिर लाग्ने गरी प्रयोग नगरियोस् भन्ने आशय हो ।

खोया त्यस्तो व्यक्तिलाई मात्र भनिँदोरहेछ– जो चौबीसै घण्टा मातेर हिँड्छ । तथानाम, जथाभावी गाली गर्दै बोल्दै हिँड्छ । सडकमा बाटो छेउमा लड्छ अथवा विनाकारण अरूमाथि जाइलाग्ने बनाउँछ । घर, परिवार, सम्पत्ति नै ध्वस्त पार्छ– त्यस्तालाई खोया भनिन्छ । हाम्रो समाजमा कतिपय उच्च बुद्धिजीवी,

पार्टीका कार्यकर्ता, लेखक, कविहरूमा समेत खोयाका लक्षणहरू पनि आएको देख्न पाइन्छ ।

सर्वसाधारण व्यक्ति खोया भएकोमा त्यति वास्ता हुँदैन । यस्तै हो, कराउँछ, हिँड्छ, सडक, गल्ली पनि बाटोहरूमा लड्छ स्वास्नी, छोराछोरी कुट्छ, रुवाबासी मच्चाउँछ । गाउँ समाजमा त्यस्तो व्यक्ति– एकप्रकार पचिसकेको हुन्छ । सबैले यस प्रवृत्तिलाई पचाउन आफूलाई अभ्यस्त बनाएका हुन्छन् ।

तर समाजमा, जनजीवनमा नेतृत्व गर्ने जिम्मेवारी पाएका, लिएका व्यक्तिहरू नै खोया बनिदिए भने समाजमा कस्तो प्रभाव पर्ला । राजनीतिक दलका कार्यकर्ता, अथवा आफूलाई समाजसेवी भन्न रुचाउनेमध्ये कतिपय खोयाबिर्केसँग चौबीसै घण्टा टाँसिएर खोया बन्नेहरू प्रसस्तै छन् ।

राजनीतिक कार्यकर्ताले यदि सही नेतृत्व दिने हो र समाजमा आदर्श निर्माण गर्ने हो भने खोयाबिर्केबाट टाढा रहन सक्नुपर्छ । पुराना, दुःःख पाएका, इमान्दार र पार्टीप्रति समर्पित कतिपय कार्यकर्ताले खोया विशेषण पाइसकेका कारण पार्टीबाट अलग हुनु परेका उदाहरण छन् ।

पार्टीका ठूलाबडा भए पनि यदि खोया भयो भने समाजले पचाउन सक्दैन । त्यसकारण प्रजातन्त्रको संरक्षण, सम्वर्धन गर्न सचेष्ट रहने पार्टीका नेतृत्व पंक्तिले आफ्ना कार्यकर्तालाई खोयाबिर्केबाट टाढा राख्न नसके पनि खोया बनिहाल्ने अवस्थाबाट चाहिँ जोगाउनै पर्छ । बौद्धिक वर्गभित्र पनि खोयाबिर्केको अत्यधिक प्रयोग नसुहाउँदो हुन जान्छ । सीमाभित्र रहेर प्रयोग गर्नु मात्रै उचित देखिन्छ ।

नेपालको एउटा मूल आयस्रोत र जनजीवनको जीविका साधनसमेत बन्न सफल 'खोयाबिर्के' नेपाली परम्परा र संस्कृतिको एउटा अंग पनि बनिसकेको छ । नेपालमा खोयाबिर्के सस्तो र सुलभ छ भन्ने कुरा विदेशमा समेत प्रचार भइसकेको छ ।

ठिकै छ– पार्टी, समारोह, आफ्नो रीति- परम्परा र प्रचलनलाई धान्न खोयाबिर्केलाई हाम्रो समाजले मान्यता दिएकै छ, दिनुपर्छ । मान्यता र सीमा बुझेर खोयाबिर्के प्रयोग गर्नु स्वाभाविक भए पनि व्यक्ति स्वयं खोया बन्नु अस्वाभाविक हुनेछ । राजनीतिक दल, समुदाय र समाजका प्रत्येक वर्गले यदि व्यक्ति विशेषलाई खोया विशेषण जोड्नलायक बन्नबाट जोगाइदिने हो भने नेपालको प्रजातान्त्रिक भविष्य उज्ज्वल हुनेछ र देशको उन्नति प्रगति पनि छिटै हुनेछ ।

ooo

# सम्झनाका विम्बहरू : एक विवेचनात्मक दृष्टि

✍ **प्रा. कपिल अज्ञात**

**भरतपुर-२, चितवन**

सम्झनाका विम्बहरू (२०७४) अनवरत साहित्य साधक विश्वप्रेम अधिकारीको नैबन्धिक कृति हो । यसमा देवकोटाको सम्झनादेखि के नेपाल गरिब देश नै हो त सम्म जम्मा १९ वटा लेखहरू सङ्गृहीत छन् । आफ्ना पूर्व प्रकाशित लेखहरू अधिकतर सम्झनाकै विम्बमा रहेकाले कृतिको शीर्षक पनि सम्झनाका विम्बहरू राखिएको छ । त्यसो त यसमा भाषासम्बन्धी, संस्कृतिसम्बन्धी, पत्रकारितासम्बन्धी, अन्तर्विषाद विषयक लेखहरू पनि समाविष्ट छन् । ती सबैमा पनि स्मृतिपरक अनुभूतिकै भूमिका नरहेको होइन । यसमा केही व्यक्तिपरक जस्तैः देवकोटाको सम्झना, मैले भेटेका र पढेका बी.पी., पण्डित दण्डपाणि शर्मालाई सम्झँदा, केदार शर्मा एक : आयाम अनेक, सांस्कृतिक विम्बका विधायक : महेश्वर शर्मा, केही संस्कृति विषयक जस्तै : स्याङ्जाका माझीहरू र तिनको संस्कृति, भाषा सबैका साझा हुन्, केही पत्रकारिता विषयक जस्तै : भाइलाई चिठी, पत्रकार लोकतान्त्रिक आन्दोलन र स्याङ्जा, केही यात्रा-संस्मरण विषयक जस्तै : म्याग्दी यात्राका सम्झनाहरू, मकवानपुर यात्राका अनुभूतिहरू, मातृभूमिलाई सम्झँदा, चक्रकमलाको स्वर्ण महोत्सवले सम्झाएका कुराहरू, त्यसैगरी केही राग-द्वेषजन्य विषादका कुरा, केही टिप्पणीपरक जस्तै : नन्दनवन कस्तो हुँदो हो, के नेपाल गरिब देश नै हो त ? जस्ता विविध विषयको संयोजन गरी कृतिको गुम्फन गरिएको छ ।

कतिले राजनीतिबाट आफ्नो अभियान खोज्छन्, कतिले व्यापारबाट आफ्नो समृद्धि खोज्छन्, कतिले पत्रकारिताबाट आफ्नो पहिचान खोज्छन् त्यस्तै अधिकारीले साहित्यबाट आफ्नो स्वाभिमान खोजिरहेका छन् । समाज र राष्ट्रको उन्नति, प्रगति र समृद्धि खोजिरहेका छन् । मानवताप्रतिको सद्भाव, आस्था र समर्पण खोजिरहेका छन् । प्रजातान्त्रिक समाजवादप्रति गहिरो चिन्तन र आस्था राख्ने भए पनि खालमा जमेको जुवाडे झैं उनी कुनै दाउको प्रतीक्षा गर्दैनन् र खालसम्म पुग्न कुनै शक्ति सङ्घर्षको बाटोमा पनि एकोहोरिँदैनन् । भाषा, साहित्य र संस्कृतिका त्रिवेणीको विकासमै सभ्य र सुसंस्कृत समाजको परिकल्पना गर्दै सेवा र श्रमलाई निरन्तरता दिइरहेका देखिन्छन् । भाषा, साहित्य र संस्कृति तिनैमा उनको गम्भीर रुचि, दृष्टि, अनुभव र खोजको पनि उत्तिकै

गहनता देखिन्छ । जिज्ञासु स्वभाव, मिहिनेतीपन, समीक्षात्मक चेत, विवेकवान् दृष्टि, गम्भीर सोंच, विषयवस्तुप्रतिको उपयोगिता र महत्त्व आदि गुण र प्रवृत्ति कृतिभित्र प्रतिविम्बित छन् तथा यी सबै विशेष गुणले निर्मित व्यक्तित्वको झलक पनि कृतिबाट पाउन सकिन्छ । गद्य धारा र पद्य धारा दुबैमा समान रूपमा कलम चलाउने अधिकारीको यो कृति गद्यफाँटको उत्कृष्ट कृति हो भन्न सकिन्छ । सर्सरी पढ्दा सबै सामान्य जस्तै लाग्छन् तर गहिरिएर मनन गर्दा तिनका विशेषताले निकै तान्दछन् । लेखहरू आकारले अतिशय लामा पनि छैनन् । न गाढा चिन्तन, गम्भीर खोज, दीर्घश्रम र सघन उहापोहले भरिएका छन् । उत्साहपूर्वक प्रवेश गऱ्यो समापनमा मिठो सन्तुष्टि मिल्दछ । छोटाछरिता वाक्य-योजना, बोलचालको सरल भाषा, कथ्यकेन्द्री प्रतिपादन, प्रौढ र परिपक्व अभिव्यक्ति, सन्तुलित धारणा एवं शिष्ट संयमित शैली आदि विविध विशेषताले सारमा कृति गुणगरिमाले व्याप्त देखिन्छ र स्रष्टाको व्यक्तित्व आँकलनमा महत्त्वपूर्ण आधार बनेको पाइन्छ ।

देवकोटाका विषयमा स्वयम् पङ्क्तिकारले दर्जनौं लेखहरू लेखिसकेको र तत्सम्बन्धी देवकोटा आयाम र प्रवृत्ति (२०६५) कृति समेत प्रकाशित भैसकेको छ । त्यस्तै बी.पी. विषयमा अध्यापनका क्रममा आधा दर्जनभन्दा बढी लेखहरू लेखिएका छन् । विषयबोधका कारणले व्यक्तित्वको आँकलन कसरी गरेका छन्, सो हर्न, बुझ्न र दाँजेर विशेषता पर्गेल्न सहज भएको छ । यस दृष्टिले सम्बन्धित विषयको चुरो पहिल्याएर स्पष्ट्याएका छन् भन्ने स्वाभाविक जिज्ञासालाई लेखक अधिकारीले कुशलतापूर्वक निर्वहण गरेका छन् । यो देख्दा लेखकीय क्षमताप्रति सम्मानको भाव स्वतः जागृत हुन्छ । व्यक्तित्वको चर्चा गर्ने क्रममा एक महान् लेखकका सिर्जनात्मक आयाम र प्राप्ति धेरै हुन्छन् । सीमित समय र शब्दमा परिचय कसरी दिने भन्ने समस्या सबै लेखकमा रहन्छ । सकेसम्म व्यक्तित्वको चुली नभुलीकन देखाउन र बुझाउन सकियोस् भन्ने चाहना र चेष्टा लेखकमा हुन्छ । यस दृष्टिले जौहरीले रत्न हेर्ने बित्तिकै त्यसको विशेषता र महत्त्वबोध गरेझैं अधिकारीमा त्यो पारखीय चेतना प्रबल रहेको स्पष्ट बोध गर्न सकिन्छ । देवकोटाको विषयमा उनको गुण, प्रवृत्ति र स्वभावलाई विषय बनाएर कैयौंले लेखहरू लेखेका छन् । ती सबैको भाषाशैली भिन्न भए पनि अधिकांश व्यक्तिका लेखहरूमा एकै तथ्यको पुनरावृत्ति भएको पाइन्छ तर यहाँ अधिकारीले देवकोटालाई प्रदान गरिएको उपाधिका विषयमा मौलिक शोधखोज र अध्ययनद्वारा तथ्यको पुष्टि गर्दै कार्यकारणको विवेकसम्मत शृङ्खला बनाई प्रस्तुत गरेका छन् । आफैले पन्त-प्रसाद-निरालाका कृति खोजी तिनका प्रवृत्तिगत विशेषतासँग देवकोटाका सिर्जनात्मक विशेषतालाई दाँजेर हेर्नु सामान्य कुरा होइन । त्यस्तै मैले भेटेका र पढेका बी.पी.मा २०३६ सालतिर स्याङ्जाको

राङ्खोलामा भएको बृहद् आमसभामा स्वयम् पङ्क्तिकार पनि सक्रिय रूपमा संलग्न थियो । त्यहाँ बी.पी.को आगमन हुनुभन्दा अघि प्रतीक्षाका घडीमा प्रजातन्त्रका पक्षमा व्यङ्ग्यमूलक कविता वाचन गर्नेसमेत अवसर पाएको थियो । हजारौं तालीको गड्गडाहटले प्रेरणा र प्रोत्साहन मिलेको थियो । पञ्चायती मण्डलेहरूले पल्टाएका ढुङ्गामुढा र प्रहरी प्रशासनले चलाएका गोलीकाण्डमा पङ्क्तिकार पनि झण्डै-झण्डै सिद्धिनबाट जोगिएको थियो । हुइँकिएर गएका गोलीका हावाको स्पर्श सम्झदा अहिले पनि आङ सिरिङ्ग हुन्छ । अहिले सामाजिक विकृति-विसङ्गतिका अनेकौं दुर्गन्ध बेहोर्नु परे पनि मर्नुभन्दा बाँच्नुमै भलाइ देख्दछु । मानवतामाथि क्रूर प्रहार भएको त्यो बेला घटनालाई सजीव रूपले चित्रण गरेको पाउँदा लेखकीय कुशलताको स्पष्ट उद्बोध हुन्छ । लेखक अधिकारीका "आतङ्कवादको कुनै भूगोल हुँदैन, सीमा हुँदैन ध्वंशात्मक परिदृश्य आतङ्कवादको सफलता हो" भन्ने जस्ता सारयुक्त सूत्रात्मक कथनले समेत सिँगारेर कथ्यलाई बढी प्रभावोत्पादक तुल्याएका छन् साथै त्यसबाट लेखकीय राजनैतिक चेतनाको पनि ज्ञान हुन्छ । समाजमा सुधारको सन्देश दिने दण्डपाणि शर्माको हलोक्रान्ति र विधवा जागरण, केदार शर्मा ढकालको शैक्षिक र सांस्कृतिक चेतना, महेश्वर शर्माको संचेतना र प्रेरणा जस्ता विषयलाई व्यक्तित्व प्रकाशका क्रममा लेखकले महत्त्वपूर्ण स्मृतिविम्बका रूपमा संयोजन गरेका छन् । त्यस्तै वियोगको पीडाबाट भातृप्रेम र बालप्रेमको सन्देश दिएका छन् । छन्द बचाऊ अभियान र कवि माधव वियोगी लेखबाट छन्दको महत्त्व र विशेषताको बोध गराउँदै कविता छन्दमा होइन कवित्वमै निहित हुने तथ्य दर्शाएका छन् । पहाडका मुसलमान र तिनको भाषामा पहाडी मुसलमानले बोल्ने भाषा-भाषा हो कि भाषिका हो ? खोज गर्नुपर्ने विषय दर्शाएका छन् । पङ्क्तिकारका दृष्टिमा त्यो पहाडी मुसलमानको बेग्लै भाषा नभएर भाषिका हो । स्याङ्जाका माझीहरू र तिनको संस्कृति विषयमा माझीहरू पछि पर्नुको कारण अशिक्षा हो भन्दै माझी संस्कृतिसँग पाठकलाई राम्ररी परिचित गराएका छन् । यसै गरी म्याग्दी यात्राका सम्झनाहरूमा आँधीखोला र म्याग्दी खोलाको काखमा पर्ने अनेक सुन्दर प्राकृतिक छटाको चित्रण गरेका छन् ।

मकवानपुर यात्राका अनुभूतिहरूमा लेखक अधिकारी नातिनीलाई गन्यूचोली दिने सांस्कारिक कार्यमा सहभागी हुन मकवानपुर जाँदा उनले त्यहाँको ऐतिहासिक, सामाजिक, साहित्यिक र प्राकृतिक पक्षका विविध अनुभूतिहरूलाई समेटेर प्रस्तुत गरेका छन् । पत्रकार लोकतान्त्रिक आन्दोलन र स्याङ्जा लेखमा लोकतान्त्रिक आन्दोलन जस्तो महत्त्वपूर्ण ऐतिहासिक गतिविधिमा सुन्दर राजनैतिक पृष्ठभूमि एवं बौद्धिक चेतनाले सम्पन्न भएको स्याङ्जाका पत्रकार र स्थानीयवासी इमान्दारपूर्वक आन्दोलनमा लाग्न नसकेको तथ्य चित्रण छ । मातृभूमिलाई

सम्झँदामा पिँढीबाट पौवा, पौवाबाट टहरा तथा टहराबाट पक्की भवनमा विकसित भएको तत्कालीन शैक्षिक परिवेशको उल्लेख गर्दै बाल्यकालीन स्मृतिहरूको सजीव चित्रण गरेका छन् । चक्रकमलाको स्वर्ण महोत्सवले जन्माएका कुराहरूमा लेखकको शिक्षाप्रतिको लगाव र शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण आर्थिक योगदान पुऱ्याएको देखिन्छ । तत्कालीन स्थानीयवासीमध्ये कसैले शैक्षिक स्थल निर्माणार्थ कौडी निकाल्न नसकेको परिप्रेक्ष्यमा लेखक आफैले खोजेर उपलब्ध गराएका जग्गाको आधा मूल्यको भार अरू कसैले सहयोग नगरी लेखक आफैले वहन गर्नु सामान्य कुरा होइन । भाइलाई चिठीमा पत्र लेखनको परम्परा र महत्त्वको उल्लेख एवं संस्कृति र जीवनशैलीको महत्त्व दर्साई साहित्यिक मूल्यका चिठीले चेतना जागृत गर्ने तथ्य अभिव्यक्त गरिएको तथा आदर्शको अनुपालन गर्दै आफ्नो जीवनको गन्तव्य वा बाटो आफैले पहिल्याउनु पर्ने कुरामा जोड दिएका छन् । वनवासी गोप्य कुरा र आगबबूला वैयक्तिक घोचेपेच र पीडाबोधमा आधारित छ । शिष्ट र संयमित शैलीमा विषयको प्रतिपादन गर्दै भूल हरकोहीबाट हुनसक्छ, मानवीय कमजोरी जोसँग पनि हुन सक्छन् तर छिद्रान्वेषण, परनिन्दा, लाञ्छना, कटाक्ष जस्ता दुष्प्रवृत्ति जानीबुझी गर्नु राम्रो होइन बरू तिनबाट बची आफ्ना प्रवृत्तिप्रति आफै आत्मालोचना र पुनर्विचार गरेर चल्नुपर्ने धारणा व्यक्त गरेका छन् । भाषा सबैका साझा हुन् मा भाषासंस्कृतिको महत्त्वलाई दर्शाउँदै सांस्कृतिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकतामा खलल पार्ने तथा जातीय सङ्कीर्णताको आधारमा राजनीति गर्न खोज्नेहरूप्रति सजग हुनुपर्ने धारणा व्यक्त गरिएको छ । नन्दन वन कस्तो हुँदो हो भन्ने उत्सुकताजन्य यस निबन्धमा पौराणिक सन्दर्भमा उल्लेख गर्दै स्याङ्जाको पन्चासेमा पर्ने खर्सूको वनलाई यथार्थमा नन्दन वनको संज्ञा दिई जहाँ सुख, स्वाद वा आनन्दका वस्तु पाइन्छन् त्यही नन्दन वन हो भन्ने भौतिक टिप्पणी पनि गरिएको छ । के नेपाल गरिब देश नै हो त भन्ने अर्को टिप्पणीमूलक निबन्धमा नेपाल विविध स्रोत-सम्पदाले धनी भए पनि व्यवस्थापन पक्ष कमजोर हुनाले दुर्दशा बेहोर्नु परेको तथ्य उद्घाटन गरिएको छ । विषयसूचीको प्रथम क्रममा रहेको व्यक्तित्व विषय निबन्धहरू उच्च स्तरका देखिन्छन् । त्यसपछि संस्कृति विषयक र यात्रा-संस्मरण विषयक निबन्धहरू रहेका छन् । शीर्षक संयोजक र विषयक विविधताले कृतिको गुणवत्ता उच्च स्तरको छ किन्तु परिपाकयुक्त निबन्धका हारमा टिप्पणीपरक निबन्धहरूको समावेश नगरेको भए वेश हुन्थ्यो कि जस्तो लाग्छ । कृतिको आयाम नपुगेर पनि त्यो गरिएको हुन सक्छ । जे होस्, अधिकारीको व्यक्तित्वका साथै नैबन्धिक गुण र प्रवृत्ति चिनाउन निबन्धहरू यथेष्ट छन् ।

ooo

# हजुर, हजुर, सञ्चै छ ।

✍ **डा. बाबुराम झवाली**
**प्राध्यापक : बुटवल बहुमुखी क्याम्पस, रूपन्देही**

घुँडा करकरी खान्छन्
भरयाङ् उक्लिंदा
स्याँ-स्याँ हुन्छ
दाँतले सक्दैनन्
रोटी दूधमा भिजाएर टोक्न थालेको छु ।
'उनीहरू' त आउँदैनन्
फोनमा भने सोधिरहन्छन्-
हजुरलाई कस्तो छ ?
ढुक्कै भनिदिन्छु-
बेसै छ, राम्रै छ ।
देख्न त देख्छु क्यार,
तर उतिसारो देख्दिनँ
लेख्न त लेख्छु क्यार,
तर उतिसारो लेख्दिनँ
आँखामा बादल लाए जस्तो हुन्छ ।
पत्रिका पढ्न त पढ्छु
तर पढेको भुसुक्कै बिर्सन्छु ।
डाक्टरबाहेक अरू कसैसंग
बेथा पोखेको छैन
इष्टमित्रले जब सोध्छन्- के छ?
सजिलैसंग भनिदिन्छु-
बेसै छ, आरामै छ ।
कहिलेकाहीं दुई थरी मोजा
गोडामा भइदिन्छन् ।
कन्याउँदा शरीरमा घाउ भएपछि
थाहा हुन्छ, नङ् बढेछन् ।
कहिलेकाहीं त कानले सुन्दिनँ
बीस कि तीस ?
त्यसैले कुनैकुनै काम
सोर सोरैमा गरिदिन्छु

कसैले जब सोध्छन्- कस्तो छ हजुर?
हाँसेर जवाफ फर्काउँछु-
बेसै छ, बेसै छ ।
लामो बाटो काटें, जिन्दगीको
तर कुन्नी के पर्खेको छ शरीरले ।
कति पाएँ, कति गुमाएँ
अझै पनि बाँकी छ तिर्खा
तर, अब आफूले केही गर्न सक्दिनँ
कुलकुटुम्बको नाममा फुर्ती लाउँछु ।
उहिलेका कुरा मनमा खेलिरहन्छन्
अब याद थामिएका छन् ।
शरीर दुख्छ, मन खाइन्छ
तैपनि यो बुढो दिलले
भनेको मान्दैन ।
धडकिरहन्छ उसै गरी
अनि यी चञ्चले आँखा
उस्तै टाठा छन् ।
त्यसैले सबैलाई हाँसेर भन्छु
हजुर, हजुर, सन्चै छ ।
हजुर, हजुर, बेसै छ ।

ooo


**किरण पुस्तकालय**
**प्रकाशन मालाको सोह्रौं पुष्प**
**श्री दीन पन्थीद्वारा लिखित**




**'हुटिट्याउँको मन'**

**प्रकाशनमा आइसकेको छ । भाषामा सरल, सरस, सुमधुर र भावमा महान् अति संक्षिप्त ३० वटा निबन्धहरूको सङ्गालो हुटिट्याउँको मन एकपटक पढ्न नबिर्सनुहोस् ।**

# भाषा शिक्षणमा प्रकार्यपरकता

✍ **शिवशरण ज्ञवाली**
**उपप्राध्यापक**
**धवलागिरि बहुमुखी क्याम्पस, बाग्लुङ**

## लेखसार

भाषा शिक्षणका अनेकन् अवधारणाहरू विकास भएका छन् । त्यसमध्ये एक अवधारणा प्रकार्यपरकता हो । भाषा सामाजिक वस्तु हो र यसले सामाजिक कार्य सम्पादन गर्दछ । तसर्थ यसले भाषाको शिक्षण गर्दा भाषाले गर्ने त्यही सामाजिक कार्यलाई आधार मान्नुपर्छ भन्ने मान्यता राख्दछ । भाषाशिक्षणमा आगमन विधिको प्रयोग गर्नु यसको सबल पक्ष हो । संवाद, वादविवाद, अनुरोध, छलफल आदि क्रियाकलापमा आधारित रहेर भाषा सिकाउने यसले उद्देश्य राख्दछ । तसर्थ भाषाशिक्षणले यसबाट विधि, वस्तु, मान्यता, क्रियाकलाप आदि लिएको छ । भाषाको पूर्ण ज्ञान दिनुभन्दा पनि कामचलाउ सिकाइमा जोड दिनु यसको सीमा हो । यो आलेख यही कुरामा केन्द्रित छ ।

**मुख्य शब्दहरू : भाषिक अर्थकोटि, कोड, प्रकार्य, स्थितिको प्रसङ्ग ।**

## अध्ययनको समस्या

यो अध्ययन पत्र भाषाको प्रकार्यपरकता र भाषाशिक्षणको सम्बन्धमा आधारित छ । त्यसकारण यो अध्ययनपत्र निम्न समस्यामा आधारित छ :

(क) प्रकार्यपरकता भन्नाले के बुझिन्छ ?
(ख) प्रकार्यपरक र भाषाशिक्षणबीचमा के कस्तो सम्बन्ध रहेको छ ?

## अध्ययनको उद्देश्य

यो अध्ययनपत्र भाषाको प्रकार्यपरकता र भाषाशिक्षणसँग सम्बन्धित छ । त्यसकारण यो अध्ययनपत्रले निम्न उद्देश्य राखेको छ :

(क) भाषाको प्रकार्यपरक अवधारणा प्रष्ट पार्नु ।
(ख) प्रकार्यपरक र भाषाशिक्षणका बीचको सम्बन्ध पर्गेल्नु ।

## अध्ययनको विधि

आलेख तयार गर्दा पुस्तकालय कार्यका माध्यमबाट सामग्री सङ्कलन गरी त्यस्ता सामग्रीहरूलाई विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## १. पृष्ठभूमि

भाषा सामाजिक वस्तु हो । यसको प्रयोग मानव समाजमा हुन्छ । समाजको निर्माण केही निश्चित मान्यताका आधारमा भएको हुन्छ । त्यस्ता मान्यताहरूमा धर्म, संस्कृति, जातजाति, राजनीति, दर्शन, वंश, भाषा आदि रहेका छन् । तसर्थ भाषा समाजलाई एउटै सूत्रमा बाँध्ने एउटा आधार हो । नेपालकै राजनीतिक इतिहासमा हेर्ने हो पञ्चायतकालमा **'हाम्रो भाषा हाम्रो भेष प्राण भन्दा प्यारो छ'** भन्ने नारा लगाइन्थ्यो । यसले देश वा समाजको निर्माणमा भाषाको महत्त्व पुष्टि गर्दछ । समाज र भाषाको सम्बन्धका आधारमा भाषिक समाजको निर्माण हुन्छ । एउटै भाषा बोल्ने मानिसहरूको झुण्ड नै भाषिक समाज हो । सिक्किम वा दार्जिलिङ नेपाली भाषिक समाजका यस्तै उदाहरण हुन् ।

मानिसले भाषा समाजबाटै सिकेको हुन्छ । जन्मजात रूपमा कसैले पनि भाषा लिएर आएको हुँदैन । भाषाविद्हरू कसैले अनुभवबाट, कसैले व्यवाहरबाट अनि कसैले जन्मजात रूपमा लिएर आएको क्षमताको आधारमा मानिसले भाषा सिक्छ भन्ने मान्यता राख्दछन् । तर भाषा सिकाइका आधारहरू फरक फरक छन् । त्यस्ता आधारहरूका विषयमा मतैक्यता पाइँदैन । भाषा सिकाइका विभिन्न मतहरू छन् । त्यस्ता मतहरूमा अनुभववादी, व्यवाहरवादी, मनोवादी, प्रकार्यपरक, सम्प्रेषणपरक आदिआदि रहेका छन् ।

## २. विषयपरिचय

भाषा सिकाइका विभिन्न मान्यताहरू छन् । अनुभववादी, व्यवाहरवादी, संरचनावादी, मनोवादी, सम्प्रेषणात्मक, प्रकार्यपरक आदि । अनुभववादी तथा व्यवहारवादीहरू भाषा अनुभव वा व्यवहारका आधारमा सिकिन्छ भन्ने मान्यता राख्दछन् । उनीहरूले मुसा, परेवा आदिमा गरेका प्रयोगका आधारमा सिकाइलाई उत्तेजना प्रतिक्रिया माने । संरचनावादी ब्लुमफिल्डबाट भाषाको वर्णनात्मक अध्ययनको सुरुवात भयो । उनले समाजमा भाषाको उपयोग कसरी गरिन्छ भनी व्याख्या गर्दा व्यवहारवादीहरूको उत्तेजना प्रतिक्रियाको सहयोग लिएका छन् । ब्लुमफिल्डलगायतका संरचनावादीहरू पनि भाषालाई व्यावहर र बानीका रूपमा मान्दछन् र व्यावहारिक सिद्धान्तअनुसार भाषाको परिभाषा गर्दछन् (बन्धु, २०५७: पृ. ६३) । तसर्थ संरचनावादीहरू पनि भाषालाई अनुभव र व्यवहारका कसीमा हेर्दछन् । त्यसपछि मनोवादीहरू आए । उनीहरूले व्यवहारवादी र संरचनावादीहरूको मतको खण्डन गर्दै भाषा सिकाइलाई मानव मस्तिष्कसँग जोडे । उनीहरूले बालकले भाषा सिक्ने क्षमता जन्मजात रूपमा लिएर आएको हुन्छ भन्ने मान्यता स्थापित गरे । चमस्की मनोवादका प्रणेता हुन् । उनले भाषिक सार्वभौमिकताको वकालत गर्दै व्यक्तिले जन्मजात रूपमा भाषा सिक्ने क्षमता लिएर आएको हुन्छ भन्ने मत स्थापित गरे । भाषा सिकाइका यी

मतहरूका विरूद्धमा प्रकार्यवादी अवधारणाको विकास भयो । प्रकार्यपरक मान्यताले व्यवाहरवादी, संरचनावादी र मनोवादको खण्डन गर्दै आफ्नो स्थापना गऱ्यो । यसलाई सम्प्रेषपरक भाषा सिकाइको आधार वा पूर्वरूप मानिन्छ । प्रकार्यवादले भाषाको सिकाइ समय परिस्थितिअनुसार भाषाले गर्ने कार्य आधारमा गर्नुपर्छ भन्ने मान्दछ । यो आलेखमा प्रकार्यपरक अवधारणा र भाषाशिक्षण बीचको सम्बन्ध पर्गेल्ने कोसिस गरिएको छ ।

## ३. प्रकार्यपरक अवधारणाको विकास

भाषाको प्रकार्यपरक अवधारणाको विकास सन् १९६० को दशकमा बेलायतबाट सुरू भयो । विदेशी भाषाका रूपमा अंग्रेजी सिकाउँदा भाषिक संरचनाका आधारमा त्यसले खास उपलब्धि दिन नसक्ने मत राख्दै भाषाको सन्दर्भपरक तरिकाले शिक्षण गर्नुपर्ने मान्यता अगाडि आयो । यस्तो मान्यता राख्नेहरूले संरचनात्मक किसिमले भाषा शिक्षण गर्ने कार्यलाई अर्थहीन र सन्दर्भहीन माने । साथै अमेरिकी भाषाविद् नोम चमस्कीले आफ्ना मान्यता स्थापनाका क्रममा व्यवाहरवाद र संरचनावादका बारेमा गरेको व्याख्याबाट बेलायती भाषावैज्ञानिकहरू प्रभावित भए र उनीहरूले भाषाको प्रकार्यपरक प्रभावहरूको खोजी गर्न थाले (शर्मा र पौडेल, २०७३: पृ. ७४) । तर यिनीहरूले चमस्कीको भाषिक सार्वभौमिकताको मतमा पनि भिन्नता राखे । यो मान्यता राख्नेहरूमा क्रिस्टोफर क्यान्ड्लिन, हेनरी विडोसन, जोन फर्थ, एम. के ह्यालिडे, डेल हाइम्स, जोन गम्पर्च, विलियम लेबोब, जोन अस्टिन, जोन सर्ल आदि छन् । यिनीहरूले भाषाको संरचनात्मक भन्दा पनि सम्प्रेषणात्मक तथा प्रकार्यात्मक क्षमता अभिवृद्धि भाषा शिक्षणबाट हुनुपर्छ भन्ने मान्यता राखे ।

जे आर फर्थको स्थितिको प्रसङ्ग सिद्धान्त छ । उनको यो सिद्धान्तले भाषालाई सामाजिक वस्तु मान्दै भाषाको अर्थ सामाजिक प्रसङ्गबाट मात्रै लाग्दछ भन्ने मान्दछ । उनले भाषाका तीन तह मानेका छन्, भौतिक अथवा वस्तुगत, रचनात्मक अथवा रूपगत, परिवेशात्मक अथवा सन्दर्भगत (बन्धु, २०५७: पृ.१२०)। यो मध्ये सन्दर्भगत तहले भाषाको प्रसङ्गलाई बुझाउँछ । यही मान्यताकै आधारमा नै भाषाको सामाजिक प्रकार्यको खोजी भएको मानिन्छ ।

फर्थको कार्यलाई अगाडि बढाउने कार्य एम.के ह्यालिडेले गरे । उनले आफ्नो पुस्तक 'लर्निङ् हाउ टु मिन एक्सपोलेरेसन इन दि डेभलपमेन्ट अफ ल्याङ्ग्वेज' नामक पुस्तकमा 'बालकले मातृभाषा सिक्दा कुनै कुरा प्राप्त गर्न, अरूको व्यवहार नियन्त्रण गर्न, अरूसँग अन्तर्क्रिया गर्न, आफ्नो वैयक्तिक भावना व्यक्त गर्न, आविष्कार र शिक्षा ग्रहण गर्न, कल्पना विकास गर्न र सूचना तथा सञ्चार गर्नका लागि भाषा प्रयोग गर्छ' भनेर भाषाको प्रकार्यको चर्चा गरेका छन् (शर्मा र

पौडेल, २०७३ः पृ. ७९)। तसर्थ ह्यालिडेले भाषाको प्रकार्यपरकताको विकासमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ ।

फर्थ र ह्यालिडेका यिनै मान्यताका आधारमा सन् १९७२ मा बेलायती भाषावैज्ञानिक डी.ए. विल्किन्सले भाषाको प्रकार्यपरक र सम्प्रेषणपरक कार्यको सविस्तार गरेर भाषाको प्रकार्यमूलक अवधारणाको विकास गरे । उनले 'भाषा सिकारुहरूको आवश्यकता, समझदारी र व्याख्यासम्बन्धी सम्प्रेषणमूलक अभिव्यक्तिको विवेचना गरेर परम्परागत रूपमा प्रचलित व्याकरण र शब्दभण्डार शिक्षणसम्बन्धी धारणाको विरोधमा सम्प्रेषणमूलक भाषा प्रयोग र त्यसको शिक्षणीय महत्त्वको व्याख्या गर्दै' नयाँ पद्धतिको रूपमा प्रकार्यमूलक पद्धतिको स्थापना गरेका हुन् । यो सिद्धान्तको स्थापना गर्न उनलाई विडोसन, क्रिष्टोफर क्यान्डिलिन, क्रिष्टोफर बुमपिट आदिले सहयोग गरेका थिए ।

यसरी बेलायतमा प्रकार्यपरक अवधारणाको विकास भएको देखिन्छ । यो विकासमा फर्थको सिद्धान्त पृष्ठभूमिका रूपमा रहेको देखिन्छ । यसक्रममा प्रकार्यपरकताले अनुभववाद तथा व्यवाहरवाद, संरचनावाद, भाषिक सार्वभौमिकता जस्ता मान्यताहरूको खण्डन गरेर आफूलाई स्थापित गरेको देखिन्छ ।

## ४. प्रकार्यपरकता

'कार्य' शब्द 'प्र' उपसर्ग लागेर 'प्रकार्य' शब्द बनेको हो । यसको अर्थ कार्य भन्ने लाग्छ । त्यसकारण भाषिक प्रकार्य भन्नाले भाषाले गर्ने कार्य भन्ने बुझ्नुपर्दछ । विल्किन्सले क) भाषिक अर्थकोटि, ख) भाषिक प्रकार्यका बारेमा चर्चा गरेका छन् । अर्थकोटि भन्नाले आवृति, अवधि, स्थान, परिणाम आदिलाई बुझिन्छ भने प्रकार्य भन्नाले अनुरोध, सूचना, अनुमोदन, स्वागत, निमन्त्रणा आदिलाई बुझिन्छ । कुनै पनि कुराको सम्प्रेषणका लागि भाषिक अर्थकोटि र भाषिक प्रकार्यको आवश्यकता पर्दछ । भाषिक प्रकार्य पनि भाषिक अर्थकोटिकै आधारमा निर्धारित हुन्छ । यसको अर्थ भाषाले फरकफरक सन्दर्भ वा प्रसङ्गमा फरकफरक किसिमको कार्य गर्दछ भन्ने हो ।

अनुरोध, निवेदन, आदेश, प्रवचन, सभा, भाषण, समर्थन, स्वागत, निषेध आदि कार्यका लागि फरकफरक भाषिक 'कोड'को प्रयोग गरिन्छ । उच्च र निम्न कोडका आधारमा भाषिक प्रकार्य फरकफरक हुन्छन् (बन्धु, २०७४ः पृ.२५८) । यसको अर्थ फरक फरक भाषिक प्रकार्यका लागि फरकफरक भाषाको प्रयोग गरिन्छ । अर्थात् भाषण गर्दा प्रयोग गरिने भाषा र कसैलाई गाली गर्दा प्रयोग गरिने भाषा फरकफरक हुन्छ । यसलाई भाषाको प्रयोजनपरकता वा भाषिक शैलीभेदका रूपमा लिन सकिन्छ । शर्मा र पौडेल (२०७३ः पृ.७४)ले भाषामा व्यक्त हुने धारणा र ती धारणा व्यक्त गर्नका लागि अपनाइने सम्प्रेषणमूलक

अभिव्यक्तिलाई प्रकार्यका रूपमा चिनाएका छन् । धारणा भनेको विचार हो । त्यो विचारको अभिव्यक्ति भाषाका माध्यमबाट गरिन्छ । फरकफरक सन्दर्भ वा परिवेशमा कुनै पनि धारणा व्यक्त गर्ने काम भाषाका माध्यमबाट गर्न सकिन्छ । यही नै प्रकार्य हो । प्रकार्य सम्पन्न हुनका लागि निम्न कुरा आवश्यक हुन्छन् :

१. प्रसङ्ग वा सन्दर्भ ।
२. प्रसङ्ग वा सन्दर्भ अनुसारको भाषिक कोड ।
३. प्रसङ्ग अनुसारको कार्यसम्पादन ।

यसको अर्थ भाषाले निश्चित प्रसङ्ग निश्चित भाषिक सङ्केतमार्फत कार्य सम्पादन गर्दछ । यही नै भाषिक प्रकार्य हो ।

## ५. प्रकार्यपरक अवधारणा र भाषाशिक्षणको सम्बन्ध

प्रकार्यपरकताले निश्चित परिवेश वा प्रसङ्गमा आएर भाषिक कार्य सम्पन्न गर्दछ भन्ने मान्यता राख्दछ । तसर्थ भाषाशिक्षण सामाजिक प्रकार्यका सन्दर्भमा गर्नुपर्छ भन्ने यसको मान्यता रहेको छ । यहाँ प्रकार्यपरकता र भाषा शिक्षण बीचको सम्बन्धलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. प्रकार्यपरकताका अनुसार कुनै पनि सामाजिक कार्यहरू भाषाका माध्यमबाट सम्पन्न हुन्छन् । तसर्थ भाषाशिक्षण पनि सामाजिक कार्यमा आधारित बनाएर गर्नुपर्छ । दुबैको ध्येय सामाजिक प्रकार्यसँग रहेको छ ।
२. दोस्रो वा विदेशी भाषाको सिकाइमा प्रकार्यपरकता उपयोगी हुनसक्छ किनकि विदेशी भाषा आफूलाई आवश्यकता पर्ने कार्यहरूका लागि नै सिकिन्छ ।
३. भाषाशिक्षणको क्षेत्र समाजभाषा हो भने प्रकार्यपरकताले भाषालाई सामाजिक परिवेशमै अध्ययन गर्दछ ।
४. प्रकार्यपरकताले आगमन विधिलाई अपनाउँछ, भाषाशिक्षण पनि यो विधिबाट गर्दा बढी प्रभावकारी हुन्छ ।
५. प्रकार्यपरकताले सिकारुका आवश्यकता र रुचिको पहिचान गरेर सिकाउनुपर्छ भन्ने मान्यता राख्छ, भाषाशिक्षण पनि सिकारुका आवश्यकता र रुचिअनुरूप गराए मात्रै प्रभावकारी हुन्छ ।
६. प्रकार्यपरताले भाषाको शैलीभेद तथा विभिन्नतामा जोड दिन्छ भने भाषाशिक्षणमा पनि भााषाको प्रयोजनपरक भेदको अध्ययन हुन्छ ।
७. प्रकार्यपरकताले सामाजिक व्यवहारका रूपमा भाषालाई हेर्दछ भने भाषाशिक्षणले पनि निश्चित भाषिक व्यवहार सिकाउने काम गर्दछ ।

८. प्रकार्यपरकताको ध्येय भाषाका सिप सिकाउनु हो भने भाषा शिक्षण भनेको भाषिक सिप सिकाउने कार्य नै हो ।

यसरी हेर्दा प्रकार्यपरकता र भाषाशिक्षणबीचको सम्बन्ध प्रष्ट हुन्छ । यो अवधारणाबाट भाषा शिक्षण गराउँदा सामाजिक प्रकार्यलाई आधार मान्नुपर्ने हुँदा कुराकानी, छलफल, भाषण, वादविवाद, संवाद, वक्तृत्वकला जस्ता क्रियाकलापहरू सिकारुलाई गराउनुपर्छ । यसले भाषाको लेखाइ र पढाइमा भन्दा पनि सुनाइ र बोलाइमा बढी जोड दिन्छ र सोहीअनुसारको भाषिक क्रियाकलापहरू गराउनुपर्ने हुन्छ ।

## ६. प्रकार्यपरकताको भाषाशिक्षणमा प्रयोग

प्रकार्यपरकता भाषा शिक्षणको एक नवीन पद्धति हो । यसले भाषाको शिक्षण प्रकार्यकै आधारमा गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । तसर्थ प्रकार्यपरकतालाई भाषाशिक्षणमा निम्न तरिकाले प्रयोग गर्न सकिन्छ :

(क) भाषाशिक्षण सम्प्रेषणमूलक किसिमले गर्नुपर्दछ ।

(ख) भाषाशिक्षण सामाजिक सन्दर्भ वा प्रसङ्गलाई आधार मानेर गर्नुपर्दछ ।

(ग) भाषाशिक्षण गर्दा निवेदन, अुनरोध, संवाद, छलफल, वक्तृत्ता जस्ता कार्यकलाप गराउनुपर्दछ ।

(घ) अंग्रेजीलगायतका दोस्रो भाषा सिकाउँदा अनुरोध, छलफल, निवेदन, संवाद आदि तरिकाले सिकाउनुपर्दछ ।

(घ१) विद्यार्थीका आवश्यकतामा आधारित रहेर भाषाशिक्षण गर्नुपर्छ ।

(घ२) आवश्यकबमोजिमका पाठ्यपुस्तक, सन्दर्भ सामग्री र शैक्षिक सामग्रीहरू निर्माण गरेर भाषाशिक्षण गर्नुपर्छ ।

(ङ) फरकफरक क्षेत्रका लागि फरकफरक भाषाको प्रयोग हुने हुनाले प्रयोजनपरकमा जोड दिनुपर्छ ।

(च) भाषाशिक्षण योजनाबद्ध हुनुपर्छ ।

(छ) विद्यार्थीलाई निश्चित सन्दर्भ वा कार्यमा प्रयोग हुने भाषाबाट भाषाशिक्षण गर्नुपर्छ ।

(ज) निवेदन संवाद जस्ता कार्यमार्फत भाषाशिक्षण गर्नुपर्छ ।

(छ) विद्यार्थीलाई उसको रुचिबमोजिम भाषा सिकाउनुपर्छ ।

(झ) कुनै पनि पाठमा आधारित रहेर विद्यार्थीहरूलाई भाषिक अभ्यास गराउन सकिन्छ । पाठ्यपुस्तक र पाठ्यसामग्री पनि प्रकार्यमूलक हुनुपर्छ ।

(ञ) आगमन विधिबाट भाषातत्त्व र अन्य सिप सिकाउनुपर्छ ।

(ट) भाषा सम्प्रेषणका लागि हो । त्यसकारण भाषा शिक्षण गर्दा सम्प्रेषणलाई ख्याल गर्नुपर्छ ।

(ठ) लेखाइभन्दा बोलाइ र पढाइभन्दा सुनाइमा जोड दिएर भाषा शिक्षण गर्नुपर्छ ।

सिद्धान्तमा भन्दा प्रयोग अभ्यासमा जोड दिने यो मान्यताले आगमनात्मक विधिबाट भाषा सिकाउने कुरामा जोड दिन्छ । तसर्थ भाषाशिक्षण गर्दा भाषिक प्रकार्यमा आधारित भएर गर्नुपर्छ । संवाद, छलफल, प्रश्नोत्तर, अभिनय, वक्तृत्ता, कुराकानी, वादविवाद आदिलाई जोड दिएर भाषाशिक्षण गर्नुपर्छ ।

## ७. निष्कर्ष

प्रकार्यपरकता भाषा शिक्षणको एक नवीन अवधारणा हो । यो अवधारणाले भाषाले सामाजिक कार्य सम्पन्न गर्ने हुँदा भाषाको शिक्षण त्यही सामाजिक सन्दर्भका आधारमा गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । यसले भाषालाई न त व्यवहारवादीहरूले भनेजस्तो उत्तेजना प्रतिक्रिया मान्दछ न त बुद्धिवादीहरूले भनेजस्तो जन्मजात क्षमताका आधारमा सिक्ने कुरा मान्दछ । यसले त भाषाले निश्चित कार्य सम्पन्न गर्दछ भन्ने मान्यता राख्दछ । त्यही कार्यअनुरूपको भाषा सिकाउनुपर्छ भन्ने यसको मान्यता छ । भाषालाई सामाजिक परिप्रेक्ष्यमा हेर्नु यसको सबैभन्दा महत्त्वपूर्ण उपलब्धि हो । साथै भाषा शिक्षण गर्दा वादविवाद, संवाद, वक्तृत्वकला, अभिनय, कुराकानी, छलफल आदिजस्ता कार्यकलापहरू गरेर भाषा सिकाउनुपर्ने यसको मान्यता रहेको छ । भाषाको पूर्ण ज्ञान दिनुभन्दा व्यवहार सम्पन्न गर्ने किसिमले मात्रै भाषा सिकाउनु यसको सीमा रहेको छ । भाषा शिक्षण विद्यार्थीका रुचि र आवश्यकतामा आधारित भएर गर्नुपर्ने मान्यता यो राख्दछ । दोस्रो भाषा सिकाइका सन्दर्भमा यो सरल र उपयोगी विधि रहेको छ ।

## सन्दर्भ ग्रन्थसूची


- बन्धु, चूडामणि (२०५७), **भाषाविज्ञानका सम्प्रदाय** (दो.सं.), काठमाडौँ : एकता बुक्स ..............(२०७३) **भाषाविज्ञान** (न.सं.), ललितपुर : साझा प्रकाशन ।

- शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।


ooo

# वैदिक शिक्षा

✍ **होमनाथ शर्मा**
**माथागढी गाउँपालिका-१, चिदीपानी, पाल्पा**

को हौं ? पूर्व थियौं कहाँ ? र कसरी आयौं यहाँ जन्मिन ?
यो संसार बन्यो अचम्म ! कसरी ? कर्ता छ यस्को कुन ?
गर्ने काम छ के ? यही समयमा कर्तव्य सम्झीकन ।
शिक्षा वैदिक यो पढेपछि सही पाइन्छ जानी लिन ॥

एकै हुन् प्रभु, नाम छन् नि उनका हज्जार वा लाख नै ।
भन्छन् है- यस लोकका अधिपति स्वामी उनै हुन् अझै ॥
जो जान्दैन नि ईशलाई यसरी संसार खोज्दा पनि ।
शिक्षा वैदिक यो चिनाउँछ सही त्यो ईश यो हुन् भनी ॥

जागोस् ब्रह्म मुहूर्तमा अनि गरोस् सद्ब्रह्मको चिन्तन ।
शौच, स्नान गरेर देव-पितृको पूजा गरोस् तर्पण ॥
जुन् जुन् बाँकि छ काम नित्य घरको सम्पन्न पारीकन ।
लौ सामाजिक काममा रत बनोस् , होस् राष्ट्रको चिन्तन ॥

बोलौं सत्य, मिठो, बनौँ प्रिय, गरौं सद्धर्मको पालन ।
चारैवेद मथेर सार लिन होस् स्वाध्यायमा चिन्तन ॥
ज्ञानी, सज्जनका मिठा प्रवचनै होस् सुन्नमा नै मन ॥
हामी सत्य र धर्मबाट नचुकौं, चोखो कमाऔं धन ॥

आमालाई सदैव देव सरहै मान्ने सबैले गरौं ।
बाबालाई समेत देव सरहै सम्मान राम्रो गरौं ॥
त्यस्तै देव स्वरूपमा गुरु तथा आचार्यलाई गरौं ।
आएका घर साँझमा अतिथिको सत्कार हामी गरौं ॥

आमा हुन् नि वसुन्धरा र यिनकै हौं पुत्र हामीहरू ।
सेवा नित्य गरौं खुसी हृदयले आमा यिनैको बरू ॥
सारा जीव र जन्तुमा पनि दया, माया सबैले गरौं ।
लागौं नित्य भलाइतर्फ सबको कर्तव्य यै हो भनौँ ॥

जागौं राष्ट्र बनाउनेतिर सधै निर्माणका खातिर ।
हामी साथ रहौं, बसौं अनि गरौं, बोलौं मिठो आखिर ।।
आफ्नै नैतिक सच्चरित्रहरू औ आदर्शमा जीउन ।
शिक्षा, सँस्कृति वैदिकीप्रति गरौं सम्मान, संरक्षण ।।

शिक्षा वैदिक यो मनुष्यमनमा बत्ती उज्यालो गरी ।
बाली शान्ति, दया, क्षमा र समता सद्ज्ञानको माधुरी ।।
भै यी देव-मनुष्य, स्वर्ग-वसुधा, विज्ञानको चातुरी ।
यो विज्ञान र ज्ञान मिश्रित मिठो शिक्षा बजोस् बाँसुरी ।।

ooo

## 'हाम्रो पुरुषार्थ'को कवि प्रयासी स्मृति अङ्कका लागि लेख-रचना पठाउनुहोस् ।



किरण पुस्तकालयका पूर्व कोषाध्यक्ष तथा 'हाम्रो पुरुषार्थ'का पूर्व सहायक सम्पादक स्व. कवि भेषबहादुर कुँवर 'प्रयासी'को स्मृतिमा २०७७ सालको वैशाख-असारको 'हाम्रो पुरुषार्थ' सम्पूर्णाङ्क-८६ कवि प्रयासी स्मृति अङ्कको रूपमा प्रकाशन गर्ने योजना छ । अतः उक्त अङ्कका लागि कवि भेषबहादुर कुँवरको कृतित्व र व्यक्तित्वसित सम्बद्ध लेख-रचनाहरू २०७६ फागुन मसान्तभित्र पठाई सहयोग गर्नुहुन हामी हार्दिक अनुरोध गर्दछौं ।

**सम्पादक**

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# किरण पुस्तकालय

**तम्घास, गुल्मी**

E-mail : hamropurushartha@gmail.com & shashipanthi9@gmail.com

# 'नेपाली समाजमा ज्योतिष विद्याले पारेको प्रभाव' सम्बन्धी एक अध्ययन

✍ **विष्णुराज सिग्देल**
**गैंडाकोट, नवलपरासी, बर्दघाटपूर्व**

## १.१. परिचय/पृष्ठभूमि

संस्कृत व्याकरणअनुसार ज्योतिष शब्दको व्युत्पत्ति ज्योतिष शब्दबाट ज्योतिश र ज्योतिशबाट तालव्य 'श' को 'ष' हुँदै ज्योतिष शब्द बनेको हो । वास्तवमा ज्योतिष शब्दको पनि अन्त्यको 'ष' को पनि विसर्ग भएर ज्योतिः हुन्छ । ज्योतिष र ज्योति जे भने पनि दुबैको अर्थ प्रकाश भन्ने हुन्छ । यो प्रकाश भन्नाले त्यस्तो उज्यालो हो जसले व्यक्तिलाई प्रकाशवान् बनाउँछ । आकाशीय सूर्यलगायतका सम्पूर्ण नवग्रहहरू, अन्य ग्रह नक्षत्र, तारा पिण्डलगायतका असङ्ख्य चम्किला दृश्य र अदृश्य ग्रहहरूले पृथ्वीका सम्पूर्ण प्राणी जगत्मा पार्ने शुभ अशुभ प्रभावको व्यवस्थित अध्ययन नै ज्योतिष ज्ञान हो । ग्रह नक्षत्रहरूलाई लक्षित गरेर बनाइएको शास्त्र अथवा ती ग्रह नक्षत्रको बारेमा जानकारी राख्ने शास्त्र ज्योतिष शास्त्र हो । आकाशीय विभिन्न चम्किला ग्रह नक्षत्रलगायतका अन्य पिण्डहरूको अध्ययन गर्ने शास्त्र नै ज्योतिष शास्त्र हो । यही शास्त्र अन्तर्गत रही विविध विधामा दक्षता हासिल गरेको ज्ञाता नै ज्योतिष हो । उसले यिनै विविध विषयमा खोज अनुसन्धान गरी लिएको ज्ञान नै ज्योतिष विद्या हो । (ज्योतिषसञ्चार, वर्ष १, अङ्क १, भदौ, २०७२ः चितवन)

**'ज्योतिष्माता ग्रहनक्षत्रादीना गति स्थितिञ्चाधिकृत्यकृत शास्त्र ज्योतिषम् ।'**

अर्थात् प्रकाश ग्रह, नक्षत्र आदि पिण्डको गति र स्थितिलाई ठिकसँग जानकारी दिने शास्त्रलाई ज्योतिष भन्दछन् ।

याज्ञिक विधि-विधान कुन समय र मुहूर्तमा गर्ने भन्ने कुराको निर्णय ज्योतिष विद्यामा गरिएको हुन्छ । ज्योतिषशास्त्रको मुख्य प्रयोजन मानिसका संस्कार यज्ञहरूका लागि मुहूर्त निर्धारण गर्न, यज्ञका स्थानको निर्धारण गर्न र मण्डप आदिको मापदण्ड बताउनाका लागि हो । यसका लागि संवत्सर, महिना, ऋतु, तिथि, बार, नक्षत्र, योग, करण आदिको ज्ञान आवश्यक हुन आउँछ । यसको स्पष्ट निर्देश गर्ने काम ज्योतिषले गरेको हुन्छ । त्यसैले पनि ज्योतिषलाई आँखा भनिएको हो । ज्योतिषका पनि दुई प्रतिनिधि विभाग छन् - याजुष् ज्योतिष र आर्थ ज्योतिष । याजुष् ज्योतिष यज्ञ-विधान आदिसँग सम्बन्धित गणितीय ज्योतिष हो भने आर्थ ज्योतिष चाहिँ फलादेश गर्ने ज्योतिष हो । व्याकरण जस्तै ज्योतिषशास्त्र पनि व्यापक छ ।

**त्रिस्कान्धं ज्योतिष शास्त्र चतुर्लक्षमुदाहृतम् ।**
**गणित जातक विप्र संहितास्कन्धसंज्ञितम् ।।**

प्रत्येक सृष्टिको आरम्भमा नारायणका श्वास-प्रश्वासबाट वेद पुरुषको उत्पत्ति भएर ब्रह्माजीद्धारा संसारमा प्रचार भएपछि महाप्रलयमा पनि नारायणमै लीन हुन्छन् । 'यथा शिखा मयूराणा नागाना मणयो यथा । तद्वत् वेदाङ्गशास्त्राणा ज्योतिषं मूर्ध्नि संस्थितम्'भनेअनुसार वेदका षडङ्गमध्ये पमुख अङ्ग नेत्रका रूपमा रहेको त्रिस्कन्ध ज्योतिष तीन भागमा विभाजित छ - सिद्धान्त, संहिता र होरा । कसैले पञ्चस्कन्ध पनि भन्दछन् । तिनका नाम हुन् करेली, शुकुन, स्वर, ताजिक र रमल ।

## त्रिस्कन्ध ज्योतिष

१-सिद्धान्त : (गणित), ज्योतिष, २- होरा (जातक) शास्त्र र ३- संहिता । (होराशास्त्रको शाखाका रूपमा प्रश्न र शकुन शास्त्र पनि हुन्) ।

## सिद्धान्त :

(गणित) सृष्टिको आरम्भबाट प्रलयपर्यन्तका काल (समय) को मान एवं भेद, ग्रहरूको व्यक्त र अव्यक्त गरी दुई प्रकारको गणित, शङ्का समाधानका लागि उत्तरसहित प्रश्न गर्ने प्रक्रिया, पृथ्वीसहित सबै ग्रह एवं नक्षत्रहरूको स्थिति र वेध प्रक्रियाद्वारा ग्रहरूको ठिक-ठिक ज्ञान गर्नाका लागि यन्त्र आदिको निर्माण विधि जुन शास्त्रमा वर्णन हुन्छ त्यस शास्त्रलाई सिद्धान्त भन्दछन् ।

## होरा :

(जातक) शास्त्र-समयसूचक अहोरात्र शब्दबाट पहिलो र अन्त्यको अक्षर लोप गर्दा "होरा" शब्द शेष रहन्छ । सोही होरा शब्द मूलतः समयको सूचना गर्ने ग्रह र नक्षत्रहरूको ज्ञान प्रदान गर्ने शब्दको रूपमा लिइन्छ । यिनै ग्रह र नक्षत्रहरूको स्थिति (जन्मपत्री)द्वारा जातक (जन्म लिनेवाला प्राणी)को जीवनमा घट्ने शुभ र अशुभ घटनाहरूको पूर्व अनुमान गर्दै दैवज्ञ (ज्योतिषी)लाई जुन ग्रन्थले निर्देशन गर्दछ त्यस शास्त्रलाई हेरा (जातक) स्कन्ध भन्दछन् ।

## संहिता :

ज्योतिषको यस स्कन्धद्वारा समयमा घट्ने सामूहिक घटनाहरू जस्तै : दुर्भिक्ष, भूकम्प, महामारी, वर्षा, अनावृष्टि आदि मासिक, वार्षिक र दैनिक फलको पूर्वानुमान ग्रह र नक्षत्रहरूको स्थितिद्वारा गर्न सकिन्छ । त्यसैले यस स्कन्धलाई संहिता भनिन्छ ।

ज्योतिषशास्त्रको होरा (जातक) स्कन्धद्वारा मनुष्यका जन्म समयको ग्रहस्थितिको आधारबाट शुभ अशुभ फलको विवेचन गर्न सकिन्छ । अतः समाजमा यो जातकशास्त्र (जसलाई फलित ज्योतिष पनि भन्छन्) को प्रचार धेरै छ । जन साधारणले पनि ज्योतिषबाट जन्मपत्रीद्वारा आफ्नो शुभ-अशुभ फलको बारेमा जानकारी प्राप्त गर्न सक्दछन् ।

ज्योतिषको काम गर्नेहरूले प्रायः होराशास्त्रको मात्र सामान्य अध्ययन गरेर फलादेश गर्न थाल्दछन्, तर सिद्धान्त (गणित) को गम्भीर अध्ययन विना ग्रहहरूको वास्तविकतासँग परिचय हुन सक्दैन । त्यस्ता खालका ज्योतिषहरूलाई ग्रहहरूको मर्मस्पर्शी ज्ञान नहुनाले गर्दा ज्योतिषका विभिन्न क्षेत्रमा फलादेश आदि गर्दा यदाकदा लज्जा र हीनताको बोध पनि हुन सक्दछ ।

"प्रत्यक्षं ज्योतिषं शास्त्रं चन्द्रार्कौ यत्र साक्षिणौ" अनुसार प्रत्यक्ष शास्त्रको महत्त्वका कारणले जनसाधारणको रुचि तथा जिज्ञासा यस शास्त्रतर्फ धेरै बढेको छ । ज्योतिषशास्त्र ऋषिप्रणीत हो ।

भगवान् नारायणबाट ब्रह्माले त्रिस्कन्ध ज्योतिषशास्त्रको ज्ञान प्राप्त गर्नुभयो । त्रिस्कन्धमध्ये सिद्धान्त स्कन्धबाट ब्रह्माले ब्रह्मसिद्धान्त बनाउनुभयो जसलाई पैतामह सिद्धान्त, वेदाङ्ग ज्योतिष र वैदिक सिद्धान्त पनि भनिन्छ । ब्रह्माले अधोलिखित आचार्यहरूलाई त्यो ज्ञान प्रदान गर्नुभयो । ती आचार्यहरूले ज्योतिषशास्त्रको प्रवर्तन गरेका हुन् ।

ज्योतिषशास्त्रका प्रवर्तक १८ मुख्य आचार्यहरू

**सूर्यःपितामहो व्यासो वसिष्ठोऽत्रिः पराशरः ।**
**कश्यपो नारदो गर्गो मरीचिर्मनुरङ्गिराः ॥**
**लोमशः पौलिशश्चैव च्यवनो यवनो भृगुः ।**
**शौनकोऽष्टादशाश्चैते ज्योतिःशास्त्रप्रवर्तकाः ॥**

ज्योतिषशास्त्रका प्रवर्तक आचार्यहरूले त्यो वैदिक सिद्धान्त ज्योतिषबाट अरू सयौं सिद्धान्तहरू बनाएका थिए । तीमध्ये मुख्य पञ्चसिद्धान्त यसप्रकार छन्- १- ब्रह्मसिद्धान्त, २- सूर्यसिद्धान्त, ३- वसिष्ठसिद्धान्त, ४- पराशरसिद्धान्त र ५- पौलिससिद्धान्त । यीबाहेक ज्योतिषशास्त्रका प्रवर्तक आचार्यहरूका सिद्धान्त, संहिता, होराग्रन्थ, करणग्रन्थ, तन्त्रग्रन्थ अतिरिक्त अन्य विधामा हजारौं प्रकारका ग्रन्थहरू प्रकाशन भएका छन् । अहिले अरू पनि ज्योतिषशास्त्रका असङ्ख्य ग्रन्थहरू छन् । नारद, पराशर, वसिष्ठ, सूर्य आदि ऋषिहरूका ठूला-ठूला ग्रन्थहरूका अतिरिक्त लगधाचार्यले प्रवर्तन गरेको वेदाङ्ग-ज्योतिष, वराहमिहिर, आर्यभट्ट, बह्मगुप्त र भास्कराचार्य आदिका ज्योतिषशास्त्रका ग्रन्थहरू ज्यादै प्रसिद्ध छन् ।

ज्योतिषशास्त्रका मुख्य-मुख्य ग्रन्थहरूका नाम यसप्रकार छन् :- सिद्धान्त ज्योतिषका तिन प्रकारका ग्रन्थहरू छन् : १- सिद्धान्त, २- तन्त्र र ३- करण । वेदाङ्ग, ज्योतिष र सिद्धान्त ग्रन्थले कल्पको आरम्भबाट, तन्त्र ग्रन्थले सृष्टि वा युगको आरम्भबाट र करण ग्रन्थले शालिवाहन शाकेको आरम्भबाट गणित गरेर पञ्चाङ्ग आदिको काम गर्दछन् । भगवान् नारायणले सोझै वेदाङ्ग ज्योतिष सूर्यलाई दिनुभयो । वेदाङ्ग ज्योतिषबाट सूर्यले सूर्यसिद्धान्त बनाएर सूर्यांश पुरुषमार्फत मय नामको दानवलाई सुनाएपछि सूर्यांश पुरुषलाई श्राप परेर ती सूर्यांश यवनका कुलमा यवनाचार्यका रूपमा जन्म भयो । उनले रोमक सिद्धान्त बनाएर यवन जातिलाई पढाए । त्यसपछि रोमक सिद्धान्तको प्रचार भयो । अहिले पनि रोमक सिद्धान्तका आधारबाट बनेका यवन मतका अनेक ज्योतिष ग्रन्थहरू पाइन्छन् । ती ग्रन्थहरू प्रायः विश्वका सबै ज्योतिषहरूले प्रयोग गरेका छन् । त्यस्तै ब्रह्माको ब्रह्मसिद्धान्त, वसष्ठिको वसिष्ठसिद्धान्त । पराशरका पराशरसिद्धान्त, बृहत्पाराशर-होराशास्त्र, मध्यपाराशरी, लघुपाराशरी आदि छन् । पुलस्त्यको पौलिसिद्धान्त, ब्रह्मगुप्तका ब्रह्मफुटसिद्धान्त र खण्डखाद्य (यो करण ग्रन्थ हो आर्यसिद्धान्तका मतमा आधारित छ) आदि छन् । आर्यभट्टको आर्यसिद्धान्त, कमलाकर भट्टको सिद्धान्ततत्त्वविवेक, भाष्कराचार्यका सिद्धान्तशिरोमणि, लीलावती, बीजगणित, करणकुतूहल आदि छन् । गणेश दैवज्ञका ग्रहलांघव (यो तन्त्र ग्रन्थ हो) र जातकारकार । सतानन्दको भास्वती ( यो करण ग्रन्थ हो), मकरन्दाचार्यको कमरन्द (यो तन्त्रग्रन्थ हो), केतकरको केतकी, महर्षि भृगुको भृगुसंहिता जो एघार खण्डमा विस्तृत छ । बराहमिहिरका पञ्चसिद्धान्तिका, बृहत्संहिता र बृहज्जातक आदि धेरै ग्रन्थ छन् । यदि ज्योतिषशास्त्रका सबै ग्रन्थहरूका नामको सूची तयार गर्ने हो भने ज्योतिष ग्रन्थका नामको सूचीले मात्र एउटा अर्को ठूलो ग्रन्थ तयार हुनेछ । (ज्यो. सापकोटा, माधव, दर्पण, २०७१)

चन्द्र सूर्यलगायतका ज्योर्तिमय आकाशीय पिण्डहरूबारे जानकारी राख्न सक्ने खुवीवाला वा सो सम्बन्धित विविध शास्त्रहरूको खोज अनुसन्धान गरी ज्ञान प्रवाहित गर्न सक्ने असल ज्ञाता जो भूत, वर्तमान र भविष्यबारे बताउन सक्ने छ ऊ ज्योतिषी हो । उसले विभिन्न धर्मशास्त्रको, ग्रह नक्षत्रको अध्ययन गरी पाउने ज्ञान नै ज्योतिष विद्या हो । यसै कुरालाई स्पष्ट पार्दै हाम्रा पूर्वीय शास्त्रहरूमा उच्च स्थानमा ज्योतिष रहेको पुष्टि हुन आउँछ ।

**यथा शिखा मयुराणां नागाणां मणयो यथा ।**
**तद्वत् वेदाङ्ग शास्त्राणां ज्यौतिषम् मूर्ध्नि संस्थितम् ॥**
**अप्रत्यक्षाणि शास्त्राणी विवादस्तत्र केवलम् ।**
**प्रत्यक्षम् ज्यौतिष शास्त्रम् चन्द्रार्कौ यत्र साक्षिणौ ॥**

शिक्षा कल्प व्याकरण, निरूक्त, छन्द, ज्यौतिष यी अङ्गले युक्त वेद हाम्रो सम्पूर्ण ज्ञानविज्ञानको आधार हो । वेदका यी अङ्गलाई क्रमशः नाक, हात, मुख, कान, खुट्टा र आँखाको रूपमा मानिएको छ । ज्योतिष शास्त्रलाई वेद पुरुषको आँखा मानिन्छ । किनकि मानिसका सम्पूर्ण अङ्गहरूमध्ये ज्योतिषशास्त्रलाई उत्कृष्ट अङ्गको रूपमा मानिन्छ,यो तथ्य वेदाङ्ग ज्योतिषमा रहेको पाइन्छ । जस्तै मयुर शिखा,नागहरूको मणि उच्च स्थानमा रहेको हुन्छ र तिनीहरू बहुमूल्य पनि छन् । त्यस्तै गरी वेदका विभिन्न ६ वटा अङ्गहरूमध्ये ज्योतिष शास्त्रलाई उत्कृष्ट शास्त्र मानिएको छ । यो शास्त्र परमपवित्र शास्त्रको रूपमा रहेको पाउन सकिन्छ । यो विभिन्न रहस्यमय दिव्य ज्ञान प्रदान गर्ने शास्त्रसमेत रहेको छ । यो वशिष्ठादि ऋषि महर्षि परम्पराबाट फैलिदै अहिले सम्म पनि उत्तिकै महत्त्व र चाखलाग्दो विषय बनेको छ । प्रत्यक्ष प्रमाण र व्यवहारद्वारा सिद्ध भएको हुनाले यसलाई विज्ञानको रूपमा लिई आएको पाइन्छ । तसर्थ यस विद्याले वर्तमान परिप्रेक्ष्यमा के-कस्तो प्रभाव हाम्रो समाजमा पारिरहेको छ त ? यो ज्यादै महत्त्वपूर्ण र अनुसन्धानलायक विषय रहेको छ । (वेदाङ्ग, ज्योति, पन्त दिनेशराज, ज्योतिष रत्नचण्डिका)

ज्योतिष विद्या विगत लामो समयदेखि नै जागरित रहिरहेको छ । या भनौं नेपाली समाजलाई केही न केही कतै न कतैबाट यस विद्याले प्रभाव पारिनै रहेको छ । यो विद्या विभिन्न ठूला साना तारा, ग्रह, भू-उपग्रहसँग सम्बन्धित छ । ज्योतिष ज्ञानले ती ग्रह नक्षत्रको अध्ययन गरेर व्यक्तिमा ती ग्रहका प्रकाश ठोक्किरहँदा या त ती व्यक्ति जन्मेको समयमा ग्रहले पारेको प्रभावको आधारमा समेत अध्ययन गर्न सकिन्छ । मुख्यत ज्योतिष विद्या खगोलको अध्ययनसँग सम्बन्धित छ । यसले विभिन्न आकाशीय भू-उपग्रहको अध्ययन कार्य गर्दछ । तीनै आकाशीय विभिन्न ग्रह पिण्डहरूको प्रभाव र प्रकाश पृथ्वीमा जन्मिरहेका व्यक्तिहरूमा कस्तो रहन्छ भन्ने यथार्थतालाई गणितीय विज्ञानमार्फत अध्ययन अनुसन्धान गर्ने पद्धति नै ज्योतिषीय ज्ञान विज्ञान हो । यो ज्ञान तन्त्र, मन्त्र र यन्त्र विज्ञानसँग पनि सम्बन्धित छ । तसर्थ ज्योतिष अध्ययनको क्षेत्र व्यापक रहेको छ यस ज्ञान हासिल गर्न निरन्तर अध्ययन, खोज अनुसन्धान गरिरहनु जरूरी छ । (पन्त दिनेशराज, ज्योतिष रत्नचण्डिका, मन्तव्य, २०६९ः काठमाडौं)

ज्योतिष शास्त्रले जतिबेला विज्ञानको आविष्कार थिएन, हो त्यतिबेला अङ्क ज्योतिषका सहायताले चन्द्र ग्रहण र सूर्य ग्रहणका बारेमा ज्योतिषीय फलित परामर्श हुने गर्दथ्यो । जहाँ दिन, बार, बेला, समयलाई तोकेर साइत निकाल्ने, स्पष्ट घडी पलाको मापन गर्न सक्ने विद्या नै ज्योतिष विद्या हो । ज्योतिषीले आफूसँग भएको ज्योतिष विद्यालाई अध्ययन अनुसन्धान पश्चात् विभिन्न विषयको भविष्यफल बताउने गर्दछन् । तसर्थ यी र यस्ता महत्त्वपूर्ण विषयकेन्द्रित भई यो शोध प्रस्ताव तयार गरिने छ ।

ज्योतिष शास्त्रमार्फत विश्व ब्रमाण्डकै उत्पत्ति, विकास, परिवर्तन आदि प्रक्रियाहरूको अति सूक्ष्म किसिमले ज्ञान प्राप्त गर्न सकिन्छ । हाम्रा परम्परा रीतिरिवाज संस्कार र संस्कृतिहरूसँग सम्बन्धित सबै शुभकार्यहरू ज्योतिषशास्त्रसँग सम्बन्धित रहेका छन् । ज्योतिष विद्याले शुद्ध पञ्चाङ्ग निर्माण गर्दछ । आफ्नो देशको इतिहास निर्धारण गर्न मानव जीवनजगत्मा पर्ने शुभाशुभ फलको विवेचना पनि यसै विद्याको आधारमा गरिन्छ । तसर्थ यो शास्त्र वर्तमान समयमा पनि उत्तिकै महत्त्वपूर्ण र प्रभावकारी बनेको पाउन सकिन्छ । मुख्यतः ज्योतिषशास्त्रअन्तर्गत सिद्धान्त ज्योतिष र फलित ज्योतिष रहेका छन् । तसर्थ पनि ज्योतिषलाई वेदको महत्त्वपूर्ण अङ्ग मानिन्छ । जसले आकाशीय पिण्डहरूको अवस्थाको अध्ययन गर्दछ । तसर्थ यो एउटा खगोल विज्ञान पनि हो । यस खगोलीय पिण्डहरू,ग्रह भूउपग्रहको अध्ययन अनुसन्धान गरेर समाजलाई यथार्थपरक जानकारी दिने ज्योतिषहरू खगोल वैज्ञानिक हुन् भन्न सकिन्छ । (अज्ञात, कपिल, ज्योतिष : एक रहस्यमय ज्ञान, २०६६ः चितवन)

हिजोआज क्रमशः फलित ज्योतिषको महत्त्व घट्दै गएको हो या त महत्त्व उत्तिकै छ जति बढी विगतमा रहेको थियो, यी र यस्ता महत्त्वपूर्ण प्रश्नको उत्तर अहिले पनि अपरिहार्य आवश्यकता बनी आएको छ । ज्योतिष विज्ञानलाई सम्पूर्ण विश्व दुनियाले मानेको छ । विदेशका ठूला-ठूला विश्वविद्यालयमा बी.एस्.सी. र एम्.एस्.सी. मा "एस्ट्रोनोमी" सिद्धान्त ज्योतिष पढाइ हुने गर्दछ । तर फलित ज्योतिष अर्थात् "एस्ट्रोलोजी" लाई अझै पनि अन्धविश्वासको रूपमा पनि लिने गरिन्छ । जे होस् ज्योतिष ज्ञानलाई विश्वब्रह्माण्डको सृष्टि संगसगै भएको मानिन्छ । किनकि यस विज्ञानले व्यक्ति, स्थान, ग्रह नक्षत्र, तारा, पिण्ड आदिको अध्ययन अनुसन्धान गरी भूत वर्तमान र भविष्य तीनै कालको लेखाजोखा र अध्ययन अनुसन्धान गराउँछ । यस ज्योतिष ज्ञानको महत्त्वलाई वैज्ञानिक न्युटनले पनि स्वीकार गरेका छन् । (ज्योतिष सञ्चार, वर्ष १, अङ्क १, भाद्र २०७३ः चितवन)

## १.२. समस्याको कथन

ज्योतिष विद्या परापूर्वकालदेखि चलिआएको, प्रचलनमा रही आएको शास्त्रीय ज्ञान हो । यो ज्योतिष विद्या विभिन्न हिन्दूधर्मशास्त्रहरूका पुस्तक अध्ययन अनुसन्धान गर्दा पाइने गरिन्छ । जस्तै भृगु संहिता, परासर पाणिनि जस्ता विद्वान्हरूले रचना गरी आएका विभिन्न शास्त्रमार्फत ज्ञान प्राप्त गर्न सकिन्छ । मुहूर्त चिन्तामणि, जातक अलङ्कार, मुहूर्त मार्तण्ड, बृहद् पारासरी, ज्योतिषसार शिरोमणि, जातक अलङ्कार, भाष्वति, मुहूर्त लग्न चन्द्रिका, चमत्कार चिन्तामणि, कालिका निलकण्ठी जस्ता शास्त्रहरूको गहन अध्ययन गरी ज्योतिषीय ज्ञान हासिल गर्न सकिन्छ । यिनै शास्त्रहरूको आधारमा फलित पक्ष प्रबल र बलवान्

सावित हुन्छ । ज्योतिष विद्या धेरैका लागि महत्त्वपूर्ण रहन सक्ला तर नकारात्मक प्रभाव बढ्दै आएको पाउन सक्छौं । ज्योतिष ज्ञान वर्तमानमा पनि धेरैजसोलाई राम्रो र प्रभावकारी लागे पनि कसैकसैका लागि भने ज्योतिष विद्या खासै महत्त्व र चासोको विषय बन्न सकेको छैन । ज्योतिषीय ज्ञान पनि विविध प्रकारका हुन्छन्, धामी झाँक्री नचाउनेदेखि फूकफाक गर्ने पनि छन् । तर यो ज्ञान समाजमा त्यति प्रभावकारी रहेको पाउन सकिदैन । गणितका आधारमा गरिने फलित पक्ष भने बढी प्रभावकारी र वैज्ञानिक मानिन्छ ।

ज्योतिष विद्याले समाजमा लामो समयदेखि नै प्रभाव पारिआएको छ, यो विद्या नेपाली समाजका हरेक कुना कन्दरामा यत्रतत्र फैलिरहेको पाउँदछौं । नेपाली समाजमा हाम्रा गाउँघर होस् या शहरबजार जतातातै ज्योतिषहरू आफ्ना आफ्ना विद्यामार्फत ज्योतिषीय ज्ञान प्रसार गराइरहेका छन् । यी र यस्ता कार्यले हाम्रो समाजमा के कस्तो प्रभाव पारिरहेको छ त ? ज्योतिषीय पेशामा लाग्नेहरूलाई बेलाबखत मान सम्मान तथा इज्जत प्रतिष्ठा मिलिरहेको पाइन्छ भने अर्कोतिर विभिन्न किसिमका आरोपहरू पनि उत्तिकै मात्रामा आउने गर्दछन् । सबैको चासो के कस्तो विधि र उपायमार्फत ज्योतिष विद्यालाई अझ उपयोगी समाजसापेक्ष र वैज्ञानिक बनाउन सकिएला भन्ने नै रहेको छ ।

## सन्दर्भ समीक्षा/पुनरावलोकन

### १.३. अवधारणागत समीक्षा

ज्योतिष विद्या वैदिक परम्परादेखि चल्दै आएको हिन्दू शास्त्रीय ज्ञान हो । जुन विद्या वेद शास्त्रद्वारा प्रतिपादित ज्ञान हो । वेद शास्त्रहरूको सबैभन्दा ठूलो शास्त्र हो । सबै शास्त्रहरूको पिता शास्त्र नै वेद हो । वेदबाट नै अन्य शास्त्रहरूको निर्माण भएको हो । वेदभित्रका विभिन्न छ अङ्गमध्येको मुख्य अङ्गको रूपमा ज्योतिष ज्ञान पनि रहेको छ । वेदशास्त्रको प्रमुख अङ्ग ज्योतिष शास्त्रको बृहद् अध्ययन गरी ज्ञान लिएका व्यक्तिहरूले फलित गर्ने र सोही अनुरूप शुभ अशुभको फलबारे ज्ञान पाइन्छ । ज्योतिष विज्ञानले खगोलीय विभिन्न भू-उपग्रहको अध्ययन गर्ने कार्य गर्दछ । तिनै खगोलीय पिण्डहरूको गति मापनमार्फत अङ्क ज्योतिषमा फलित गरिन्छ । यही अङ्क ज्योतिषमा आधारित रही व्यक्तिहरूको जीवनबारे आयु, भाग्य, आरोह, अवरोह, सुख दुःख, माया प्रेम जस्ता विषयमा ज्योतिषशास्त्रलाई आधार बनाई भविष्यफल बताउने गरिन्छ । यसरी उनीहरूको भविष्य कस्तो रहेको छ भनेर ज्ञान लिनका लागि सम्बन्धित व्यक्तिका जन्म साल,महिना,समय स्थानबारे जानकारी हुनु आवश्यक छ । ज्योतिष विद्याको अध्ययन गरेर आउनुभएका विद्वत् ज्योतिष गुरुहरूले गरेका फलित पक्षले प्रायः सबैलाई आनन्द र सन्तुलित तुल्याउने गर्दछ । तर यदाकदा ज्योतिषीले भनेका कुराहरू भविष्यवाणीहरू नपुगेका वा नबनेका कुराहरू पनि

हामीहरूसामु छन् । ज्योतिषका विषयमा अध्ययन गर्दै आउनुभएका विभिन्न विद्वान्हरूले कसरी बुझ्नुभएको छ त ज्योतिष विद्यालाई ? यी यस्ता विषयमा केन्द्रित रही अवधारणागत समीक्षा वा विद्वान्हरूका प्रस्तुतिमाथि पुनरावलोकन गरिनेछ । ज्योतिष विद्या विभिन्न माध्यमद्वारा लिन सकिन्छ । मूलतः यसका चार हाँगा प्रमुख रहेका छन् । तन्त्र, मन्त्र, यन्त्र तथा सामुद्रिक हस्तरेखा विज्ञान जस्ता माध्यमद्वारा व्यक्तिले आफ्नो भूत, वर्तमान र भविष्यबारे ज्ञान पाउन सक्छ ।

अर्कोतर्फ ज्योतिष ज्ञान खगोलशास्त्रसँग सम्बन्धित छ । यसले आकाशीय पिण्ड र नक्षत्रहरूको पनि अध्ययन गर्ने गर्दछ । तसर्थ ज्योतिष शास्त्रले खगोलमा रहेका विभिन्न ग्रह पिण्ड वा भू-उपग्रह र नक्षत्रहरूको अध्ययन गर्दछ । तसर्थ यो पिण्ड र नक्षत्रहरूको विज्ञान पनि हो । ज्योतिषीय विद्या यो आकाशीय ग्रहहरू सूर्य, चन्द्र, मंगल, बुध, वृहस्पति, शुक्र, शनि, राहु, केतु जस्ता ग्रहहरूको पनि प्रभाव जीवनमा रहिरहन्छ, जुन प्रभावलाई ज्योतिष ज्ञानले पत्ता लगाउने गर्दछ ।

हाम्रो पृथ्वीले सूर्यको परिक्रमा गर्दै अन्तरिक्षमा घुम्छ । सूर्यलाई सम्मिलित गराएर सूर्यको यो परिवारलाई सौर्यमण्डल भनिन्छ ।

सूर्यको अधिकांश भाग हाइड्रोजन ग्याँसको रूपमा छ जुन विस्तारै ऊर्जा छोड्दै हिलीयममा परिवर्तन भैरहन्छ । सबैभन्दाभित्रका चारवटा ग्रहहरू अधिकांश रूपमा चट्टान र धातुबाट बनेका हुन्छन् । तिनीहरूमा हाइड्रोजन र हिलीयमको मात्रा एकदमै कम छ । यी पूरै सौर्य मण्डलमा सबैभन्दा सामान्य पदार्थ हुन् । अन्य ग्रहहरूको तुलनामा पृथ्वीमा जुन सूर्यपछिको तेस्रो ग्रह हो । अक्सिजन तथा पानीको मात्रा अत्यधिक छ । यसबाहेक नाइट्रोजन, कार्वन, हिलीयम आदि पनि छन् । यसको सतहको तापक्रम जीवनको विकास हुन योग्य छ ।

ज्योतिषलाई तन्त्र मन्त्र, जादुटुनासँग पनि जोडेर हेर्ने प्रवृत्ति छ । यसले ज्योतिषलाई हानि पुऱ्याइरहेको छ । कतिपय कर्मकाण्डीहरूले यसलाई भाग्य सपार्ने र बिगार्ने खेलको रूपमा लिएका छन् । कतिले यसलाई फुटपाथको व्यवसाय बनाएका छन्, कतिले जडिबुटीको प्रयोग गरेर अन्धविश्वासलाई बढवा दिइरहेका छन् । यी सबै कुराले ज्योतिषप्रति उपाहासात्मक र उपेक्षात्मक प्रवृत्ति बढ्न गएको र विश्वास पनि घट्न थालेको छ । हाम्रो शारीरिक र मानसिक प्रवृत्तिलाई, हाम्रो मूल प्रवृत्तिलाई नराम्रो अनुकूल, प्रतिकूल समयावधिलाई हाम्रो रुचि र चाहनालाई हाम्रो आन्तरिक विकासको सम्भावनालाई यसले स्पष्टसँग संकेत गर्दछ । यस्तो महत्त्वपूर्ण विषय साधनलाई सामान्य रूपमा लिनु हाम्रो सोच र दृष्टिको क्षमतामा कमी र न्यूनता हुनु हो । ज्योतिषले भाग्यवादलाई मात्र होइन कर्मवादलाई पनि उत्तिकै महत्त्व दिन्छ । जो जति भाग्यवान् भए पनि त्यो

कर्मकै बाटो भएर जान्छ भन्ने कुराको बोध गराउँछ । चिना हेरेर फल बताउने मात्र यसको प्रयोजन होइन । यसले हाम्रा अन्योल शंका र भ्रमहरूलाई पनि निवारण गर्दछ । यो मानिसको परम हितैषी पथप्रदर्शक हो । यसले सच्चा मित्रले झैँ आपत् विपत्मा धैर्य धारणा गरी उम्किने र गन्तव्यमा पुग्ने उपाय बताउँछ । यसले ग्रहपिण्डबाट मानवपिण्डमा के कस्तो ऊर्जा सञ्चार भएको छ ग्रहगति र स्थितिबाट जीवनजगत्मा के कस्तो प्रभाव पर्दछ त्यसको पनि ज्ञानबोध गराउँदछ । यसको गहनता र व्यापकतालाई बोध गर्दै जाने हो भने यो अद्भुत र रहस्यमय ज्ञान हो । पवित्र आत्मा भएका अध्येताहरू एवम् दैवीकृपा प्राप्त व्यक्तिहरूले मात्र यसका गुढ रहस्यहरूलाई छिचोल्न सक्छन् । जहाँ यस्ता जोतिर्विदहरूको बास छ त्यस स्थानलाई पवित्र स्थान मानिन्छ । (प्रा.कपिल अज्ञात, ज्योतिष विमर्श)

सृष्टिको उदयकालमा जहाँ वेद, ब्राह्मण, ज्ञानी र योगीहरूका बीचमा फुटकर रूपमा मात्र ज्योतिष चर्चा गरेको पाइएको छ । आदि कालमा गएर यस विषयको सम्बन्धमा स्वतन्त्र ग्रन्थहरूको रचना हुन थाल्यो । यस युगमा शिक्षा कल्प, व्याकरण, निरूक्त, ज्योतिष र छन्द गरी वेदाङ्गका छवटा शाखाहरू अस्तित्वमा आउन थाले । अभिव्यञ्जनाको प्रणाली विकसित भएर ज्ञान भण्डारका विभिन्न विषयहरूमा वर्गीकरण गर्ने क्षमताको विकास हुन थाल्यो । यस युगका मानवले आफ्नो भाव र विचारलाई केवल आफैंमा मात्र सीमित नराखी त्यसलाई अरू व्यक्तिहरूसमक्ष पनि पुऱ्याउन कटिबद्ध थिए । उदय कालमा वेद ब्राह्मणादि ग्रन्थ ज्ञानलाई सामान्य रूपमा लिएर हिडिरहेका थिए तथापि उनीहरूको प्रतिपाद्य विषयको लक्ष्य एउटै थियो । तर यस युगमा ज्ञान भण्डारको अभिव्यक्तिको मापदण्ड माथि उठ्न गयो । फलतः ज्योतिष साहित्यको विकास स्वतन्त्र रूपले हुन थाल्यो । यसले समयक्रमसँगै समाजमा पनि सकारात्मक प्रभाव पार्दै गयो । (ज्योतिषमा राजयोग, पेज नं. ४ डा. दण्डपाणि उपाध्याय)

अहिलेको समाजमा संस्कृत अध्ययन गर्ने रुचि नहुनाका कारणले अधिकांश जनसमुदाय यो गुढज्ञानबाट अपरिचित नै रहेका छन् । ज्योतिषशास्त्रको प्रचारप्रसार पहिलेका अपेक्षामा वृद्धि भएको छ । समाजमा प्रत्येक प्रबुद्ध वर्गले यस विषयको ज्ञान प्राप्त गर्न चाहन्छन् । तर संस्कृत भाषाको ज्ञानविना तिनीहरूको जिज्ञासा पूरा हुन्न । विशेषतः सिद्धान्त विषयक खगोलीय ज्ञानका अभावमा ज्योतिषशास्त्रको मर्मस्पर्शी ज्ञानको विषय नै अपूर्ण रहन्छ । अपूर्ण ज्ञानको परिणाम पनि सम्पूर्ण र ज्योतिष ज्ञान पनि अपूर्ण नै रहन्छ । ज्योतिषशास्त्रको ज्ञान पुस्तक पढेर प्राप्त गर्न सजिलो छैन किनभने ज्योतिषशास्त्रमा प्रायः ठाउँ ठाउँमा शङ्का र जिज्ञासाहरू उत्पन्न हुन्छन् । योग्य गुरुका साथमा गएर ती जिज्ञासाहरूको समाधान हुन सक्छ तर त्यसका लागि पनि धेरै श्रद्धा र धैर्यको आवश्यकता हुन्छ । तसर्थ योग्य ज्योतिषी हुनका लागि

योग्य गुरुका सान्निध्यमा गएर श्रद्धापूर्वक ज्योतिषशास्त्रका तीनवटै स्कन्धहरूको अध्ययन गर्न आवश्यक हुन्छ । (संस्कृत वाङ्मय दर्पण, पेज नं.४४, ज्यो माधव सापकोटा)

वर्तमान यान्त्रिक युगमा प्रविधिको प्रयोगबाट ज्योतिषीय जटिलतालाई सरलीकृत गर्दै ज्योतिषशास्त्रको महत्त्व ज्योतिषीहरूले समाजलाई बुझाउन सक्नुपर्दछ । यस शास्त्रको महत्त्वलाई समाज र राष्ट्रले बुझेमा समाजका सबै तहमा यसको संरक्षण हुन्छ । जन्मिनुभन्दा पहिलेदेखि मृत्युपर्यन्त गरिने तमाम संस्कारको निर्देशन गर्ने ज्योतिषशास्त्रलाई प्राचीन राज्य व्यवस्थाले संरक्षण गरेको इतिहासमा पाउन सकिन्छ । तर वर्तमान समयमा राज्य सञ्चालकहरूले यस शास्त्रलाई उपेक्षा गरेका छन् । यसबाहेक पनि यो शास्त्र उपेक्षित हुनुको मुख्य कारण भनेको यसका स्रोत ग्रन्थहरू संस्कृत भाषामा मात्रै उपलब्ध हुनु र सरल भाषामा पुस्तकहरूको अभाव र जिज्ञासुले अध्ययन गर्न नसकेका कारण यसको महत्त्व सबैमा जानकारी हुन सकेको छैन । कुनै पनि वस्तुको महत्त्व थाहा भएन भने उपेक्षित हुन्छ । त्यही अवस्था ज्योतिषशास्त्रको पनि रहेको छ । यसको महत्त्व र वैज्ञानिकतालाई प्रयोगात्मक रूपमा समाजसामु राख्न सक्नुपर्छ । ज्योतिषका विज्ञहरूले आफूले अनुभव गरेको ज्ञानलाई सरल रूपमा बुझ्नेगरी समाजलाई दिनुपर्दछ । आफूले जानेबुझेका अनुभव समाजलाई दिन ज्योतिषीहरूले चासो र जाँगर देखाएको पाइँदैन । (डा.लोकराज पौडेल,पेज नं. ५, कालसर्पयोग शल्यक्रिया, ज्यो.बलराम सुवेदी)

ज्योतिषशास्त्रको चारैतिरबाट अध्ययन भएको छ । तापनि चारैतिरको नजर एकै ठाउँमा पुगेको छ । जसरी हामी कुनै ठाउँमा जान खोज्दा पैदल, बस, हवाइजहाज आदिको उपयोग गरेर गन्तव्यमा पुग्छौं त्यसरी नै कसैले आर्य ज्योतिष, कसैले वेदशालाद्वारा दृग्गणित ज्योतिष, कसैले पाश्चात्य ज्योतिष र कसैले भारतवर्षीय ज्योतिष अध्ययन गरे तापनि ज्योतिषशास्त्र एउटै हो । सूर्यको उदयकालको फरकले गर्दा कुनै देशमा दिन हुँदा कुनै देशमा रात परेको हुन्छ भने कुनै देशमा रात पर्दा कुनै देशमा दिन भइरहेको हुन्छ । यसो हुनुको मुख्य कारण अक्षांश र रेखांश हो, ज्योतिषशास्त्र भिन्न भिन्न भएर होइन । यद्यपि ज्योतिषशास्त्रको समाजमा सकारात्मक प्रभाव पर्दछ ।

**अप्रत्यक्षाणि शास्त्राणि विवाहस्तेषु केवलम् ।**
**प्रत्यक्षं ज्योतिषं शास्त्रं चन्द्रोर्को यत्र साक्षिणौ ।**

ज्योतिष शास्त्र अरू अरू शास्त्रभन्दा उच्च छ किनभने अरू शास्त्रले विभिन्न वस्तुको व्याख्या गर्दछन् प्रत्यक्ष देखाउन सक्तैनन् । ज्योतिषशास्त्रद्वारा प्रत्यक्ष देखाइएको छ । जस्तै सूर्य चन्द्रका ग्रहण विभिन्न ग्रहहरूका उदय अस्त समय अमावस्य पूर्णिमादेखि लिएर सम्पूर्ण चाडपर्व पूरै ज्योतिषशास्त्रले नै गराएको छ ।

जन्मदेखि लिएर मरणसम्मका समय मागरिकर्म ज्योतिषले नै बताउँछ । साथै यात्रा-विद्यारम्भ गृहारम्म आदि साइत पूरै ज्योतिषबाटै प्राप्त हुन्छन् । तसर्थ ज्योतिषलाई उच्च विद्या भनिन्छ । ज्योतिषविनाका विद्वान् त्यति उच्च हुँदैनन् ।

शास्त्रमा भनिएको छ :

**यथाकाष्ठमयः सिंहो यथा चित्रमयो नृपः ।**
**तथा वेदाद्यधितोऽपि ज्योतिः शास्त्रं विनाद्विजः ॥**

**-ब्राह्मण**

काठमा कुदिएको वा काठबाट बनाइएको सिंह, जस्तै हो जसको गर्जने शक्ति हुँदैन, भित्तामा वा कापीको पानामा कोरिएको राजाको चित्र जस्तै हो जसको राज्यसत्ता शक्ति सञ्चालन भूमिका शून्य हुन्छ । फेरि त्यस्तै हो वेद आदि विभिन्न शास्त्रहरू अध्ययन गरेर पोख्त रहेका विद्वान् वा ब्राह्मण (द्विज)हरूमा ज्योतिष शास्त्रको ज्ञान छैन भने, तसर्थ सबै शास्त्रहरूको पनि प्रमुख शास्त्र ज्योतिष शास्त्र र यसको ज्ञान हो । (ज्यो.बलराम सुवेदी, सरल ज्योतिष, ज्योतिषशास्त्रको महत्त्व)

ज्योतिष महासागर हो । हिक्सको सिद्धान्तसम्मलाई ज्योतिषले दख्खल दिएको पाइन्छ । वैज्ञानिक आधार खगोल हो । ग्रहको गोचरीय परिवेशका कारण वातावरण तथा प्रकृतिमा आउने प्रभाव जातकमा पनि पर्छ । जातकलाई जीवनमा आइपर्ने उतारचढावहरू नै ग्रहका असरहरू हुन् । राजयोग पनि कहिलेकाहीं फिक्का हुन्छ । तसर्थ ज्योतिषले प्रत्यक्ष अप्रत्यक्ष रूपमा समाजलाई प्रभाव पारिनै रहेको हुन्छ । (आफै ज्योतिष, भूमिका, पेज घ, उदयराज निरौला)

**यथाशिखा मयुराणां नागानां मणयो यथा ॥**
**तद्वेदाङ्ग शास्त्राणां ज्योतिषम् मूर्धनिस्थितम् ॥**

जसरी मयुरको शिखा तथा सर्पको मणि मस्तिष्कमा विराजमान हुन्छ त्यसरी नै वेदको शिरमा ज्योतिषशास्त्र विराजमान हुन्छ । ज्योतिषशास्त्रको अभावमा वेदशास्त्रको शोभा रहँदैन । यसकारण हिन्दूधर्मशास्त्रमा ज्योतिषशास्त्रको विशिष्ट स्थान रहेको हुन्छ । तर अहिलेको अवस्थामा संस्कृत भाषामा भएको वेद तथा प्राचीन ज्योतिषीय भाषा हाम्रो समाजभन्दा बाहिर भैसकेको छ । त्यसमा पनि सरकारले देखाएको धर्मप्रतिको धर्मनिरपेक्षता र व्यापक रूपमा भित्रिएको विदेशी धर्म प्रचारप्रसारले गर्दा हाम्रे धर्मसंस्कृति र परम्पराहरू धरासायी भएका छन् । विदेशी धर्म सम्प्रदायहरूले निःशुल्क रूपमा उनीहरूको धर्मग्रन्थहरू वितरण गरेर सर्वसाधरण एवम् अल्पज्ञास्तिक जनहरूलाई अर्थलोलुपतामा पारेर परधर्मालम्ब बनाइरहेका छन् । कुनै दर्शनविनाको पाश्चात्य संस्कृतिले हाम्रो वेदको नक्कल गरेर विश्वमा आफ्नो साम्राज्य जमाइसकेको छ । विज्ञानको धनी हामी हिन्दू भएर आफैंलाई बिर्सिरहेका छौं । अहिले विज्ञानले जतिका पनि र जहाँ पनि

चमत्कार गरेको देखिन्छ, त्यो सबै वेदको विचार नै नक्कल गरेको पाइन्छ । आज विज्ञानले अमेरिकामा बसेका मानिसहरूसँग कुरा गर्न समाचार सम्प्रेषण गर्न कम्प्युटर जस्ता उपकरण बनाएको देखेर हामी किन परधर्मालम्बी हुने ! हाम्रा धर्मशास्त्रले जति पनि नियमानुशासन र कर्मकाण्डजस्ता क्रियाकलाप प्रस्तुत गरेका छन् ती सबै विज्ञानपरक र अकाट्य छन् । अहिले विज्ञानले उपकरणको माध्यमद्वारा खगोलीय अध्ययन गरेको छ भने, हाम्रो वेदको आँखा ज्योतिषशास्त्रले उपकरणविना नै अध्याँरो कोठाभित्र बसेर औंसी तथा पूर्णिमा एवम् सूर्य तथा चन्द्रग्रहणादि छुट्याउन सक्दछ । यस्ता विषय अध्ययन गर्ने योग्य पाठ्यसामग्रीहरूको अभावले हामी ज्योतिषशास्त्रबाट विमुख भएका छौं । (आफैँ ज्योतिष, लेखकको भनाइ, विष्णुप्रसाद तिम्सिना)

जो व्यक्ति ज्योतिषशास्त्रको अध्ययन गर्दछ, ज्योतिष शास्त्रको प्रकाण्ड विद्वान् बनेर भविष्यवाणी गर्न पनि सक्छ । त्यस्तालाई ज्योतिर्विद्, भविष्यवक्ता, भविष्यवेत्ता, त्रिकालदर्शी, सर्वकालज्ञ, दैवज्ञ ज्योतिष आदिको नामबाट चिनिन्छ, सम्बोधन गरिन्छ । आचार्य बराहमिहीरका अनुसार ज्योतिषीको स्वभाव सत्वादि, प्रिय र मिठो बोली बोल्ने व्यवहारमा नम्र विचारमा पवित्र अन्तस्करण भएको हुनुपर्दछ । ज्योतिष सूचना दिने र सम्भावना बताउने शास्त्र हो । शास्त्रमै रहेको कुरा ज्योतिषले शुभ या अशुभ घटना हुन्छ भनेर संकेत गर्ने कार्य गर्दछ । आकाशमा तारा ग्रह आदि पिण्डहरू रहेका छन् । ग्रह तथा ताराहरूले विशेषतः ज्योति (प्रकाश) प्रदान गर्दछन् । ज्योति दिने पिण्डहरूको बारेमा अध्ययन ज्योतिषशास्त्रमा गरिने भएकाले यस प्राचीन विद्यालाई ज्योतिष ज्ञान भन्ने गरिएको हो । यसले समाजमा सकारात्मक तथा नकारात्मक दुबै प्रभाव जमाउन सक्छ तर विषयवस्तुबारे ज्ञान व्यक्ति आँफैमा हुनु जरूरी छ । (प्रारम्भिक ज्योतिष, ज्योतिषशास्त्र, पेज १, ज्यो. प्रेमकुमारी गुरुङ)

विज्ञ ज्योतिषीहरूले त्यस्ता फलित तथ्यहरूलाई छुट्याई, पहिल्याई निश्चित गरी भन्ने भविष्यवाणीहरू तपाई हाम्रा जीवनमा लागु हुन्छन् नै । ब्रह्माण्डमा अवस्थित ग्रह नक्षत्रहरूका प्रभावदेखि स्वयम् पृथ्वीमाता पनि मुक्त छैनन् भने हामी पृथ्वीमै जन्मेर हुर्कने मानिसहरूले पनि आफ्नो जन्म मुहूर्तमा अवस्थित तिनै ग्रह नक्षत्रको प्रभाव जीवनभर खेप्नैपर्ने हुन्छ । ज्योतिषशास्त्रको उत्पत्ति कहिले, कहाँ र कसरी भयो भन्ने सन्दर्भमा खोजी गर्ने हो भने यसको कुनै टुङ्गो पाउन सकिन्न बरू जति खोज्दै गयो उति अन्धकार मात्र पाउन सकिन्छ । हालसम्म गरिएका अनुमानहरूमा हाम्रो यो पूर्वीय ज्योतिषशास्त्र करिब ५००० वर्ष अगाडिदेखि नै भारत वर्षकै सेरोफेरोमा विस्तार भएको मानिएको छ । यसले यसको प्रभाव मानव समुदायलाई पुर्‍याउँदै आएको छ । मानिसले गर्ने हरेक क्रियाकलापमा यसले मार्ग निर्देशन गर्दछ । (सरल पाङ फलित, भाग १, ज्यो.हरिश्चन्द्र भण्डारी)

ज्योतिष शिक्षाले समग्र व्यवस्थामा परिवर्तन ल्याउन मुख्य भूमिका खेलेको हुन्छ । समाजको विकासको गतिमा सकारात्मक परिवर्तन ल्याउन ज्योतिष र आध्यात्मिक ज्ञान अपरिहार्य छ । तर यस शिक्षाको उचित ज्ञानको अभावमा आज व्यक्तिहरू विभिन्न समूहमा विभाजित हुन पुगेका छन् । समाजमा अनुशासन घट्दै गएको र दण्डहीनता मौलाएको छ । (सम्पादकीय, ज्योतिष सञ्चार, अंक १, वर्ष एक)

ज्योतिषमान् (सचेतन) जाग्रत जगत्को एक दिव्य ज्योतिको नाम जीवन हो । ज्योतिको पर्याय ज्योतिष हो । त्यसको भाव जौतिष भनेर शास्त्रीय संसारमा चिनिन्छ । त्यस्तो ज्योतिरूप ब्रह्मा नै प्रकाश र प्रकाश्य भै जीव र जगत् रूपमा प्रकट भएको छ । अर्थात् ज्योतिरूप ब्रह्माको व्याख्या ज्योतिष नामले प्रसिद्ध छ । जसका विषयमा श्रुतिस्मृतिहरूले एक मुख भएर स्तुति वा निर्वचन गर्ने गरेको पाइन्छ ।

"यो परम ज्योति नै सबैको कारणरूप प्रकाश हो । यो प्रकाशलाई प्रकाश गर्न न सूर्य समर्थ छ अर्थात् त्यो ज्योतिष सहायताविना सूर्य प्रकाशित हुन सक्दैन । न त चन्द्र ताराहरू प्रकाशित हुन सक्छन् भने अग्नि त कता हो कता त्यो स्वयम् ज्योति भएर नै सारा प्रपञ्च दृश्य जगत् प्रकाशित भएको हो ।" त्यस्तै स्मृति ग्रन्थमा त्यो ज्योति तत्त्व परम र स्वयम् सत्य भएको प्रमाण पाइन्छ ।

**ज्योतिषामपि तज्ज्योतिस्तमसा परमुच्यते ।**
**यदादित्यगतमं तेजोजगद्भाषयतेखिलम् ।**

इत्यादि वाक्यद्वारा स्वयम् ज्योति सिद्ध छ । त्यस्तै चित्सुखाचार्य पनि भन्नुहुन्छ :

**चिद्रुपत्वादकर्मत्वाद् स्वयम् ज्योतिरितिश्रुतेः ।**
**आत्मानं स्वप्रकाशत्वम् को निवारयतुं क्षमः ॥**

इत्यादि श्रुतिस्मृति ग्रन्थद्वारा हजारौं प्रमाण वाक्य त्यो निर्विशेष सनातन ज्योतिका विषयमा आएका छन् । त्यो स्वयम् प्रकाशरूप ज्योति अथवा जौतिष हो । जसको दोस्रो नाम संवत्सर, प्रवत्सर आदिकालरूप हो । यसैलाई रुद्र, महारुद्र, अक्षरब्रह्मा आदि नामले ग्रन्थको प्रयोजनअनुसार संज्ञा दिएको पाइन्छ । ब्रह्मा सृष्टिको मूलाधार हो । त्यसका कार्यरूप बीजाक्षरहरू अथवा अनन्त कलाको एक एक कालांश नै ज्योतिरूपले प्रकट भएको छ । (ज्योतिषरत्न चन्द्रिका, भूमिका, खतिवडा, लक्ष्मण)

प्रख्यात ज्योतिषविद् अन्सारीका शब्दमा ज्योतिष सबै विज्ञानहरूमा एक कठिन विज्ञान हो । भौतिक र रासायनिक अर्थमा न यो भौतिक विज्ञान हो न त तत्वमीमांसा नै हो । गणितका सूक्ष्मताको एक दार्शनिकका अन्त प्रज्ञानात्मक क्षमतासँग सुसङ्गत रूपमा यो जोडिएको हुन्छ । परिणामस्वरूप व्यापक सिद्धान्तका अतिरिक्त मार्ग निर्देशकका निम्ति कुनै ठोस नियम निर्धारित गर्न

सकिन्न । जन्मकुण्डलीको जाँचको निम्ति अधिकतम विवेकशक्तिको आवश्यकता हुन्छ । हुन पनि ज्योतिषले संकेत दिन्छ । स्वशक्ति विकासका लागि पर्याप्त ठाउँ राखेर छोड्दछ । यदि खराब संकेत छन् भने ऊ प्रतिकारका निमित्त सबल बन्दछ तथा अनुकूल संकेत छन् भने आफ्नो प्रभावमा वृद्धि गर्दछ । आफू साहित्यिक अनुरागीसमेत भएकाले जो साहित्यिक क्षेत्रमा विशेष अभिरुचि राख्दछन्, तीसँग सेवामय भावनाले जन्मपत्री मागें तर केही उल्टै ज्योतिषलाई दोषारोपण गरेर आफ्नै कर्मको महिमा गाउन थाले । तब मैले बुझें ती भित्रका आशंका र अविश्वास । आफ्नो आन्तरिक रहस्य पोल खुल्छ भनेर पनि हुन सक्छ । वा ज्योतिष गुण गरिमा नबुझेर पनि हुनसक्छ जे होस् खोटो आत्माले टेडो कुरा सुनाएपछि त्यागमय भावनाको पूर्ण प्रत्याभूति नभएका सामु म चिना चपेटाको कुरै झिक्दिनँ ।

सात समुद्रपारिबाट मैले कार किनूँ वा नकिनूँ भनी टेलिफोनबाटै विश्वासपूर्वक राखेको प्रश्नमा तपाईं पहिले पनि दुर्घटनामा परेको हुनुपर्छ किनकि तपाईंको जन्मचक्रमा वृश्चिक राशिमा केतु छ, जुन बराबर चोटपटक लाग्नेको प्रतीक हो । फेरि किन अनिष्ट निम्त्याउनुहुन्छ ? त्यसैले नकिन्नुहोस् मैले भनें । त्यस्तै एकजना भारतीय कुनै एक बैङ्कका महाप्रबन्धकले आफ्नो जन्म तारिख दिएर आफ्नो जिन्दगी हाल सुन्न चाहे । मैले तपाईं अति संभ्रान्त एवम् ठूलो व्यक्तित्वको धनी भए तापनि पुत्रप्रति अनिष्ट तथा पत्नीसँग पनि वियुक्त हुने महाशोकको योग रहेको छ भनी पत्रबाटै जवाफ पठाएँ । नभन्दै केही समय पहिले नै आफ्ना दुबै पुत्र र पत्नीसमेत दुर्घटनामा परी मृत्यु भएको दुःखद घटना सुनाए । भावी जिन्दगीका निमित्त याचनापूर्वक उपचारको खोजी चाहे । मैले पनि शास्त्रीय विधि बताएँ । त्यस्तै जो ज्योतिषमा समेत ज्ञान राख्छन् र पचासौं कृतिका लेखक छन् । ती वरिष्ठ साहित्यकारको ज्योतिषीय कोणबाट जीवनवृत्त लेखी पठाएँ । उनी पनि विस्मयपूर्वक पानी पानी भई आँफैसँग भएका दर्जनौं कृति उपहारस्वरूप पठाए । त्यस्तै एकजना वरिष्ठ कवि हुनुभो । आफ्नो सही जन्ममिति दिनुहोस् भनेर मागें र उनको पनि जीवनवृत्त उतारेर प्रत्यक्ष सुनाएँ । उनले आँफैले राखेको उपनाम ज्योतिषशास्त्रमा नै भएको योगको समेत उल्लेख गरँै । उनकै विस्मृतिमा रहेका विगतका अद्भुत रहस्यमय घटनाको बोध गराएँ । उनी अत्यन्त गम्भीर हुन पुगेको भाव दर्शाउँदै मेरो ज्योतिषीय साधनाको समेत प्रत्यक्ष सराहना गरे । यस्ता कयौँ दृष्टान्त छन् । यी विभिन्न कारणले रहस्यमय ज्योतिष ज्ञान छोड्न हुँदैन भन्ने लाग्छ । (ज्योतिष र साहित्य,ज्योतिष एक रहस्यमय ज्ञान, पृ ५, अज्ञात, कपिल)

**सिद्धान्त-संहिता-होरा-रूपं स्कन्धत्रयात्मकम् ।**
**वेदस्य निर्मलम् चक्षुर्ज्योतिःशास्त्रमकल्मषम् ॥**
**विनैतदखिलं श्रोतं स्मार्त कर्म न सिद्ध्यति ।**
**तस्माज्जगद्धितायेदं ब्रूज्मूणा निर्मितं पुरा ॥**

स्कन्धत्रयका नामले प्रचलित गणित तथा फलित ज्योतिषशास्त्रले पञ्चस्कन्धात्मक रूप धारणा गर्दै हाल अझ व्यापक शाखाहरूमा समेत आफूलाई फैलाएको छ । जसमा जीव विज्ञान, पदार्थविज्ञान, रसायन विज्ञान चिकित्सा विज्ञान तथा मनोविज्ञानलगायतका विभिन्न विधाहरूसँग सम्बन्धित हुँदै यस शास्त्रले आफ्नो दायरालाई अझ फराकिलो बनाउँदै लगेको छ ।

वैदिककालदेखि नै विज्ञानकै हाराहारीमा यस शास्त्रलाई प्रमख स्थान दिइएकै हो । दूर्बिनविना पनि त्यस सुदूर कालमा गणित फलित दुबै विधामा भएको विशद विवेचनले प्राचीन कालको पूर्वीय ज्योतिषशास्त्रसम्बन्धी उर्वर क्षणलाई संस्मरण गर्न प्रविधियुक्त यस युगलाई पनि बाध्य तुल्याएको छ । पृथ्वीवासीलाई शुभाशुभ रूपमा प्रभावित पार्ने ग्रह नक्षत्रजन्य प्रभावलाई स्वीकार गर्दै पूर्वीय मानसागरका पुञ्ज हाम्रा पुर्खाले ग्रहगति र तिनका दूरीलाई समेत मापन गर्न सकेका हुन् ।

समग्र पृथ्वीवासी तथा प्रत्येक व्यक्ति विशेषमा पर्ने खगोलीय पिण्डहरू एवम् तज्जन्य प्रभाव सम्बद्ध विषयक अध्ययन अनुसन्धानलाई ज्योतिषशास्त्रले आत्मसात गरेको छ । जसमा व्यक्ति विशेष वा घटना विशेषले घटनाको रूप लिएको क्षणको खगोलीय स्थिति पत्ता लगाउनका लागि घटना घटेको वा व्यक्ति विशेष जन्मेको समयका आधारमा गणित गरी खगोलीय स्थिति झल्कने खालको चक्र निर्माण गरिन्छ र त्यसलाई जन्मलग्न कुण्डली भनिन्छ । अनि त्यस तात्कालिक वास्तविक खगोलीय स्थितिका आधारमा गणित गरिएको सूक्ष्म परिगणना र मानवशरीरमा परिकल्पित खगोलीय स्थितिसँगको तादात्म्यका विषयमा व्याख्या विश्लेषण गरिन्छ । यो प्रसङ्गलाई ज्योतिषको प्रयोजनका रूपमा यसरी स्पष्ट गरिएको छ ।

**शुभाशुभफलादेशो ज्योतिःशास्त्रप्रयोजनम् ।**
**स च लग्न-बलाधीनः कथितः पूर्व सूरिभिः ॥**
**भ चक्रस्य समा भागा उक्ता द्वादश राशयः ।**
**राशीनामुदयो लग्नं ते तु मेष-वृषादयः ॥**

पुराना अभिलेखहरू सर्वथा सधै अपरिहार्य र नयाँ सबै निष्प्रयोजन एवम् निरर्थक हुन सक्दैनन् । त्यसैले परस्पर सहअस्तित्व हुनुपर्दछ भन्ने अवधारणालाई आत्मसात गरेर नै ज्योतिषका क्षेत्रमा विभिन्न विचार, सिद्धान्त र पद्धतिहरू विकसित भएका हुन् । तर विषयगत अनभिज्ञताले गर्ने विविध गलत कार्यशैलीले गर्दा ज्योतिष र ज्योतिषकर्मीलाई विषयगत व्यापकताबाट सीमिततातिर उन्मुख गर्दछ र ज्योतिषसम्बन्धी जानकारी पनि नभएका विषयेतरका व्यक्तिले पनि ज्योतिषमा दोष देखाउन र हेयदृष्टि राख्न तम्सिन्छन् । जबकी ज्योतिषको विषय र क्षेत्रगत व्यापकताका कारण यसको अभावमा मानवजीवनको कल्पनासम्म पनि दुष्कर हुन्छ । दैनिक, साप्ताहिक, पाक्षिक, मासिक र वार्षिक रूपमा गरिने

नियमित कर्मका साथै अन्य धार्मिक संस्कार, संस्कृतिका परम्परा अतिरिक्त नैमित्तिक रूपमा गरिने कर्मका लागि चाहिने शुभ साइतकै आवश्यकताका दृष्टिले पनि मानवव्यवहारलाई त यसले नियन्त्रण गर्छ नै । यसबाहेक कृषि उत्पादन लगायतका विभिन्न विषय एवम् पलाफलसँग नक्षत्रको सम्बन्ध, समुद्रयात्रा, हवाइयात्रा, इञ्जिनियरिङ्ग, ग्रह-उपग्रह विज्ञान, गणित, पृथ्वी, भूगर्भविज्ञान, वृक्षायुर्वेद आदि विषयको अध्ययन गर्न समेत ज्योतिषको सहायता आवश्यक पर्छ ।

फलित ज्योतिषमा विश्वास गर्न नचाहने कतिपय सिद्धान्तवादीहरू सिद्धान्त ज्योतिषका अपेक्षा फलितज्योषितलाई अर्वाचीन मान्दछन् । तर, रामायण, महाभारतलगायतका सुदूर कालका प्रसिद्ध उपजीव्य ग्रन्थहरूमा समेत फलित ज्योतिषका प्रसङ्गहरू धेरै ठाउँमा पटक-पटक उद्धृत भएका छन् । महाभारत अनुशासनपर्व, भीष्मपर्व, उद्योगपर्व आदिमा नक्षत्रहरूको सूची र तज्जन्य दानफल, २७ नक्षत्रका देवता र तिनको स्वभावअनुसार नक्षत्रका गुण अवगुणका सम्बन्धमा समेत प्रकाश पार्दै ग्रह तथा नक्षत्रजन्य अशुभयोगको विस्तारपूर्वक वर्णन गरिएको पाइन्छ । यसका साथै बाह्मणग्रन्थलगायतका अन्य थुप्रै ठाउँहरूमा सर्वाधिक उल्लेख गरिएका फलितका प्रसङ्गले पनि मानव जीवनमा आइपर्ने उत्थान र पतन र प्राकृतिक रूपमा देखापर्ने सुभिक्ष दुर्भिक्ष दैवीविपत्ति जस्ता घटनासमेत ग्रहगतिलाई प्रभावित हुने विषयलाई दिग्दर्शन गर्दछन् । पूर्वीय वाङ्मयमा उद्धृत गरिएका फलित ज्योतिषपरक यी प्रसङ्गलाई नियालेपछि अब आधुनिक विज्ञानका आधारमा यसलाई विश्लेषण गर्ने तौर तरिकालाई पनि टिप्नु उपयुक्त हुन जान्छ ।

आधुनिक वैज्ञानिकहरू पनि ताराहरूको प्रभावबाट प्रभावित एवम् परिचित रहेका छन् । त्यसैले उनीहरू समुद्रमा देखिने ज्वारभाटा र चद्रमाबीचको सम्बन्धलाई स्वीकार गर्दछन् । चन्द्रजन्य प्रभावका कारण समुद्रको जलमा उतार चढाव आएजस्तै मानवशरीरको रक्तमा पनि चन्द्रमाको प्रभाव रहने गर्दछ । यसबाहेक चन्द्रसूर्यको प्रभाव मानिसमा मात्र सीमित नभई वनस्पतिसम्म पनि पुग्दछ । त्यसैले कतिपय फूलहरू बिहान फक्रन्छन् र साँझ समेटिन्छन् । सेतो कुमुद रात्रिमा फक्रिन्छ र दिनमा बैलाउँछ । उता रातो कुमुद भने दिनमा फक्रन्छ र रात्रिमा समेटिन्छ । त्यसैगरी ताराहरूको प्रभाव पशुमाथि पनि पर्दछ । भनिन्छ, बिरालाको आँखाको नानी चन्द्रकलासँगै घट्ने बढ्ने भैइरहन्छ । यसबाहेक पशुपंक्षी, कुकुर, बिराला, स्याल, काग आदिमाथि ताराहरूको प्रभाव पर्नुकै कारण कुनै घटना घट्नुपूर्व उनीहरू आ-आफ्नै स्वर तथा बोलीद्वारा मानिसलाई सावधान गराउनका लागि घटनापूर्व नै सूचित गर्ने गरेका उदाहरणहरू सबैका सामु छर्लङ्गै छन् । केही समय पहिला म्यानमारमा भएको आँधीहुरीजन्य विपत्तिबाट लाखौँ मानिसहरूको मृत्यु र बेपत्ता हुनेगरी भएको घटना हुनुभन्दा

एकदिन पूर्व ताँतीका ताँती भ्यागुताहरू सडक पार गरेर त्यस विनाशकारी घटनाको पूर्व जानकारी गराएको उदाहरण ताजै छ । यस्ता पशुपंक्षीगत चेष्टाका साथै प्राकृतिक रूपमा देखापर्ने शुभ अशुभ लक्षणको समेत ज्योतिषशास्त्रमार्फत अध्ययन हुन्छ । यसरी मानव जातिलाई सुरक्षित जीवन जिउनका लागि र व्यवस्थित जीवन निर्वाह गर्नकै लागि पनि ज्योतिषको उपादेयता अपरिहार्य रहेको छ । (लघु ज्योतिष, शुभंयु, माधवराज पाण्डे उप्रा.ने.सं.वि., अध्यक्ष दक्षिण यशियाली ज्योतिष महासंघ )

ज्योतिष एउटा गणितीय विज्ञान हो । जसले मनुष्य जीवनमा ग्रह गोचरले प्रभाव पार्ने कुरामा विश्वास गर्छ । शास्त्रमा भनिएको छ ग्रहा राज्यं प्रयच्छन्ति ग्रहा राज्यं हरन्ति च । ग्रहैर्व्याप्तमिदं सर्वंत्रैलोक्यं सचराचरम् ॥ ज्योतिष शास्त्र वृत्ति मात्रै होइन, समस्त जीवनको सारभूत कुरा हो । जीवनलाई नियमबद्ध पार्नको लागि ज्योतिषले ठूलो भूमिका खेलेको हुन्छ । ज्योतिषशास्त्र जीवनको गति हो । यसले हरेक समाजमा सकारात्मक प्रभाव पारेको हुन्छ । यो एयटा तरङ्ग हो । त्यसमा तरङ्गित हुन सक्नुपर्दछ । यो कुनै रूढिवाद होइन । गणितीय सिद्धान्त यसमा समावेश छ । सूर्यको गति, चन्द्रमाको गति, नवग्रहको गति साधन गरी लग्न कुण्डली, चन्द्र कुण्डली आदि तयार पारी चिना निर्माण गरिन्छ । त्यो बाहेक सिद्धान्त ज्योतिषले सम्पूर्ण ब्रह्माण्डको गतिविधि पत्ता लगाउन सक्छ । ( लघु ज्योतिष, लेखकका दुईशब्द, तुलसीराम पोखेल)

## १.४ निष्कर्ष :

ज्योतिष विज्ञानको प्रभाव, प्रयोग हिन्दू समाजमा मात्र नभई अन्य बौद्ध, किराँत, जैन, मुस्लिम, इसाई धर्मावलम्बीहरूको समाजमा पनि पाउन सकिन्छ । यी विविध धर्म मान्दै आएका व्यक्तिहरूको मतमा वा धर्मगुरुहरूको कथनमा आधारित रहँदा यतिबेला ज्योतिष विद्याले नेपाली समाजमा गुणात्मक तथा सकारात्मक प्रभाव पारिआएको पाउन सकिन्छ । अर्कोतिर आ-आफ्नो धर्ममतअनुसार, धर्मशास्त्रअनुसार, ज्योतिष विद्या सबैमा बढी नै प्रभावकारी र विज्ञानपरक पनि रहेको सम्बन्धित धर्म विषयका ज्ञाताहरूले बताइआएको पाइयो । साथै विभिन्न समयमा प्रकाशित विभिन्न व्यक्तित्वहरूका लेखरचनाले पनि सो कुरालाई पुष्टि गरेको छ । फेरी पनि अन्य धर्म सम्प्रदायसँग भन्दा पनि हिन्दूधर्मशास्त्रको कोणबाट, ज्योतिषशास्त्रको विविधतामा आधारित रही ज्योतिष विद्याले नेपालीसमाजमा पारेको प्रभावको विषयमा अध्ययन अनुसन्धान भयो ।

## सन्दर्भग्रन्थ-सूची


- अर्याल, दण्डपाणि उपाध्याय (२०६८), **ज्योतिषमा राजयोग**, काठमाडौं : एस.बि. प्रिन्टिङ्ग सोलुसन मुद्रण ।

- अज्ञात, कपिल (२०६६), **ज्योतिष र साहित्य**, चितवन : चितवन अध्ययन केन्द्र ।
- ओशो रजनिश, स्वामी आनन्द अरूण, **ज्योतिष अद्वैत का विज्ञान**, काठमाडौं : ओशो तपोवन नागार्जुन हिल्स ।
- खतिवडा, लक्ष्मण (२०६९), **ज्योतिष रत्न चन्द्रिका**, काठमाडौं : इला ग्राफिक्स एण्ड अफसेट प्रिन्टर्स ।
- खेमका, राधेश्याम, (२०७२ चतुर्थ पुनर्मुद्रण), **कल्याण, ज्योतिषत वाः** गीताप्रेस गोरखपुर ।
- गुरुङ, प्रेमकुमारी (२०६३), **प्रारम्भिक ज्योतिष**, पोखरा : गोर्खाली अफसेट प्रेस मुद्रण ।
- तिम्सिना, विष्णुप्रसाद (२०७२), **आफै ज्योतिष**, काठमाडौं : गौरी पब्लिक रिलेसन एन पब्लिकेशन ।
- पोखरेल, तुलसीराम (२०६५), **लघु ज्योतिष**, काठमाडौ : पाण्डे प्रिन्टिङ्ग प्रेस ।
- भण्डारी, हरिश्चन्द्र (२०७०), **सरल पाङ फलित**, पोखरा : न्यू राष्ट्रिय छापाखाना ।
- सापकोटा, माधव (२०७१), **संस्कृत वाङ्मय दर्पण**, नारायणगढ : प्रकाशक, विभिन्न सहयोगीहरू, मुद्रण : सरिता छापाखाना ।
- सिग्देल, विष्णुराज (२०७२), सम्पादकीय, **ज्योतिष सञ्चार** राष्ट्रिय मासिक पत्रिका, चितवन : न्यु बुद्ध प्रेस ।
- सुवेदी, बलराम (२०७४), **कालसर्पयोगको शल्यक्रिया**, नवलपरासी : चित्रवन प्रिन्टर्स, धन्वन्तरि प्रकाशन ।
- सुवेदी, बलराम (२०७५), सरल ज्योतिष, **'ज्योतिषशास्त्रको महत्त्व'**, नवलपुर ।
- सुवेदी, मधुसूदन (२०७०), **सरलीकृत कालसर्पयोग विधि**, ललितपुर : सुवेदी परिवार प्रकाशक, परिचित छापाखाना मुद्रण ।
- शर्मा, मुरलीधर, **वास्तुशास्त्र**, काठमाडौं : भिजन पब्लिकेशन प्रकाशन, न्यूरोड ।


ooo

# वनस्थलीबाट कोटेश्वर हुँदै चन्द्रागिरि

✍ **विनोद नेपाल**
**पोखराथोक, पाल्पा**
**हाल – काठमाडौं**

चन्द्रागिरि केवुलकारले भर्खरभर्खर सेवा प्रारम्भ गर्दाको समयमा पुगेका थियौं हामी २०७२ सालको असोज महिनामा चन्द्रागिरिको चुचुरोमा । बसाइ काठमाडौंमै र त्यता जाने इच्छा हुँदाहुँदै पनि मौका मिलिरहेको थिएन । यस वर्ष माघ र फागुनमै पनि पटकपटक हिउँले ढाकेको सेताम्मे चन्द्रागिरिको डाँडो देख्दा तत्कालै त्यहाँ पुग्न मन लालायित थियो । तर सम्भव भएन र ती दृष्य टाढैबाट हेरेर चित्त बुझाइयो ।

पहिलोपटक तीन वर्षअघिको यात्रामा आकाश नखुलेको र मौसम सफा नभएकाले उपत्यका तथा चारैतर्फका मनमोहक दृष्य हेर्न नपाइएकोले खिन्न हुनुपरेको स्मरण ताजै थियो । मौसम खुल्ने बिग्रने क्रम चलिरहेकाले मौसम खुलेका दिन जाउँला भन्दै त्यस्तो दिनको प्रतीक्षा गर्दै थियौं हामी । २०७५ सालको फागुन २८ गते मंगलबारको दिन भने यात्राको संयोग जुर्‍यो ।

सो दिन बिहान मौसम खुल्यो । खुलेको मौसममा चन्द्रागिरिबाट काठमाडौं उपत्यकालाई नियाल्नुको मजा बेग्लै हुनै लागेको थियो ।

जाने निधो त गरियो तर आफ्नो निजी वाहन नभएकाले कसरी जाने त भनी सोंच्दा चन्द्रागिरि हिल्सले केवुलकारका यात्रुलाई लक्षित गरी सञ्चालन गरेको बस सेवाको सम्झना भयो । बालाजूबाट नियमित रूपमा बस सञ्चालन भएको बारे थोरै मात्र जानकारी थियो । सो सेवा सम्बन्धमा निश्चित गर्न कम्पनीको वेवसाइट हेर्दा बस बिहान ८.३० बजे बालाजूबाट अगाडि बढ्ने जानकारी प्राप्त भयो ।

सोहीअनुसार बिहान ८ बजे यात्रा प्रारम्भ गरियो ।

निवासबाट वनस्थली हुँदै पैदलै बालाजू पुग्दा बस अगाडि बढ्न तम्तयार रहेछ । सुमित्रा र म हतारहतार बसमा चढ्यौं । भित्र त केवल दुईजना वयस्क र एक बालक मात्र छन् । हामी आश्चर्यमा पर्‍यौं । बस यसै प्रयोजनका लागि सञ्चालन गरिएकाले जे भए पनि बसले ठाउँमै पुर्‍याउनेमा भने ढुक्क भयौं ।

झन् आश्चर्य त तब लाग्यो जब कलङ्कीतर्फ सोझिनुपर्ने बस गोंगबुतर्फ सोझियो । हामीलाई जानकारी नभएको हो कि ? भन्दा अघिदेखि बसेका यात्रु पनि उस्तै चकित छन् । उनीहरू त झन् छिटो जानका लागि यही बस भेट्न

चावहिलबाट यहाँ आएका रे । अनि बस उल्टो हिंड्न थालेपछि आश्चर्यमा नपरून् पनि किन ? अगाडि यात्रुहरूले कुरिरहेका र तिनलाई लिएर गोंगवू बसपार्कतिर कतैबाट फर्कन्छ कि भन्ने ठानेको त बस त त्यहाँबाट पनि खुरुखुरु महाराजगञ्जतर्फ पो लाग्छ ।

अनि हामीले चालकलाई सोध्यौं - 'कहाँबाट फर्कन्छ बस ?'

चालकको जवाफले हामी चकित भयौं । बल्ल पो थाहा भयो । बस त महाराजगञ्ज, कोटेश्वर तथा कलङ्की स्थित भाटभटेनी परिसर हुँदै पो चन्द्रागिरि पुग्दोरहेछ । भएन फसाद ?

यति लामो फेरो मारेर मात्र पुगिने भएपछि 'लौ बेकार पो भयो' भनेजस्तो लाग्यो । सित्तैको बस चढेर यात्रा गर्न खोज्दा यस्तै हविगत हुन्छ । हामीले आफैलाई लोप्पा खुवायौं । तर बसी नै सकियो भने अब के लाग्यो र ? आखिर पुऱ्याइहाल्छ, देखा जाएगा, भन्दै हामी ढुक्कै बस्यौं ।

कम्पनीको वेवसाइटमा 'भाटभटेनी डिपार्टमेन्टल स्टोरबाट यतियति बजे बस सेवा उपलब्ध छ' भन्ने जानकारी उपलब्ध भए पनि रूटका बारेमा उल्लेख नहुँदा प्रत्येक स्थानमा अलगअलग बस होलान् र ती त्यहाँ रहेका यात्रुलाई बोकेर सिधै अघि बढ्छन् होला भन्ने लागेको थियो । यसरी उल्टो दिशा परिक्रमा गरेर मात्र चन्द्रागिरि पुग्छ भन्ने थाहा भएन । अर्थात् चन्द्रागिरि हिल्सले उपलब्ध गराएको बस सेवा भाटभटेनी स्टोरहरूबाट उपलब्ध भएको जानकारी भए पनि बाटो थाहा थिएन र यसरी चक्रपथ परिक्रमा गराउला भन्ने कल्पनै गरिएको थिएन ।

## 'काशी जानु कुतीको बाटो' भनेझैं भयो ।

कुराइ मात्र भयो, झन्डै ४५ मिनट महाराजगन्जमा कुर्दा त्यहाँबाट एकजना यात्रु पनि थपिएनन् । निर्धारित समय अर्थात् सवा नौ बजे बस 'कोटेश्वर' तिर लाग्यो । अनि झण्डै ४५ मिनट लगाएर नाम चलेको कोटेश्वरको जाम छिचोल्दै हामी पुग्यौं कोटेश्वरको भाटभटेनीअगाडि । त्यहाँबाट चाहिं,तम्तयार अवस्थामा रहेका चार यात्रु हत्तनपत्त चढे । त्यहाँ अरू धेरै अडिनु परेन । शायद बीचको जामले गर्दा त्यहाँ पुग्नुपर्ने समय नाघिसकेको थियो ।

अब जम्माजम्मी नौजना यात्रुलाई लिएर बस हुईंकियो । भर्खरै मात्र ठेकेदारबाट हस्तान्तरण गरिएको आठ लेन फराकिलो कलङ्की-कोटेश्वर सडक खण्डका ठाउँठाउँका जाम झेल्दै अबको गन्तव्य थियो कलङ्की भाटभटेनी जहाँ पुग्दा पौने एघार बजेको थियो ।

चालकले त्यहाँबाट सवा एघारमा हिंडने जानकारी गराए । 'यहाँबाट गुडेपछि त टाइम लाग्दैन, बाह्र बजे त माथि नै पुगिहाल्नुहुन्छ' उनले भने ।

ठीकै छ, 'साढे आठ बजे गुडेको गाडी खुरुखुरु गएको भए त नारायणगढ पो पुगिने थियो यतिञ्जेल' मैले भने, 'हामी भनें वनस्थलीबाट भर्खर कलङ्की आइपुगेका छौं, झण्डै अढाइ घन्टामा । अझै आधा घण्टा कुरेर १२ बजे चन्द्रागिरि पुग्नु र सिधा गएर नारायणगढ पुग्नु उस्तै हुने भयो' । चालक हांसे मात्र केही बोलेनन् ।

हामी पो वनस्थलीबाट चढ्यौं त, कोटेश्वर, कलङ्कीबाट चढ्नेहरूलाई त धेरै ठूलो सुविधा हो नि यो । वेवसाइटमा सूचना दिंदा रूट स्पष्ट उल्लेख नगर्नु गल्ती हो । यसले यात्रुहरूलाई भ्रममा पार्दछ । यदि उल्लेख गरिदिएको भए सोहीअनुसार योजना बन्थ्यो, धेरै सजिलो हुन्थ्यो । सही जानकारी पाएका भए हामी नै यो चक्कर मार्नुभन्दा खाना खाइवरी आनन्दले कलङ्की पुगेर बस्ने थियौं र यसैमा जानेथियौं । तर समय बढी लागेबाहेक यात्रामा असुविधा भने केही भएन । सुविधाजनक र फराकिला सिटयुक्त बस भएकाले ।

आफ्ना ग्राहकलाई सुविधा दिन कम्पनीले चन्द्रागिरि हिल्सले गरेको व्यवस्था राम्रै हो । तर यो पनि राम्रै अनुभव भयो एउटा । फुर्सद लिएर, सिंगै दिन चन्द्रागिरिको नाममा बिताउन खोजेकाले हामीलाई खासै असहज भएन । तर राम्ररी सूचना नदिंदा अर्थात् गाडीको रूट स्पष्ट नहुँदा समयको महत्त्व भएकालाई र उता पुगेर फर्कपछि पनि कतैको काम भ्याउनुपर्नेलाई भने अधुरो सूचनाले धोका पुग्न सक्छ । कम्पनीले अधिकाधिक यात्रुले यस सुविधाको उपयोग गरून् र लाभ लिन सकून् भन्नुपर्थ्यो । त्यसका लागि सोहीअनुसारको सेवा र स्पष्ट सूचना उपलब्ध गराउनु उचित हुन्थ्यो ।

कलङ्कीबाट तीन यात्रु थपिए । अनि बस तोकिएकै समयमा अगाडि बढ्यो ।

कलङ्की चोकमा केहीले हात देखाए । सहचालकले यात्रुलाई सोधे, उनले 'चन्द्रागिरि जाने हो ?' भनेपछि यात्रुहरू पछि हटे । राम्रो के रहेछ भने सो बसले अन्य यात्रु नबोक्ने,चन्द्रागिरि जानेहरूले चाहिं जहाँनेर हात दिए पनि लैजाने रहेछ । हात दिनेहरूलाई रोक्दै चढाउँदै गर्दा र थानकोट चेकपोष्टबाट भित्री सडक प्रवेश गरेपछि समेत यात्रु चढाउँदा त केवुलकारको बेस स्टेशनमा पुग्दासम्म त पचास जना अट्ने बस झण्डै आधा भरियो ।

काउण्टर होलो नै थियो । हामीले प्रति वयस्कका लागि रू.७००।- दरका दुई तर्फी टिकट काट्यौं । बोर्डिङ कक्षमा पुगेको केही समयमै कारमा प्रवेश गर्‍यौं र अघि बस चालकले भनेझैं कारबाट ओर्ली केहीबेर हिंडेपछि लगभग मध्याह्न १२ बजे चन्द्रागिरि पुग्यौं ।

उचाइमा भएकाले यस स्थानको आफ्नै सुन्दरता छ । तल खाल्डोमा तातेका हामीलाई माथि पुग्दा चिसो महसुस भयो । तर हिंड्दाहिंड्दै घाम चर्केकाले केही

समयमै गर्मीको महसुस हुन थाल्यो । बाक्ला कपडा झोलामा राखी भालेश्वरको दर्शन गर्न पुग्यौं । वरपरका दृष्य हेर्दै तस्वीरहरू लिंदै रमायौं ।

भीड छैन खासै । मानिसहरू कोही कता कोही कता छरिएका छन् । तस्वीर लिइरहेका छन् । हामी पनि त्यसै गर्छौं । उत्तरतर्फ देखिने सेता हिमाललाई हेर्छौं । यता काठमाडौ खाल्डोको किरिङमिरिङ सडक गुचमुच्च बस्ती र विभिन्न दृष्यहरू हेर्छौं । 'ऊ त्यो स्वयम्भू, त्यो कलङ्की, ऊ...पर एयरपोर्ट, सबैभन्दा पर देखिएको नगरकोट' भन्दै केही समय बिताउँछौं ।

काठमाडौं आफैमा सुन्दर छ । भौगोलिक अवस्थितिका दृष्टिले । यहाँका सम्पदाहरू विश्वलाई नै लोभ्याउँछन् । पछिल्लो समय काठमाडौं र नेपालप्रतिकै आकर्षण बढाउनका लागि नयाँ-नयाँ पूर्वाधार र संरचनाहरू निर्माण गरिएका छन् । थप आकर्षणको खोजी गरिंदैछ ।

काठमाडौंमा थपिएको पछिल्लो आकर्षक गन्तव्य हो चन्द्रागिरि डाँडो । नेपाल राज्य निर्माणको अभियानमा लागेका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको काठमाडौ प्रथम अवलोकनको नाका मानिएको यस पहाडी चुचुरोमा केही वर्ष अघि सञ्चालनमा आएको केबुलकार यहाँको आकर्षण हो । यो स्थान रमणीय छ । पछिल्लो समय एउटा धार्मिक पर्यटकीय गन्तव्यकै रूपमा विकास भएको र स्थापित नै हुन पुगेको छ ।

हरियालीको बीचमा टाकुरामा बनेको आकर्षक मन्दिर र केही भुल्ने, भुलाउने स्थानहरू, कृत्रिम चौर यहाँका प्रमुख आकर्षण हुन् । यहाँ केटाकेटीका लागि खेल्ने,रमाउने ठाउँहरू छन् । तिनमा ठूलाबडासमेत रमाउने गरेका छन् । फुर्सदको बेला रम्नका लागि होस् वा तनाव भुल्नका लागि यो गन्तव्य उपयुक्त छ ।

दैनिक हजारौं मानिस यहाँको यात्रा गर्छन् । काठमाडौंको उकुसमुकुसमा अत्तालिएका मानिस यहाँ आइपुग्दा आनन्दको अनुभूति गर्छन् । यहाँको स्वच्छ हावाले सानातिना रोग नै निको गराउँछ जस्तो लाग्छ । मानिसहरू उचाइबाट काठमाडौं उपत्यका र दक्षिणतर्फका अन्य स्थानहरूको दृष्यावलोकन गर्छन्, परपरसम्मका दृष्य नियाल्छन् । शहरको कोलाहल, धुवाँधुलोभन्दा माथि चिसो तथा स्वच्छ वातावरणमा रम्नुको आनन्द नै बेग्लै हुन्छ ।

काठमाडौंवासीका लागि चन्द्रागिरि लामो योजना आवश्यक नपर्ने र जतिखेर पनि योजना बनाएर तत्कालै जान सकिने गन्तव्य हो । यहाँबाट उत्तरतर्फ सेता हिमालको लामो श्रृंखलमा देखिन्छ जहाँ विभिन्न सुन्दर हिमाली चुचुराहरू देखिन्छन् । आकाश खुलेको बेला, नीलो आकाशमुनि सेता हिमाली चुचुरा देख्दा मन यसैयसै रोमाञ्चित हुन्छ ।

चन्द्रागिरि केवुलकार अगस्त ८, २०१६ मा सामान्य औपचारिकता साथ उद्घाटन भएको थियो । १५ डिसेम्बर २०१६ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालबाट यसको पूर्णरूपमा उद्घाटन भएको थियो । पछि वर्तमान प्रधानमन्त्री के.पी. शर्मा ओलीले त्यस स्थानको भ्रमण गर्ने क्रममा सुझाएपछि निर्माण भएको पृथ्वीनारायण शाहको शालिक भने २४ सेप्टेम्बर २०१७ मा राष्ट्रपति विद्यादेवी भण्डारीबाट उद्घाटन भएको थियो,जुन भालेश्वर महादेवको मन्दिरसँगै रहेको चन्द्रागिरि स्थित अर्को आकर्षण हो ।

चन्द्रागिरिको टाकुरोमा रहेको भालेश्वर महादेवको मन्दिर आकर्षक छ । दक्ष प्रजापतिको यज्ञमा होमिएकी सतीदेवीको मृत शरीरलाई देवाधिदेव महादेवले बोकेर पृथ्वी परिक्रमा गर्दा जहाँ सतीदेवीको 'भाल' अर्थात् 'निधार' पतन भयो त्यस ठाउँमा 'भालेश्वर महादेव' उत्पन्न भएको कुरा हिमवत्खण्डमा उल्लेख छ । भालेश्वर महादेवको दर्शन गर्नाले भक्तजनको मनोकांक्षा पूरा भई अन्त्यमा शिवलोकमा बास हुने जनश्रुति पाइन्छ ।

ऐतिहासिक महत्त्वको कुरा गर्दा चन्द्रागिरि प्राचीनकालदेखि नै ऐतिहासिक रूपले महत्त्वपूर्ण स्थान हो । नेपाल एकीकरणका अभियन्ता पृथ्वीनारायण शाहले सबैभन्दा पहिले चन्द्रागिरितर्फबाट नै सुन्दर नेपाल उपत्यकालाई नियालेका मानिन्छ । त्यति मात्र नभई पृथ्वीनारायण शाहले यसै स्थानमा आध्यात्मिक साधनामा साधनारत रहेर नेपाल उपत्यका एकीकरणको लागि शक्ति आर्जन गरेका थिए भन्ने जनविश्वास पनि रहेको छ । पृथ्वीनारायण शाह ससुराली मकवानपुरबाट आफ्नो राज्य गोरखा फर्कंदा चन्द्रागिरि हुंदै फर्केका र उपत्यकाको अवलोकनपछि नेपाल उपत्यकामाथि विजय प्राप्त गर्ने दृढ निश्चय गरेको उनको उपदेशमा उल्लेख गरिएको छ । नेपाल एकीकरणको प्रारम्भ चन्द्रागिरिबाटै शुरू भएको र त्यो इच्छा भालेश्वर महादेवले पूरा गरिदिएको भन्ने भनाइ छ ।

चन्द्रागिरि समुद्री सतहबाट २५५१ मिटर (७५००फिट) उचाइमा अवस्थित छ । काठमाडौ उपत्यकाको लगभग सम्पूर्ण भाग देखिने यस चुचुरोबाट अन्नपूर्णदेखि सगरमाथासम्मका हिमशृंखलाको अवलोकन गर्न र मनमोहक दृष्यहरू हेर्न सकिन्छ । यो त्रिभुवन राजमार्ग निर्माण पूर्वको कुलेखानी चित्लाङ हुँदै थानकोट निस्कने व्यापारिक मार्ग पनि थियो भन्ने मानिएको छ । यहाँ बाक्लो वन रहेको छ ।

दोस्रोपटक चन्द्रागिरि पुग्दा हामीले पहिलोभन्दा खासै ठूलो भिन्नता देखेनौं राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको पूर्ण कदको शालिक तथा केही संरचनाबाहेक ।

चन्द्रागिरि क्षेत्र हाइकिङका लागि उपयुक्त छ । लालीगुराँस, कटुस र अन्य विभिन्न वनस्पतिको प्राचुर्य रहेको सधै घना हरियो जंगल रहने यस क्षेत्रमा हाइकिङ गर्नुको मज्जा पक्कै पनि भिन्नै हुन्छ ।

चिसो हुन थालेपछि झण्डै चार बजे हामी तलतिर ओर्लियौं । तस्वीरमा चन्द्रागिरि र काठमाडौ खाल्डोका दृष्यहरूलाई कैद गरेर प्रफुल्लित मनसहित तल्लो स्टेशन आइपुग्दा कलङ्कीका लागि यात्रु बोलाउँदै गरेको बस भेटियो र 'भालेश्वर यातायात'को बसको प्रतीक्षा गर्दा साँझ उल्टो बाटो कोटेश्वर हुँदै लग्ने रहेछ भने मध्यरातमा मात्र निवास पुगिने डरले सोही सार्वजनिक यातायातको बसबाट कलङ्कीतर्फ लाग्यौं ।

वनस्थलीबाट कोटेश्वर हुँदै चन्द्रागिरिको यात्रा आफैमा उल्टो थियो । तर यात्रा अत्यन्त रोमाञ्चक रह्यो । उल्टै परे पनि एकातिर पूरै चक्रपथको अवलोकन गर्ने अवसर जुऱ्यो भने अर्कोतर्फ चन्द्रागिरिको चुचुरो पनि चुमियो । यसैले यसलाई उपलब्धिमूलक नै ठानियो ।

यसरी बिहान ८ बजे निस्केका हामी त्यत्रो चक्कर काटेर र चन्द्रागिरि पुगेर पनि झिसमिसे साँझमा आफ्नै आँगनमा आइपुग्यौं । यो यात्रा अविस्मरणीय रह्यो ।

ooo

**गुल्मीकै गौरव किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ' ४७ औं वर्षमा प्रवेश गरेको शुभ साइतमा यसको नियमितता, विकास र विस्तारका लागि मङ्गलमय कामना प्रकट गर्दछौं ।**

**न्यू शैलजा कमर्सियल सेन्टर**

तम्घास, गुल्मी

**थोपा, थोपा गरेर गाग्री भरिन्छ; तपाईंले थोरै थोरै जम्मा गर्दै गए पनि धेरै हुन्छ । नियमित रूपमा बचत गर्ने बानी बसाली सहकारी अभियानलाई सफल पार्नुहोस् ।**

**लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि.**

**राममन्दिरलाइन, बुटवल-६, रूपन्देही**

फोन : +९७७-७१-५४२०७२, ५४६६७२, फ्याक्स नं. : +९७७-७१-५५००७२
E-mail : lumbinis@yahoo.com, lumbinicop@gmail.com

# गुल्मी छ प्यारो सदा

✍ **चन्द्रकान्त आचार्य**
**वाङ्ला अर्घाखाँची**

१. साथी भाइ सबै जो थे तिनैलाई सघाउने
दाइ ज्ञानु थिए सच्चा सबैका दुःख हर्दिने
आफ्नोभन्दा अरूको नै विचार मनमा लिने
कसले गर्न के सक्छ मूल्याङ्कन गरीदिने ।

२. कस्तो विचार राम्रो थ्यो अरूलाई सिकाउँने
सबै अरू भए मात्र समाज बन्छ भन्दिने
समाज अनि देशैको गर्नुपर्दछ चिन्तन
बने देश सबै बन्छौँ यही गर्नु छ मन्थन ।

३. बनाई देश आफ्नो के गान्धी महात्म बिग्रिए ?
नोटमा अहिले जम्मै फोटो नै तिनका रहे
मण्डेला अनि लेनीन अब्राह्म लिङ्कनै थिए
देश मात्र थियो स्वार्थ तिनै अजम्मरी भए ।

४. आफ्नो राम्रो सबै खोज्छन् बाटो यहाँ बिराउँछन्
समाज देश बन्दैमा आफू बिग्रनु सौँच्दछन्
आफूसमेत बन्ने हो बन्दा देश यही बुझ
ज्ञानका हरि ती दाइ यही थ्यो तिनको गुण ।

५. नेतृत्वमा सबै जान राम्रा कुरा बताउने
भाषणै जगमा गर्ने जनता भुल्भुलाउने
पुगी सत्ता समालेर सबै कुरा भुलीदिने
आफ्ना नजिकका साथ भित्रभित्रै रमाउने ।

६. यस्तो रोग पसीजाला राजनीति गनाउला
लोकतान्त्रिक नेतामा उल्टो सौँच पलाउला
भन्ने भविष्यको रोग बिपी बाबु बताउँथे
त्यस्तो होला भनी दाइ ज्ञानु हाम्रा डराउँथे ।

७. त्यही डर पसेकोले वैराग्य अलि भित्रियो
खानपान बढी विग्र्यो तर विद्या दिईरह्यो
गुल्मीमा शशि पन्थी भै वाङ्लामा ज्ञानु ती फिरे
पाणिनि क्याम्पसै चम्क्यो अर्घाखाँची तिनी रहे ।

८. सत्सट्ठी तब साल थ्यो अनि उसै वर्षा असारे अहो
चिम्ली लोचन निश्चलै हुनुभयो दाज्यू घरैको मियो
पीडा जो थपियो निकै नि गहिरो संसार बुझ्दै गयौँ
जो बाँकी जति थ्यौँ रूँदै बसिरह्यौँ आधार खोज्दै रह्यौँ ।

९ भाउजू अम्बिकामाथि बज्रपात पऱ्यो भनी
मित्रबन्धु सबै जम्मा रूँदैछन् सब ती पनि
छोरा भरत राम्रो छ कुलभूषण निश्चय
स्नेहका मूर्ति छन् छो्री रेखा र सङ्गिता द्वय ।

१०. गुल्मीका जनले अतीव गहिरो श्रद्धा र माया दिए
रेसुङ्गा जुन क्याम्पसै प्रिय रह्यो भेला सबै त्यैँ भए
शिक्षाको जगपूर्तिका गुरु तिनी बाँचून् सधै त्यैँ भने
निर्माणै गरिएछ सालिक त्यहाँ दाज्यै त्यहीं बस्दिए ।

११. हामी ता अब फेरि ढुक्क भइयो दाज्यू सधै साथमा
धन्यै ती जनता छिमेकतिरका गुल्मी छ प्यारो सदा
पुर्खाको यश छर्दिने प्रिय तिनी ज्ञानी सधै बाँच्दछन्
हाम्रा सन्ततिले सधै पुगि त्यहाँ माया र श्रद्धा भरून् ।

०००


# किरण पुस्तकालय

**तम्घास, गुल्मीबाट**

***डेढ दर्जन जति पुस्तकहरू प्रकाशित भएका छन् । गुल्मीबारे जानकारी प्राप्त गर्न यी पुस्तकहरू खोजी खोजी पढ्नुहोस् ।***

*(कवि कुलमणि देवकोटाले तानसेन निवासी आफ्ना प्रिय सखा ढुण्डिराज खनालको निधनप्रति शोकाभिभूत भई प्रस्तुत गरेका संस्कृत श्लोकहरू)*

# स्नेहाञ्जलि-श्लोक

✍ **स्व. कुलमणि देवकोटा**
**तानसेन, पाल्पा**

खनाल-ढुण्डिराजं तं स्नेहपात्रं स्मराम्यहम् ।
ऊर्ध्वं समादिशद् देवो ढुण्ढिराजः स्वयं हि यम् ॥

*ती स्नेहपात्र ढुण्ढिराज खनाललाई म स्मरण गर्छु*
*जसलाई स्वयं भगवान् ढुण्डिराज (गणेश)ले माथि ।*

(१)

उपरि वसति कोऽपि क्रूरकर्मा करालो
युगल-नयनहीनो ज्ञाननेत्रेण शून्यः ।
उपलमय-मनोमस्तिष्क-युक्तः कठोर-
स्तिमिर निकरमूर्ति मूर्खराट् राक्षसः सः ॥

*माथि कुनै यस्तो भीषण क्रूरकर्मा बसेको छ जसको न चर्म-*
*चक्षु छ न ज्ञानचक्षु । उसको मन-मस्तिष्क पत्थर जस्तै*
*कठोर छ । भित्र बाहिर सबै कालो स्वरूपको त्यो*
*बुद्धिहीन र राक्षस समान छ ।*

(२)

अहह सकलनृणां मातुलं प्रेमपात्रं
परिमित मृदुवाचं नित्य शुद्धस्वभावम् ।
परिकर-परिवीतं जीवनाथस्य पुत्रं
सरलमपि च सद्यः प्राहरद् ढुण्डिराजम् ॥

*हा ! कस्तो खेद छ कि उसले सबैका प्रेमपात्र मामा*
*जो थोरै बोल्थे र मीठो बोल्थे, जसको स्वभाव नित्य*
*थियो, जो सधै कम्मर कस्थे र स्वभाव सरल थियो ।*
*जीवनाथका पुत्र ढुण्ढिराजलाई हरण गरी लग्यो ।*

(३)

अतिशय सहयोगी जीवने यः किलासीत्
पितृसुरगतप्राच्य-प्रस्थितिर्यो गृहस्थः ।
विहतकृतिरकस्मात् प्राचलद्धा स एव
इति विदित कुवार्तस्तानसेनो रुरोद ॥

*जो जीवनमा अत्यन्त सहयोगी थिए, जो गृहस्थ धर्ममा*
*रहेर पितृ तथा देवताहरूमा श्रद्धा राख्दथे, तिनै ढुण्डिराज*

*कर्मशून्य भै अकस्मात् यहाँबाट गए-यस्तो*
*समाचार सुनेर तानसेन नै रोयो ।*

(४)

जनक-जननि-जाये-पुत्र-पुत्रीति बन्धैः
स्मिति-प्रणति-सुशिक्षाऽऽदेशन प्रीणनाद्यैः ।
क्षणमनु परतन्त्रा वञ्चिता स्वाधिकारै
र्जगति हि नारनार्यः सर्वथा हा ! वराक्यः ॥

*पिता, माता, पत्नी, पुत्र, पुत्री, यस्ता सम्बन्ध बनाई*
*मायाँ, अभिवादन, शिक्षा, निर्देशन*
*आदि प्राप्त गरेका नरनारीहरू क्षणभरमा नै अधिकारबाट*
*बञ्चित भएर परतन्त्र भएका छन्, जगत्मा दयनीय छन् ।*

(५)

प्रियतम जनमध्ये यस्य कस्यापि साधो
रहह ! प्रियतमाया यस्यकस्यापि साध्व्याः
अधिचिति विकरालं देहदाहस्य चित्रं
कुनियति विवशास्ताः स्वप्नवल्ली कृतं हा !

*प्रियतम जनमध्ये जो कुनै सज्जनको अथवा*
*कुनै साध्वी प्रियतमाको चितामाथि विकराल देहदा*
*दृश्य दुर्भाग्यवश देख्नुपर्दा लाग्छ यो संसार स्वप्नकौ*
*लहरो मात्र हो ।*

(६)

विरहनयननीरैरुग्र शोकाग्नितप्तै-
रियमति कटुसूक्ति विश्वकोषेऽस्ति बद्धा ।
हृतप्रियतम वित्ता-वेदनाव्यग्रचिन्ता
विलपितिमवरोद्धुं हा ! मनुष्याः स्वतन्त्राः ॥

*भीषण शोकाग्निले तपेका र विरहजन्य आँसुले भरिएका*
*प्राणीहरूले यस्तो कटुसूक्ति विश्वकोषमा बाँधिदिएका*
*छन् कि स्वतन्त्र मानिसहरू पनि प्रियतमको वियोग*
*वेदना र वेदनाग्रस्त चिन्ताले युक्त हुँदा त्यसलाई रोक्न*
*विलाप गर्दछन् ।*

(७)

अनुचरमुपयुञ्जन् हा ! प्रमाथीति वर्ष-
मयनमपि हरे ! दक्षिण्यहीनं विचार्य ।
ऋतुमपि शिशिराख्यं माघमासं च सायं
प्रसृभर-मकरास्यं चोष्णराश्मिं विधाय ॥

धवलमपि च पक्षं कारयन् कृष्ण-कृष्णं
तिथिमपि ननु भीमामष्टमीं संप्रयोज्य ।
कविमपि कलयन् हा । भीषणं दुष्टमङ्कं
षडधिक यमशिल्पं धिक् कृतान्नं करालम् ॥

*प्रमाथी संवत्सर चुनेर उत्तरायणकाल ठम्याएर, शिशिर ऋतु, माघ मास, साँझको समय फैलिएको मकर (गोहीं)को मुखमा सूर्यलाई राखेर अर्थात् मकर मास पारेर अनुचरहरूको उपयोग शुक्ल पक्षलाई पनि कालो-कालो गराउँदै, भीमाअष्टमी तिथिलाई प्रयोग गरी कविलाई पनि भीषण शोक पार्दै लैजाने क्रूर यमराजलाई धिक्कार छ ।*

(८-९)

शर-शर-शरदो हा ! नैववार्धक्य योगा
नयन-गगनवर्षा नैव पर्जन्यमासः ।
सित वसन वितानो नैव हेमन्तमासः
स्थितिरति विकराला नैव कल्पान्तकालः ॥

*वार्धक्य योग छैन तर पनि कालको शर प्रहारमा रहेछ, वर्षा महिना छैन तर पनि आकाशरूपी नयनबाट वर्षा भइरहेछ, हेमन्त मास छैन तर पनि सेतो वस्त्र टाँगिएको छ, कल्पान्त काल हैन तर पनि स्थिति अत्यन्त विकराल छ ।*

(१०)

वितरत सहशक्तिं वन्धुसंवन्धिवर्गा -
अनुनयत समस्तान् हा ! विपन्नान् सदस्थान् ।
कुलमणिरपि तस्मिन् स्नेहवद्धश्चिराय
विलपति बहिरन्तस्तस्य सौजन्य-मुग्धः ।

*हे वान्धव र आफन्तजनहरू हो ! सहन सक्ने शक्ति प्रदान गर, समस्त विपद्ग्रस्त परिवार जनहरूलाई सम्झाऊ फकाऊ । तिनको स्नेहमा बाँधिएको र सौजन्यमा मोहित भएको यो कुलमणि पनि भित्रैदेखि र बाहिरदेखि पनि विलाप गर्दछ ।*

(११)

***ता.न.पा. याम् माघ दिवसेषु-२३-२६, २०४३***

**अनुवादक : कृष्णप्रसाद कोइराला**

ooo

# खरायो र मूसो

✍ **रमेश गौतम 'पाल्पाली'**
**हाल : सिड्नी, अस्ट्रेलिया**

दया मिस कक्षा कोठामा अउनासाथ विद्यार्थी उठेर नमस्ते गरे । सबैलाई बस्न पठाएर मिसले किताब पल्टाउन लागेको देखेर राधाले "मिस आज पनि पहिले एउटा कथा सुनाउनुस् न" भनिन् ।

"कथा सुन्ने हो त ! त्यसो भए ध्यान दिएर सुन है त । एउटा किसानको बारीमा ढुङ्गाको कोप्चेरो भित्र फराकिलो ठाउँ थियो । त्यसमा खरायो बस्थ्यो । त्यसको अलि पर मूसो बस्थ्यो । खरायोले झारपात खान्थ्यो । एक दिन मूसाले बोटमा चडेर फलफूल र अन्न खाएको देख्यो ।

'आहा !, मूसासित मित लाउन पाए त फलफूल र अन्न पनि खान पाइने रहेछ ।' भनेर मित लाउने प्रस्ताव राख्यो । मूसालाई पनि सर्पको डर हुन्थ्यो । खरायोसित बस्न पाएपछि त्यो डर नहुने भयो । दुबैले मित लाएर एकै ठाउँमा बस्न थाले । मूसो मकैको बोटमा, फलफूलको बोटमा चडेर आफूले खान्थ्यो र खरायोलाई पनि झारिदिन्थ्यो ।

"मैले त जताततै पँहेलै देख्न थालेँ नि मितजू" एक दिन खरायोले भन्यो ।

"तपाईँलाई कमलपित्त (जण्डिस) भयो । तपाईँले (१) कमलको फूल, गुम्पाती ( द्रोणपुष्पी) ५–५ ग्राम र मिश्री मिलाएर एक एक गिलास खानुस् । (२) गुम्पातीको सर्वत मिश्रीसित दिनको दुई पटक खाने, त्यसको फूलको चियाजस्तो गरेर खाने र आँखामा रस लाउने गर्नुस् । ध्यूकुमारीको गुदी २० ग्रामजति केही दिन खाए पनि हुन्छ । (३) ३/४ वटा पिपलका नयाँ पात वा मुना सफा गरेर थिच्ने र एक गिलास पानीमा घोलेर छान्ने, अनि मिश्री वा चिनी मिसाएर दिनको २ पटक खाने गर्नस् । (४) तिते करेलो र गुम्पातीको रस ५/५ ग्रामखाने । कमलपित्तको खास औषधि त मण्डुर (कीट) भस्म हो । यो बनाउन हामीलाई गाहारो छ ।

"किन गाहारो छ मितजू ?" खरायोले सोध्यो ।

"कीट (मण्डुर)लाई कम्तीमा सात पटक आगोमा रातो हुन्जेल तताउँदै गाईको गँवतमा चोप्दै गरेर शुद्ध गराएर बल्ल धूलो बनाएर घिऊ र महसित २ लाल दिनको २ पटक खानुपर्छ । हामीले कसरी बनाउने ?" मूसाले भन्यो ।

"हो, मितजू । बरू वैद्यको पसलबाट ल्याउन सके हुन्छ ।"

"हुन्छ मितजू, त्यो काम गरौँला । माथि भनेका औषधि मध्ये एउटा र मण्डुर भष्म एउटा गरेर खाने गर्नुस् । अनि यस्तो कमलपित्त भएको बेलामा पाकेको मेवा, जामनो, उँखुको रस, सागपात खुब खानुपर्छ । घिऊ तेलजस्ता पदार्थ खानुहुन्न र धेरै परिश्रम पनि नगरेर आराम गर्नुपर्छ । अनि मलाई अँस्तिको काफलले हो कि के हो ! दिसा गर्न मनलाग्छ आउँदै आउँदैन । सारै गाहारो भएको छ । के गर्ने होला ?" मूसाले भन्यो ।

"ए, काफल खाएपछि खुब पानी खानुपर्थ्यो, मैले पनि भनिन । (१) गाने गुर्जोको धूलो गुँडसित खाने । (२) इसागोलको दाना १० ग्राम जति तातो दूध वा पानीमा भिजाउने र थोरै चिनी मिसाएर खाने । (३) किसमिस साँझ एक गिलास पानीमा भिजाउने, बिहान पानीसमेत खाने गरे पनि हुन्छ । (४) भए त्रिफला, नभए हर्रोको धूलो १ चप्चा पाए महीसित नभए मनतातो पानीसित खाने (५) गानेगुर्जाको धूलो र गुण ५–५ ग्राम सुत्ने बेलामा खाने । यीमध्ये कुनै एक वा दुई थरी प्रयोग गर्ने । बरू चिनी, मिश्री, गुँड र किसमिस पो कसरी ल्याउने हो ?"

"पीर नगर्नुस् मितजू । नजिकै दुकान छ, राति दुबैजना जाउँला । मैले खुसुक्क झिक्छु । बोकेर ल्याउँला ।" मूसाले भन्यो ।

"दुबैले औषधि बनाएर खाएपछि केही दिनमा सञ्चो भयो र आनन्दपूर्वक बसे । कस्तो लाग्यो कथा ?" मिसले सोध्नुभयो ।

ooo


# हार्दिक शुभकामना

गुल्मी जिल्लाकै ऐतिहासिक, साहित्यिक र शैक्षिक धरोहर किरण पुस्तकालयको ५१ औं वार्षिकोत्सव तथा 'हाम्रो पुरुषार्थ'को ४७ औं वर्ष प्रवेशको उपलक्ष्यमा पुस्तकालय र पत्रिकाको उत्तरोत्तर प्रगतिका लागि मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.**
**SHINE RESUNGA DEVELOPMENT BANK LTD.**

**तम्घास शाखा, गुल्मी**

**फोन : ०७९-५२०९९५, ५२०७१५**

Website : www.srdb.com.np

# ताक परे तिवारी ... !

✍ **पन्थी रामप्रसाद**

**रेसुङ्गा नगरपालिका-२, छापटोला**

आजकल एक्लै एक्लै हिंडिरहन मन लाग्छ मलाई । किन हो ? थाहा छैन । बुढ्यौलीले छोएर हो कि ? म आफै विमूढ भएर हो ? त्यो पनि थाहा छैन । मात्र थाहा छ; म एक्लै एक्लै हिंडिरहन्छु, ब्वाङ्ब्वाङ्ती । कहिले कसैसँग घच्चा खान्छु । कहिले कसैको मुक्का खान्छु । एकदिन यसै यसै हिंडिरहेको बेला कसैको सम्बोधन 'पन्थी ! कहाँ हिंडेको यसरी ?' प्रश्न कानमा गुञ्जियो तर प्रश्नकर्ताको अत्तोपत्तो थिएन त्यहाँ । उसैले दोहोस्यायो - "आत्तिनु पर्दैन, मैले राम्रोसँग चिन्दछु तिमीलाई ।"

मैले प्रतिप्रश्न गरें - "तिमी को हौ ? कसरी चिन्दछौ मलाई ? कहिलेदेखि चिन्दछौ ?"

उसले भन्यो - "म पन्थ । तिमी पन्थी । वर्षौंदेखि चिन्दछु तिमीलाई ।"

मैले भनें -"भनाइको मतलब ?"

उसले भन्यो - "मतलब सिधा छ । पन्थको अर्थ पथ । पथमा चल्ने पन्थी । म बाटो । तिमी बटुवा । तिम्रो र हाम्रो वर्षौंको सम्बन्ध छ, बुझ्यौ ? तिमी जन्मिएपछि नै तिम्रो र हाम्रो नाता जोडिएको हो । तर तिमीले बिर्सियौ ...?"

"तर कसरी ...?" प्रतिप्रश्न थियो मेरो । उसले भन्दै गयो - "म पन्थ हुँ पन्थी । कतै ओरालो छु । कतै भिरालो छु । कतै उकालो छु । कतै तेर्छो त कतैं तेर्पायँ । तिमीलाई जीवनका अनेकौं घुम्टी र मोडहरूमा साथ दिएँ । गल्छेडाहरूमा चल्न सिकाएँ । तर तिमी त ताक परे तिवारी नत्र ...।"

ऊ बीचमै अडियो नत्र ... ले ममा थप कुतुहलता पैदा गस्यो । "नत्र ... के ?" उसले स्पष्ट पार्दै भन्यो - "मतलब साफ छ । तिमी पन्थी न पस्यौ । ताक अनुसार धाक लगाउँदै हिंड्ने । कहिले दक्षिण पन्थी । कहिले उत्तर पन्थी । कहिले वाम पन्थी । कहिले हाम पन्थी । कहिले दाम पन्थी । कहिले खाम पन्थी । कहिले गरम पन्थी । कहिले नरम पन्थी । कहिले के ? कहिले के ? ताक परे तिवारी नत्र पन्थी ।"

"अँ, साँच्ची तिम्रो नाम के अरे ? मैले फटाफट उत्तर दिएँ - "रामप्रसाद ।" उसले भन्यो - "असम्भव हुनै नसक्ने कुरा । तिमी धर्मनिरपेक्ष राष्ट्रको नागरिक । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्रको जनता । यो हुन सक्दैन ।

संविधानको मर्मविपरीतको नाम । हिन्दूवादी नाम । के तिमीले मुनको होली वाइन पिएका छैनौ ?" मैले जवाफ दिएँ - "पिएको छैन त ...।" ऊ कड्कियो - "घोर अनर्थ । सत्यनाश । अराबौंको सत्यनाश ।" ऊ बोल्दै गयो -

"नुनको सोभ्mो त गर्नुपर्ने तिमीले । ब्रिफ केशको बिटो पचाएपछि त ... । हामीले त्यसै छाड्दैनौं तिमीलाई ... पर्ख । ... तिम्रो जात के रे ? उसमा रूखोपन बढ्दै थियो । मैले नरम शैलीमा उत्तर दिएँ -

"हजुर ब्राह्मण ।" ऊ अझ झोक्किंदै गयो- ब्राह्मण शब्दसितै एलर्जी छ मलाई । तहसनहस पार्नुपर्छ यसलाई । थला पार्नैपर्छ उठ्न नसक्ने गरी । लडाएरै छाड्छौं तिमीहरूलाई । आफू-आफूमा । जाति-जातिमा । ... अनेकतामा एकता ! तिम्रो अनेकता पुऱ्याइदिन्छौं कता... कता । चाखौला स्वाद ।

संघीयता कसले ल्याइदियो तिमीलाई ? हामीले । कसका लागि ? हाम्रा लागि । किन ल्याइदियौं संघीयता ? तिमीलाई टुक्र्याउन । मास्न । सिध्याउन । फूर्ति लगाउँछौ, गणतन्त्र ल्यायौं भनेर । राजा फाल्यौं भनेर । किन फालिए तिम्रा राजा, थाहा छ ? छैन होला । कान खोल सुन । हामीले फाल्दियौं तिम्रा राजा । हाम्रो अनुकूल नभएर, बडा राष्ट्रवादी हुनुपर्ने ? सिध्याइदियौं हामीले । हामीले भनेको माने ललिपप चटाइदिन्छौं नमाने धुलो चटाइदिन्छौं । बुझ्यौ ?

तिमीले जसलाई तिम्रो आदर्श ठान्छौ । जसलाई नेता मान्छौ । अगुवा भन्छौ । विचरा ! गणिका । गणिका भनेको थाहा छ तिमीलाई ? पैसा लिएर यौवन बेच्ने बेश्या । अब त बुझ्यौ के ? दुई-चार जना छन् राष्ट्रवादी बन्न खोज्ने । तिनीहरूलाई कसरी सिध्याउनुपर्छ, थाहा छ हामीलाई ।

सुनेका छौ कहिल्यै हिटलरको कथा ? इदी अमिन, पोलपोट, मुसोलिनी, बोकासा र ओसामाका प्रतिबिम्बहरू कसले तयार पाऱ्यो ? तिम्रै गाउँमा, टोलमा सहरमा ? हामीले । हामीले तयार पाऱ्यौं आलमलाई । आलम हाम्रो आदर्श । तिम्रो अगुवा । जसले तिमीलई हाल्यो ईँटाभट्टीको चिम्नीमा र खरानी पाऱ्यो । के-का लागि फुर्ति लगाउँछौ हामीसँग ? जनयुद्धका कुरा गरेर । तिमीलाई हतियार कसले दियो ? कसले लुकायो ? कसले संरक्षण गऱ्यो ? कसले सत्तामा पुऱ्यायो ? कसले जुटायो ? कसले फुटायो ? थाहा छ तिमीलाई; तिम्रै चाणक्य के भन्छन् -

**तक्षकस्य विषं दंते मक्षिकायाः विषं शिरे ।**
**वृश्चिकस्य विषं पुच्छे सर्वाङ्गे दुर्जने विषम् ॥**

सर्पका दाँतमा, झिङ्गाका शिरमा, बिच्छीका पुच्छरमा विष हुन्छ । बुझ्यौ, हाम्रो सर्वाङ्ग नै विषयले युक्त छ । तिमी मुक्त हुनै सक्दैनौ । यो पनि जानी राख -

**'मूर्खस्य हृदयं शून्यं सर्वशून्यं दरिद्रता ।'**

मुर्खको हृदय मात्र शून्य हुन्छ । हामीले तिमीलई त्योभन्दा पनि तल पुर्‍याइदिएका छौं । दरिद्रताको तहमा । जसको सबैतिर शून्य हुन्छ । केवल रित्तो । आज तिम्रो भाषा, कला, धर्म र संस्कृति कहाँ छ ? शून्य आकाशमा । एकादेशको कथामा । इतिहासका पानामा ।

अझ पनि नेपाली भन्न लाज लाग्दैन है तिमीलाई ? अर्काको पालीमा ओत लागेको थाहा छैन, अझै ने-पाली । अझै कतिञ्जेल ढाँट्छौ आफूलाई ? पुर्खाको रगत र पसिनासँग साट्छौ आफूलाई ?"

क्या हो पन्थी, आज त सुत्नै दिएनौ रातभर । एकाबिहानै तिवारी साथीले सुत्न नपाएको गुनासो गर्दा कता कता लाज लाग्यो । कुनै न कुनै रूपको पन्थी भएकोमा । पन्थीवादबाट ग्रसित भएकोमा कता कता मुटु चसक्क घोंच्यो सियोले जस्तै । अनयास फुत्कियो - ताक परे तिवारी ... । साथीले थप्यो ... नत्र पन्थी ।

ooo


## हार्दिक शुभकामना

गुल्मी जिल्लाकै ऐतिहासिक, साहित्यिक र शैक्षिक धरोहर किरण पुस्तकालयको ५१ औं वार्षिकोत्सव तथा 'हाम्रो पुरुषार्थ'को ४७ औं वर्ष प्रवेशको उपलक्ष्यमा पुस्तकालय र पत्रिकाको उत्तरोत्तर प्रगतिका लागि मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





**रूपकलाल श्रेष्ठ**
**अध्यक्ष**
एवम्

# गुल्मी यातायात प्रा.लि. परिवार

**प्रधान कार्यालय : तम्घास, गुल्मी**

**फोन : ०७९-५२१०१५/५२१०१६ र ०७१-५४६२३२**

**गुल्मी यातायात प्रा.लि.द्वारा सञ्चालित यातायातका स्तरीय साधनहरूबाट आरामदायी यात्रा गरौं ।**

**काउन्टर : ०७९-५२०७३५, ०७१-५४६७७२**

# पाल्पाको बतासेडाँडाबाट रिडीतिर

✍ **पद्मप्रसाद शर्मा**
**दाङ, प्रदेश नं. ५**

पाल्पा नेपालको सन्दर्भमा भन्नु पर्दा ऐतिहासिक ठाउँ हो । पाल्पाली सेन राजाहरूबाट यो भूमि चर्चामा रहेको छ र अहिले पनि यसको चर्चा सेलाएको छैन । त्यसो त यहाँका नागरिकहरूले निकै वर्ष अघिदेखि आफूलाई अग्रपंक्तिमा राख्न सफल छन् । चाहे राजनीतिको कुरा होस् वा व्यवसायको कुरा होस् । पाल्पामा जन्मिएर आफ्नै मेहनतले उच्च ओहदामा पुग्ने पाल्पालीहरू धेरै छन् । चाहे विद्यालय स्थापना गर्ने कुरा होस् चाहे पुस्तकालय स्थापना गर्ने कुरा होस् पाल्पा अग्रपंक्तिमा रहेको पाइन्छ । यहाँको धवल पुस्तकालय नेपालकै चर्चामा रहने पुस्तकालयमध्येको एक हो । यस्तै एसियाको नमूना र ग्रामीण क्षेत्रमा स्थापना गरिएको रेडियो मदनपोखरा पनि यसै जिल्लामा पर्दछ । त्यसो त पाल्पाको मदन पोखरा नमूनाको पनि नमूना ठाउँका रूपमा परिचित छ । आजभोलि पाल्पा भन्ने बित्तिकै ढाकाको कपडा वा ढाका टोपी उत्पादन हुने स्थानका रूपमा परिचित छ । यहाँका मठमन्दिर तथा दरबारहरू पनि चर्चामा रहेका छन् । पाल्पाको राणाकालीन दरबार र त्यहाँको भैरवस्थान मन्दिरको महिमा निकै धेरै सुन्न पाइन्छ । त्यसकारण पाल्पा निकै पहिलेदेखि अहिलेसम्म चर्चामा रहेको छ भन्न कुनै गाह्रो छैन । हामी भाद्र २३गते दिउँसो त्यही स्थानमा पुगेर प्राकृतिक सौन्दर्यमा रमाइरहेका छौं ।

पाल्पामा रहेको दरबार द्वन्द्वकालमा ध्वंश भएको हो तर अहिले पुनर्निर्माण भएर सबै कार्यालयहरू यसै दराबारमा सञ्चालनमा आएको कुरा खोमा तरामुले पाल्पा बजार पार गर्दा नगर्दै सुनाउनुभयो । बर्तुङबाट गाडी अगाडि बढेपछि मैले "दरबार हेर्न सकिन्छ ?" भनेर उहाँलाई प्रश्न गरेको थिएँ । उहाँले गुल्मी जाँदा अनुकूल परेन आउँदा सम्भव भएछ भने हेरौंला भन्नुभयो । मैले चित्रमा दरबार देखेको र त्यसका बारेमा प्रशस्त कुराहरू सुनेकाले यो स्थान हेर्न पाए हुन्थ्यो भन्ने निकै जिज्ञासा जागेको थियो । तर गुल्मी जाँदा अनुकूल परेन । गाडी छोडेर दरबार जान पनि गाह्रो । गाडी त्यो बाटो भएर नजाने भएको हुनाले गुल्मी जाँदा पाल्पाको चर्चित दरबार हेर्ने धोको बाँकी रह्यो । अनुकूल परे फर्कदा हेरौंला भनेर खोमाजीले ठीकै प्रस्ताव राख्नुभयो । फर्कदा हेर्ने रहर मनमा साँची राखेर हामी अर्को प्रसङ्गमा लाग्यौं । पाल्पाको बजार एक छेउँबाट अवलोकन गर्ने अवसर मिल्यो । त्यसको साथमा पाल्पाको पूर्वी भाग भन्नाले माडीको फाँट पनि केही देखियो । तानसेनबाट हेर्दा माडीको फाँट साह्रै रमणीय

देखियो । मन अघाउँदासम्म हेर्न पाइएन । किनकि छिनछिनमा बसले घुम्ती पार गरेर जान्थ्यो । घुम्तीबाट अगाडि बढेपछि फाँट आफै ओझेल पर्दथ्यो । माडीको फाँटभन्दा कम्ती रमणीय लागेन पाल्पाको पश्चिम पहाड र बस्तीहरू पनि । पारि पखेराभरि टिलिक्क टल्कने घरहरू हेर्दा आफैमा आनन्द लाग्थ्यो । बजारभन्दा पहिले बसपार्क देखियो । बसपार्कमा खासै धेरै बसहरू देखिएनन् । पाल्पामा अझै पनि पुराना ढाँचाका घरहरू देख्न पाइन्छ । केही घरहरू नयाँ ढाँचाका बने पनि अधिकांश घरहरू पुरानै आकारका देखियो । पहिले तिनै घरहरू अति सुन्दर मानिन्थे होला तर अहिले समय बदलिएपछि ती घरहरूका आकार प्रकार पुराना जस्ता लाग्ने भए । समय समयको बात भनेको सायद यही होला । पाल्पामा पानी पर्याप्तमात्रामा देखियो । वर्षाको समय भएर पनि हुन सक्छ पानीको मात्रा प्रशस्त देखियो । त्यहाँको पानी देखेर आश्चर्य लागेर मैले खोमाजीलाई पाल्पाली राजा यही पानी देखेर बसेको त होलान् नि ? भने । उहाँले भन्नुभयो यो पानी त हिंउँदमा हुँदैन । यही वर्षा याममा मात्र हो । आश्चर्य लाग्यो अनि फेरि जिज्ञासा राखें हिंउँदमा यहाँका बासिन्दाले कहाँको पानी प्रयोग गर्छन् ? जवाफमा भन्नुभयो हिंउँदमा त पानीको निकै दुःख छ । खानेपानीको व्यवस्था त छ तर पुग्दो मात्रामा हुँदैन पुर्‍याउनुपर्छ । उहाँका कुरा सुन्दा प्रकृतिले पाल्पालाई पानीमा ठगेको रहेछ भन्ने लाग्यो ।

बतासे डाँडाको बारेमा जान्ने निकै इच्छा थियो । किनकि पाल्पा जानेहरू धेरैले बतासे डाँडाको गफ गरेको सुनेको छु । त्यसैले पनि मैले अलिक बढी जिज्ञासा राखेको थिएँ । वास्तवमा बतासेडाँडा डाँडा नै हो जहाँबाट उत्तरको धेरै भाग र दक्षिणको धेरै भाग देख्न सकिन्छ । यस्तो ठाउँलाई कसैले घोरीकन्ने पनि भन्छन् । जसलाई भञ्ज्याङ वा Pass पनि भन्ने गरिन्छ । बतासेडाँडाबाट हिमालसमेत देख्न सकिन्छ । योभन्दा उत्तर र दक्षिणको दृश्य हेर्दा आउने आनन्द शब्दबाट थोरैले मात्र वर्णन गर्न सक्छन् । यो डाँडा धेरैसमय बस्न लायकको भने छैन किनकि दक्षिणबाट अलिक जोडले हावा चल्ने गर्दछ । बतासे डाँडाबाट उत्तरको हिमालसमेत देख्न सकिने हुनाले र दक्षिणको हराभरा पहाडसमेत देख्न सकिने हुनाले यो दृश्य हेर्दा आउने आनन्द शब्दबाट थोरैले मात्र वर्णन गर्न सक्छन् । यसका आसपासमा ठूला कुनै पनि रूख बिरूवाहरू छैनन् । झण्डै आधा किलोमिटर वर सल्लेरी वन देख्न सकिन्छ भने त्यसको केही अगाडि पनि त्यस्तै जंगली बिरूवाहरू देख्न सकिन्छ । बतासेडाँडामा कुनै कविजीलाई पुर्‍याउने हो भने प्राकृतिक आनन्दले मोहित भएर तत्कालै काव्य रचना गर्ने थिए होला । बतासे डाँडाले मन लोभ्याउँछ । प्रकृतिक सौन्दर्यमा रमाउने र हराउनेहरू एकपटक होइन पटकपटक यो स्थानमा पुग्नुपर्दछ जस्तो लाग्यो । बतासेडाँडा आफैमा केही होइन तर यसले भर्ने ऊर्जामा भने धेरै कुरा पाउन सकिन्छ ।

बतासेडाँडामा छोटो समय बिताउन पाइयो लामो समय पाएको भए हाम्रा पनि कविता फुर्थे कि ? कविता फुर्ने जति समय बिताउन पाइएन । त्यसको नजिकमा दुई तीनवटा पसलहरू थिए । मैले यी पसलमा चिया पाइदैन भनेर सोधें तर त्यसको जवाफ कसैसँग भेटिएन किनकि हामी फोटो खिचेर फर्कंदा नफर्कदै बसले हर्न बजायो । सबै यात्रुहरू गाडीमा कुदिहाले । चालकदेखि ठीक पछाडिको सिटको टिकट लिएका थियौं । त्यसैले पनि हामीलाई गाडीमा चढ्न हतारो थिएन । अरू यात्रुहरू चढदा चढ्दै हामीले बतासे डाँडाबाट उत्तरतिरको दृश्य एक झल्को नियाल्यौं । त्यो दृष्य हेरेपछि खोमजीलाई भने आज त बसको नभएर हवाइयात्रा गरे जस्तै लागिरहेको छ । उहाँलाई मेरो कुराले आश्चर्यमा पारेछ अनि सरले के भन्नुभाको भनेर प्रश्न गर्नुभयो । अनि मैले भने यस्ता अजंगका पहाडहरू हेर्न अनि यो विशाल हरियालीमा रमाउनका लागि धरतीबाट कहाँ सम्भव छ र ? यसका लागि त आकाशको यात्रा गर्नुपर्छ । यहाँबाट देखिने दृश्य र हवाइजहाजबाट देखिने दृश्यमा कुनै भिन्नता छैन । अकाशबाट देखिने दृश्य यहींबाट आज देखिदैछ । उहाँ निकै जोडले हाँस्नुभयो । मलाई पनि निकै खुशी लाग्यो, मैले पनि साथ दिएँ ।

बतासेडाँडाबाट गाडी अगाडि बढ्यो । मैले भनें अबको बाटो पूरै ओरालो होला हैन ? उहाँले भन्नुभयो ओरालोमात्र हैन सर उस्तै साँधुरो पनि र घुम्ती भएको छ । घुम्ती र ओरालोमा सरलाई कुनै अप्ठेरो.. ? मैले भने यात्रामा रमाउन चाहनेहरूलाई उकालो ओरालो र घुम्तीले कुनै असर गर्दैन । म सधै यो प्रकृतिमा रमाउन चाहन्छु । त्यसकारण यो वातावरणले मलाई कुनै पिरोल्न सक्दैन । बरू बाटामा पर्ने विशेष स्थानका नामहरू चिनाउन नबिर्सनुहोला । खोमाजीले भन्नुभयो अब चिनाउनु पर्ने खासै ठाउँहरू छैनन् । अब हामी ओरालो पूरै पार गरेर रिडीमा पुग्नेछौं । दाङबाट हिडनुभन्दा पहिले दाङका पत्रकार एवं स्तम्भकार के.वी.मसालसँग गुल्मी जानेकुरा गरेको थिएँ । उहाँले बाटो निकै अप्ठेरो छ ए साइडमा बसेर जानुहोला नत्रभने रिङ्गाटा लाग्नसक्छ भन्नुभएको थियो । जव गाडी ओरालो बाटो लाग्यो रिङ्गाटा नलागे पनि एकपटक मसालजीको याद आयो । बाटोभर खासै बस्ती पनि छैनन् भन्दा हुन्छ । यस्तो बाटोमा जीवनभर नहिंडेकाहरूलाई साँच्ची रिंगाटा लाग्ने खालको रहेछ । ओरालोमात्र नभएर घुम्ती पनि उस्तै मोडका रहेछन् । पहाडमा कतै काला पत्थर देखिन्थे भने कतै हरियाली देख्न पाइन्थ्यो । यस्तो साँघुरो बाटोमा पनि चालकहरूले विना उल्झन स्टेरिङ घुमाउँछन् । त्यस दिन बसमा रहेका यात्रुहरू सबै गुल्मी पाल्पाका रहेछन् क्यारे । कोही पनि त्यो बाटो देखेर अत्यास मानेको जस्तो देखिएन । झण्डै सवाघण्टामा गाडी बतासेडाँडाबाट रिडीमाथिको पुल पार गरेर रुरुक्षेत्रमा प्रवेश गऱ्यो । पुल पार गरेर चालकले गाडी रोके अनि सहचालकले लौ चिया नास्ता खाने जति ओर्लनुस् भने । हामी पनि रिडीको हावासँगै चिया मिसाउने विचारले खोमाजी र म होटलतिर लाग्यौं ।

ओरालो बाटो झर्दै गर्दा तल काली गण्डकीको फोटो खिच्यौं । बाटो आसपासका रूखहरूले छेक्ने भएकाले राम्ररी खिच्न पाइएन । त्यही पनि रहर मेट्नका लागि भए पनि दुई पटक क्यामरा किलिक्क पार्‍यौं । चिया पिउँदै गर्दा काली गण्डकीको फोटो पनि हेर्न भ्यायौं । आधा घण्टा जति गाडी रूकेर उकालो बाटो लाग्यौं । हामीले भोलि अर्थात् भाद्र २४ गतेको कार्यका लागि सामान्य खाका बनउन थाल्यौं ।

ooo


# हार्दिक शुभकामना

गुल्मी जिल्लाकै ऐतिहासिक, साहित्यिक र शैक्षिक धरोहरको रूपमा सुपरिचित **किरण पुस्तकालय**को ५१ औं वार्षिकोत्सव तथा **'हाम्रो पुरुषार्थ'**को ४७ औं वर्ष प्रवेशको उपलक्ष्यमा पुस्तकालय र पत्रिकाको उत्तरोत्तर प्रगतिका लागि मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**अशोककुमार थापा**
**अध्यक्ष**

**मीना भण्डारी**
**उपाध्यक्ष**

एवम्

# गुल्मीदरबार गाउँपालिका, गुल्मी

# व्यवसायी महानुभावहरूलाई सूचना

**तपाई व्यवसाय सुरूवात गर्दै हुनुहुन्छ वा सञ्चालन गरेर अलमलमा पर्नुभएको छ भने निम्न कुराहरूमा ध्यान दिनुहोला ।**

- ❑ व्यवसाय दर्ता ।
- ❑ व्यवसायको कर दर्ता/नवीकरण ।
- ❑ व्यवसायको साईनबोर्ड
- ❑ व्यवसायमा वस्तुहरूको मूल्यसूची सबैले देख्नेगरी राख्नुहोस् ।
- ❑ वस्तुहरूको लेबलिङ्ग ।
- ❑ वस्तुको बिक्रीमूल्य, उत्पादन तथा म्याद नाघ्ने मिति हेर्नुहोस् ।
- ❑ वस्तुको मिश्रण (वस्तुको प्रकृति अनुसार) ।
- ❑ वस्तुहरूको गुणस्तर ।

**अनुरोधक**

# गुल्मी उद्योग वाणिज्य संघ

पुस्तकालय परिचय

# सार्वजनिक पुस्तकालय, सुनसरी

'सुनसरीमा राणाविरोधी आन्दोलन सशक्त बनाउन धरानको छाताचोकमा २००४ सालमा स्थापित पुस्तकालय पाठकविहीन हुन थालेको छ । पण्डित छविलाल पोखरेल, गणेशमान श्रेष्ठ, भागवत गोविन्द लाखेलगायत मिलेर स्थापना गरेको बी.पी. पुस्तकालय २००७ सालको प्रजातन्त्र प्राप्तिपछि सार्वजनिक पुस्तकालय नामकरण गरियो ।

करिब १५ धुर क्षेत्रफलमा फैलिएको पुस्तकालय अहिले धरान उपमहानगरपालिका मातहतमा छ । पूर्वकै पुरानोमध्येको पुस्तकालयमा ६० वर्षअघि किनिएका पुस्तक मात्र केही हजारको संख्यामा थुपारिएको छ । नयाँ पुस्तक थपिएका छैनन् ।

मैले त्यहाँ पढ्दा धर्म संस्कृति, इतिहासका पुराना पुस्तक थिए । अहिले कुनै भेटिन्नन्; भाषाविद् टंकप्रसाद न्यौपानेले भने । पुस्तकालय जोगाउन नयाँ पुस्तक राख्ने कम्प्युटरमा क्याटलगिङ गर्नुपर्ने न्यौपानेले बताए ।

जर्मन सरकारको सहयोगमा ०५० सालमा दुईतले भवन निर्माण गरिए पनि व्यवस्थित हुन सकेको छैन । पुस्तकालयको सम्पत्ति करिब ६ करोड रूपैयाँ बराबर हुन आउने स्थानीय गिरिराज आचार्यले बताए । २०३० सालदेखि यो पुस्तकालयमा पत्रपत्रिका र अन्य पुस्तक अध्ययन गर्न नियमित जाने गरेको छु तर कहिल्यै पनि समयसापेक्ष हुन सकेन । बजारमा आख्यान, इतिहास, दर्शनदेखि आधुनिक शिक्षा प्रणालीका नयाँ पुस्तक आएका छन् । ती कुनै यो पुस्तकालयमा भेटिन्नन् ।

कविराज माङ्लाकले युवा पुस्ताका पाठक चाहेजस्ता पुस्तक नपाएपछि निराश भएर फर्कने गरेको बताए । उपमहानगरपालिकाका प्रशासकीय अधिकृत गणेशप्रसाद खतिवडाका अनुसार पुस्तकालयमा नेपाली भाषाका पुस्तक ४ हजार १ सय, अंग्रेजी भाषाका १ हजार ५ सय, हिन्दी भाषाका ७ सय गरी करिब ६ हजार पुस्तक छन् ।

पुस्तकालय थप व्यवस्थित बनाउन उपमहानगरपालिकाले तृतीय श्रेणीका एक, सुब्बासरहका एक र कार्यालय सहयोगी एक गरी तीन जना कर्मचारी खटाएको छ । नयाँ पुस्तक थप्न वार्षिक तीनचार लाख रूपैयाँ खर्च पनि गर्दै आएको छ । पुस्तकालयमा दैनिक सरदर २० जना पाठक पुग्ने गरेका छन् ।

२०३२ सालदेखि पुस्तकालयमा कार्यालय सहयोगी भएर हालै अवकाश पाएका दीपक शाक्यले २०१७ सालयता कुनै पुस्तक थपिएको जानकारी नरहेको बताए ।

\- **प्रदीप मेन्याङ्बो** **(पुस्तकालय आवाज, वर्ष ११, अङ्क १२, २०७६ असारबाट साभार)**

ooo

# चारोटा कुरा

- किरण पुस्तकालयका प्रकाशनमालाको १६ औं पुष्पका रूपमा हाम्रो पुरुषार्थका सहसम्पादक दीन पन्थीद्वारा लिखित निबन्धहरूको सङ्गालो 'हुटिट्याउँको मन' नामक कृति २०७६ सालको मोती-जयन्तीका अवसरमा पुस्तकालयद्वारा आयोजित एक विशेष समारोहका बीच त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पाका उप-प्राध्यापक श्री टङ्कप्रसाद पन्थले विमोचन गर्नुभएको थियो । उक्त कृतिको विमोचन गर्दै उप-प्राध्यापक पन्थले कृतिकार पन्थीका निबन्धगत विशेषता, सघन विचार र लेखनशैलीको परिचय पनि दिनुभएको थियो । २०७६ सालभित्र किरण पुस्तकालय प्रकाशनमालाको सत्रौं पुष्पका रूपमा पुस्तकालयकै ग्रन्थपाल विष्णुप्रसाद खनालको प्रबन्ध-सङ्ग्रह 'अमृतपान' प्रकाशनमा ल्याउने योजना रहेको छ ।

- मिति २०७६/०७/२७ का दिन किरण पुस्तकालयको ५१ औं वार्षिकोत्सव र गतेअनुसार महाकवि लक्ष्मीप्रसाद देवकोटाको १११ औं जन्मजयन्ती विविध कार्यक्रमको आयोजना गरी एकसाथ मनाइयो । रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुख प्रेमनाथ अर्यालको प्रमुख आतिथ्य र पुस्तकालय व्यवस्थापन समितिका उपाध्यक्ष शशि पन्थीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न महानुभावहरूले कविता वाचन गर्नुका साथै महाकवि देवकोटा र किरण पुस्तकालयको योगदानसम्बन्धमा विशेष चर्चा गर्नुभएको थियो ।

- मिति २०७६/०९/२१ का दिन कविशिरोमणि लेखनाथ पौडेलको जन्मतिथिअनुसार पौष शुक्ल एकादशीको अवसरमा १३६ औं जन्मजयन्ती विविध कार्यक्रमका साथ मनाइयो । उक्त समारोहमा श्री छविलाल पन्थी र श्री माधवप्रसाद अर्यालले विभिन्न विषयका १४० थान पुस्तकहरू पुस्तकालयलाई हस्तान्तरण गर्नुभएको थियो । रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुख चन्द्रकान्त पन्थीको प्रमुख आतिथ्य र पुस्तकालयका उपाध्यक्ष शशि पन्थीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमका अवसरमा कविशिरोमणि लेखनाथ पौडेलको जन्मजयन्ती पौष १५ गते मनाउँदा सहभागीहरूलाई सहज हुने सुझावहरू प्राप्त भएका थिए । यसमा पुस्तकालयले आगामी वर्षहरूमा पुनर्विचार गर्नेभएको छ ।

- यतिबेला किरण पुस्तकालयको नयाँ भवनको निर्माण कार्य द्रुत गतिमा भइरहेको छ । दुई तलाको ढलान गर्ने काम सकिएको छ । यस्तै गतिमा काम भइराखेमा निर्धारित समयमै भवन निर्माण कार्य सम्पन्न हुनेछ भन्ने पुस्तकालय व्यवस्थापन समितिको पूर्ण विश्वास रहेको छ ।

***- सचिव***

# नौलो सृष्टि : सानो दृष्टि

## १. साधना र प्रतिभाको प्रतिफल 'श्रम-साधना' महाकाव्य




महाकवि नीलकण्ठ न्यौपानेद्वारा रचित 'श्रम-साधना' महाकाव्य अहिले मेरो हातमा छ । सुन्दर साजसज्जामा मुद्रित यस कृतिको मूल्य रू.५००।- रहेको छ । बाहिरी गाताबाहेक समर्पण, प्रकाशकीय, समीक्षा, बधाइ, सुभाषित र पृष्ठभूमिका लागि ४४ पृष्ठ खर्च भएका छन् । २२७ पृष्ठमा काव्यधारा प्रवाहित छ । यसरी ग्रन्थमा जम्माजम्मी २७१ पृष्ठ रहेका छन् । ग्रन्थको आवरणमा हिमाल, हरिया पहाड र धानरंगी तराई भएको चित्रबिम्ब छ । त्यहाँ श्रमसाधनाका प्रतीक दुई हात प्रतिबद्ध छन् । आवरणचित्रले नै काव्यभित्रको वर्णित विषयको संकेत गर्छ ।

श्रमसाधना महाकाव्यमा महाकाविको श्रम, साधना र प्रतिभा प्रतिबिम्बित छ । गजल र हाइकुको लघुतामा रमाएको यस कालमा यस्तो बृहदाकार काव्यकृतिको सृजना हुनु सानो तपस्याको फल होइन । अथक साधना, व्युत्पत्ति र माता वाग्देवीको वरदानविना यस्ता सृजना प्रकट हुँदैनन् । पूर्वीय शैलीमा रचित प्रस्तुत महाकाव्यमा नूतन सोंच र दृष्टि पर्याप्त छन् । यस महान् कृति-सृजनाका लागि म महाकावि न्यौपानेलाई हृदयतः धन्यवाद अर्पण गर्दछु ।

महाकाव्यको प्रारम्भमै चर्चित समीक्षक टंकप्रसाद पन्थको अत्यन्त गहन, विश्लेषणात्मक, समीक्षात्मक भूमिकाले महाकाव्यको गौरव बढाइदिएको छ । पूर्वीय साहित्यका मर्मज्ञ, काव्यशास्त्रका मूर्धन्य विद्वान् एवं प्रतिभाशाली महाकवि डा. वेणीमाधव ढकालको भूमिका एवं समीक्षाले महाकाव्यको महिमालाई बढाएको छ ।

'पुरेतको मुखमा बुजो' भन्ने लघुकाव्यकृति प्रकाशित गरेर २०३४ सालदेखि साहित्यक्षेत्रमा उदाएका न्यौपानेका काव्य, हास्यव्यंग्य, प्रबन्ध आदि गरेर १० वटा कृतिहरू प्रकाशित छन् । उनका आधा दर्जनजति कृतिहरू अप्रकाशित छन् । पाल्पा जिल्लाको पूर्वखोला, रिङ्नेरहमा २००६ सालमा जन्मेका न्यौपाने पेशाले शिक्षक हुन् । लामो समय शिक्षण पेशामा बिताएका न्यौपाने तीन कार्यकाल नेपाल राष्ट्रिय शिक्षक संगठन, पाल्पाका अध्यक्ष बनेका थिए । शिक्षा, साहित्य र समाजसेवामा समर्पित व्यक्तित्व न्यौपाने अध्यात्म र समानताका पक्षधर देखिन्छन् ।

सुन्दर, सस्यश्यामला र सदा हराभरा हाम्रो देश श्रम र साधनाको अभावमा गरीब बन्नुपरेको छ । ऐतिहासिक गौरवगाथाले गौरवान्वित हाम्रो देशबाट श्रम र जनशक्ति पलायन भइरहेको छ । यदि हाम्रो देशमा श्रम र साधना गर्‍यौं भने हाम्रो देश विकसित, समृद्ध र समुन्नत बन्छ भन्ने आशय यस काव्यको सार हो । यस काव्यको प्रवृत्ति देशप्रेम, परिष्कार र राष्ट्रिय एकतातर्फ झुकेको छ । राष्ट्रको अखण्डता, एकता र सार्वभौमिकताको पक्षमा काव्यको बोल छ । महाकाव्यमा तत्सम शब्दहरूको प्रचुरता देखिन्छ । राष्ट्रको भूगोल, प्रकृति, संस्कृति, भाषा, धर्मप्रति कवि अनुराग राख्दछन् । प्रारम्भको पृष्ठभूमिमा 'जयतु गौलक्ष्मी:' भनेर उद्घोष गरेका कविले पाल्पालाई दाहिने पारी बग्ने श्रीकृष्णा गण्डकीको धक फुकाएर वर्णन गरेका छन् । कविको प्रवृत्ति वैदिक साम्यवादतर्फ फर्केको छ । कवि श्रमप्रति श्रद्धा गर्छन् । कविका कुनै कवितांशमा 'कार्ल मार्क्स'को **'दुनियाँका मजदूर एक होऊ'** भन्ने भनाइका आशय पनि प्रकट भएका छन् -

**गरी खाने सारा श्रमिक सब संसारभरिका**
**छरी जाने आऊ श्रम-समरका लाख थरिका ।**

*-प्रथम सर्ग १०७*

श्रम, साधना, देशोत्थान र राष्ट्रिय एकताको मूल भाव भएको प्रस्तुत महाकाव्यको अङ्गी रस वीर रस बन्न पुगेको छ । श्रमप्रति आस्था जगाउने लक्ष्य महाकाव्यको छ । महाकाव्यमा कवि भौतिकवादी देखिन्नन् तर समानतावादी देखिन्छन् । गरिखाने श्रमिक जनहरूप्रति काव्यमा सहानुभूति छ । प्रस्तुत महाकाव्यले परिष्कार र समानताको चाहमा कविशिरोमणि लेखनाथ पौड्यालको तरूण तपसीलाई सम्झाउँछ । सुमधुर पद प्रयोगमा कवि प्रवीण देखिन्छन् । हेरौं -


**यसो हेर्दा अग्ला गठित श्रम सौन्दर्य तनका**
**भुजा लामा सग्ला पठित पद चातुर्य मनका**
**मिजासी उत्साही हँसमुख सफा छन् मगजका**
**युवा सच्चा लाग्थे सबल युग हाँक्ने गजबका ।**

*-प्रथम सर्ग-४१*

महाकाव्य शिल्पमा, भावमा, विचारमा-तीनैमा उत्कृष्ट छ । यस्तो सुमधुर काव्यकृति पस्कने प्रतिभाशाली काव्यस्रष्टालाई प्रशंसा गर्दै उनको सुस्वास्थ्य, दीर्घजीवन र सुयशको कामना गर्दछु ।

***- दीन पन्थी***

## २. समीक्षा र समालोचना





प्राध्यापन पेशामा तीन दशकभन्दा लामो अवधि बिताएका डिल्लीराज भट्टराई समीक्षा र समालोचनाका क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् । उनको प्रथम कृति समीक्षा र समालोचना २०७५ मा प्रकाशित भएको छ । यस कृतिमा २७ वटा विभिन्न विधाका समीक्षा-समालोचनाहरू समावेश गरिएको छ । काव्य-कविता, नाट्य समूह, कथा समूह, व्यक्तिवृत्तात्मक समूह, आत्मसंस्मरणात्मक समूह, वैदिक साहित्य समालोचना समूह गरी विभिन्न समूहका समीक्षा-समालोचना यसमा परेका छन् । प्रस्तुत कृतिका अधिकांश विषय प्रभाववादी समीक्षकको दृष्टिकोणबाट प्रस्तुत भएका छन् ।

काव्य कविता समूहमा व्यक्तिपरक र कृतिपरक गरी दुई प्रकृतिका समालोचनाहरू छन् भने नाट्य समूहमा चारवटा नाट्यकृतिको चर्चा गरिएको छ । उपन्यास समूहमा चारवटा उपन्यासहरू अगाडि सारिएका छन् । कथा समूहमा चारवटा कथा कृतिहरू समावेश छन् । त्यस्तै व्यक्तिवृत्तात्मक र आत्मसंस्मरणात्मक समूहमा क्रमशः पाँच जना व्यक्तित्व र दुईवटा संस्मरणात्मक रचनाको समीक्षा गरिएको छ । समीक्षकले वैदिक साहित्यको ऐतिहासिक परम्परा, नेपाली समालोचनाको ऐतिहासिक परम्परा र प्रस्थान गर्नुअघि शीर्षकका तीन भिन्न समीक्षाहरू प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् । समीक्षकले विधा र स्रष्टाको परिचय, स्रस्टाको कृति र प्रवृत्ति, कृतिको विभिन्न दृष्टिकोणबाट विश्लेषण र निष्कर्षसहित समीक्षा गरेका छन् । प्रस्तुत कृति विशेषतः स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरूका साथै समालोचनाका क्षेत्रमा बामे सर्दै गरेका हरेक समीक्षकहरूलाई उपयोगी हुने देखिन्छ ।

## ३. जागरण


**पाल्पा साहित्य समाज** भाषा, साहित्य, कला संस्कृति, इतिहासलगायत वाङ्मयका विविध क्षेत्रमा क्रियाशील रही आफ्नो स्थापनाको २५ वर्ष पूरा गरिसकेको छ । यस समाजले हालसम्म विविध गतिविधि सञ्चालन गर्नुका साथै १२ वटा कृतिहरू प्रकाशित गरिसकेको छ । यस समाजले रजत महोत्सवको पावन अवसरमा २५ वर्षका समाजभित्रका गतिविधिहरूका साथै साहित्य, दर्शन अनुसन्धान, इतिहास, संस्मरण, लेख एवम् विभिन्न विचारहरू प्रस्तुत गरेको छ ।




वनमाली निराकारको नेतृत्वमा जन्मेको यस समाजले हालसम्म विष्णु खनाल, वनमाली निराकार, पुष्करराज रेग्मी (का.बा. अध्यक्ष), डा. विष्णु खनाल, चित्रवली राम सुवाल, राजेन्द्र गोपाल सिंह, चिरञ्जीवी शर्मा ढुङ्गाना हुँदै पुष्करराज रेग्मीको अध्यक्षतामा हाल सञ्चालन भई मोफसलबाट साहित्यको सेवा गर्नुका साथै साहित्यिक अभियान्ताहरूलाई समेत सम्मान गर्दै आएको तथ्य यसै विशेषाङ्कबाट बुझ्न सकिन्छ । यस समाजले पाल्पाली आदिकवि छविलाल नेपालको पुण्यस्मृतिमा पुरस्कार स्थापना गर्नुका साथै अग्रदूत र अमृताञ्जलिको माध्यमबाट पाल्पाको साहित्यिक उत्थानमा योगदान पुऱ्याउने प्रतिभाहरूप्रति सच्चा सम्मान गर्ने गरेको छ ।

यस विशेषाङ्कभित्र पाल्पा साहित्य समाजको स्थापनादेखि वर्तमानसम्मका गतिविधि विस्तृत रूपमा अध्ययन गर्न सकिन्छ । स्रष्टा, द्रष्टा, समाजसेवी आदिले समाजलाई कसरी नियालेका छन् । सो कुरा पनि यसबाट बुझ्न सजिलो भएको छ । अझ पत्रपत्रिकामा प्रकाशित गतिविधिहरूबाट समाजको ख्याति कस्तो छ ? सो कुरा बुझ्न अझ सहज भएको छ । समाजले आफ्ना साहित्यिक गतिविधि अझ विस्तार गर्दै जाओस् । मोफसलबाट गर्दै आएको साहित्यिक अभियानका लागि पाल्पा साहित्य समाजलाई हार्दिक नमन ।

## ४. आमा, माटो र तीर्थ




समाजसेवी, धार्मिक एवम् साहित्यिक व्यक्तित्व होमनाथ न्यौपानेको पहिलो कविता कृति **'आमा, माटो र तीर्थ'** २०७६ प्रकाशित भएको छ । प्रकाशक धवल पुस्तकालय, पाल्पा रहेको प्रस्तुत कविता संग्रहभित्र ६४ वटा विविध शीर्षकका कविताहरू रहेका छन् । यसभित्र अधिकांश शीर्षकहरूमा पवित्र तीर्थस्थल, धार्मिक क्षेत्र, मन्दिर, धाम आदिमा कविको कलम दौडेको छ । यसमा कविका विविध अनुभव र व्यवहारोपयोगी विषयका सन्दर्भहरू समेटिएका छन् । समसामयिक गतिविधिहरूतर्फ पनि

कविको कलम बगेको छ । कविमा राष्ट्र राष्ट्रियता, सहकारी क्षेत्र, माता र मातृभूमिप्रतिको अगाध ममता गहिरो रूपमा प्रस्फुट भएको छ । यो पहिलो प्रयास हो । आगामी दिनमा कविको कलम अझ खारिँदै जाओस् । यही हार्दिक शुभकामना ।

## ५. अनुरोध




मुख्य पेशा प्राध्यापनका साथै साहित्य सेवामा अनवरत क्रियाशील पुष्कर अथक रेग्मीले आफ्नो दशौं कृति अनुरोध २०७५ प्रकाशित गरेका छन् । यो सचित्र बहरबद्ध बालगजल संग्रह हो । यसलाई बाल साहित्यका क्षेत्रमा नवीनतम मान्न सकिन्छ । बालमनोविज्ञान राम्ररी बुझेका अथकले बालमनोविज्ञानमा सकारात्मक प्रभाव पार्ने किसिमका ४० वटा गजलहरू समावेश गरेका छन् । बालसाहित्यको झण्डै खडेरी परेको नेपाली साहित्यमा प्रस्तुत संग्रह एउटा महत्त्वपूर्ण कृति बन्न पुगेको छ । साहित्य तथा साहित्य प्रतिष्ठान पाल्पाको प्रकाशनमा प्रकाशित प्रस्तुत कृतिमा गजलकार अथकले ताराबाजी लैलै जस्ता प्रारम्भिक चरणका बालबालिकालाई काम लाग्नेदेखि लिएर किशोरावस्थाको प्रथम चरणसम्मका बालबालिकाहरूलाई उपयोगी हुने खालका गजलहरू संरचित छन् । यस संग्रहभित्र छोरीको महिमा, राष्ट्र, राष्ट्रियता, विद्याको महत्त्व, बालकर्तव्य, असल बानीको विकास, स्वास्थ्य सचेतनालगायतका विविध विषय सन्दर्भका गजलहरू रचना गरिएका छन् । यस कृतिले पाल्पाली गजलकारहरूलाई संक्षेपमा चिनाउँदै उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्न सबक समेत सिकाएको छ । विभिन्न पक्षको प्रतिबिम्बन गरेर बालबालिकालाई त्यतातर्फ आकृष्ट गर्न प्रेरित गरेको छ । ४० पृष्ठमै चालीसवटा गजल पस्केर गजलकारले गजलका क्षेत्रमा नितान्त नौलो आयाम थपेका छन् । गजलकार अथकले उपनाम जस्तै अथक बन्दै आएका छन् । अथकै बन्दै जाऊन् । मानवअधिकारवादी नागरिक सचेतक अथकले अझ उत्कृष्ट कृति रचना गर्दै जाऊन्, हार्दिक शुभेच्छा ।

**- अकिञ्चन**

ooo

यताउताबाट

# समृद्धिको आधार पुस्तकालय

...शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पुस्तकालय समन्वय शाखा एवं उप-सचिव यादवचन्द्र निरौलाले राज्यको पुनर्संरचनाअनुसार अब स्थानीय र प्रदेश तहमा पनि पुस्तकालयको विकास गर्ने सरकारको नीति रहेको बताउँदै नेपालमा पहिलो पटक गत साल कार्तिकमा सार्वजनिक र सामुदायिक पुस्तकालयहरूको राष्ट्रिय सम्मेलन गर्‍यौं । त्यो सम्मेलनमा देशभरबाट ५५ जिल्लाका सार्वजनिक पुस्तकालयहरूको सहभागिता रहेको थियो र त्यस सम्मेलनबाट धेरै कुरा सिक्ने मौका पनि मिल्यो भने त्यसकै निरन्तरताको रूप भर्खरै प्रदेश नं. ५ मा पर्ने गुल्मीको तम्घासमा पहिलो पटक ५ नं. प्रदेशस्तरीय सार्वजनिक सामुदायिक पुस्तकालय सम्मेलन सम्पन्न गरिएको जानकारी दिंदै आगामी दिनमा पनि यस्ता सम्मेलनहरूको आयोजना गर्न सकेमा पुस्तकालयको विकासमा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गरे ।

उपसचिव निरौलाले पछिल्लो समय जीवनपर्यन्त शिक्षाका लागि एक स्थानीय तह : एक नमूना पुस्तकालय भन्ने नारालाई लक्षित गरी सरकारले केही सकारात्मक काम गरिरहेको अवस्थामा सातसय त्रिपन्नवटै स्थानीय तहमा साँच्चिकै हामीले गर्व गर्न लायक आधुनिक र सुविधासम्पन्न सार्वजनिक/सामुदायिक पुस्तकालय स्थापना गर्न सकेमा मात्र समाजमा पठन संस्कृतिको विकासमा सार्वजनिक/ सामुदायिक पुस्तकालयको ठूलो टेवा पुग्ने कुरामा जोड दिए । उनलें हरिहरभवनस्थित नेपाल राष्ट्रिय पुस्तकालयको प्रसंग कोट्याउँदै भू-कम्पले तहसनहस पारेर जग्गाको अभावमा लामो समयदेखि भवनविहीन बन्न पुगेको नेपालको एकमात्र राष्ट्रिय पुस्तकालयका लागि जग्गा प्राप्तिको प्रक्रिया मन्त्रीपरिषद्मा पेश भइसकेको हुनाले अब राष्ट्रिय पुस्तकालयले पनि छिट्टै नयाँ भवन निर्माणका लागि जग्गा प्राप्त गर्ने विश्वास व्यक्त गरे ।

***(पुस्तकालय आवाज, कार्तिक २०७५ बाट साभार)***

ooo

***(उक्त विश्वासअनुसार राष्ट्रिय पुस्तकालयले काठमाडौंको जमलमा जग्गा पाइसकेको छ ।- सम्पादक)***

**पुस्तक तथा पत्र-पत्रिकाहरू किनेर पढने बानी बसालौं । सित्तैमा पढने मन छ भने पुस्तकालयमा गएर पढने बानी बसालौं ।**

पाठक-प्रतिक्रिया

# किरण पुस्तकालयको स्वर्णवर्ष र हाम्रो पुरुषार्थ : एक चर्चा

श्रीमान् सम्पादकज्यू,
हाम्रो पुरुषार्थ त्रैमासिक,
किरण पुस्तकालय, तम्घास, गुल्मी ।

म यस पत्रिकाको नियमित पाठक एवम् आजीवन ग्राहक पनि हुँ । विशेष गरी २०५० सालदेखि म किरण पुस्तकालय, तम्घास, गुल्मी र हाम्रो पुरुषार्थ पत्रिकाको छिमेकी बनी यस पत्रिकाको प्रत्येक अङ्कलाई हातमा समाउने र आँखाले हेर्ने मौका पाएको छु । किरण पुस्तकालयले २०७५ सालमा स्वर्णजयन्ती मनाइसकेको छ र 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क ८० लाई स्वर्णवर्ष विशेषाङ्क बनाई पुस्तकालयका ५० वर्षका उपलब्धीहरू पाठकसमक्ष प्रस्तुत गरिसकेको छ । 'हाम्रो पुरुषार्थ' पत्रिका अहिले ८३ अंकसम्म प्रकाशित भइसकेको छ । नेपालमा धेरै पत्रिकाहरू जमन्दै मर्दै गरेका छन् । हाम्रो पुरुषार्थ यस किसिमको पत्रिका होइन । यस पत्रिकाको इतिहास लामो भइसकेको छ । अब यस पत्रिकालाई ऐतिहासिक पत्रिकाका रूपमा गणना गरे पनि हुन्छ । यस पत्रिकाभित्र साहित्य अटाएको छ, साहित्यकारहरू अटाएका छन् । धेरै साहित्यकारहरूलाई साहित्य सिर्जना गर्ने मौका यस पत्रिकाले प्रदान गरेको छ । लुकेर बसेका सर्जकहरूको खोजी यसले गरेको छ । विभिन्न विद्वान् व्यक्तिहरूसँग अन्तर्वार्ता लिई यसले ती व्यक्तिहरूको जीवनभोगाइको सार, अनुभव र अनुभूतिलाई आफूभित्र समेटेको छ । नेपाली साहित्यका विभिन्न कृतिको समीक्षा यस पत्रिकाभित्र भेटिन्छन् । विभिन्न कवि, लेखक, साहित्यकारहरूलाई सम्झन, उनीहरूको विशेषता वर्णन गर्न र उनीहरूका कृतिहरूको व्याख्या विश्लेषण र समीक्षा गर्न यस पत्रिकाले मार्ग प्रशस्त गरेको छ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ८३ प्रकाशित भएको छ । यसभित्र लेखिएका विभिन्न लेखहरू अत्यन्त मननीय छन् । प्रा.डा. हरिप्रसाद आचार्यसँगको भेटघाट निकै राम्रो छ । जसमा संस्कृतिलाई मासिंदै गएको कुरा र यसको महिमा, महत्त्व र महनीयतालाई संरक्षण गर्नुपर्ने कुरालाई बेजोडका साथ प्रस्तुत गरिएको छ । त्यसैगरी उत्तरकुमार पराजुलीको पूर्वीय दर्शनसँगको हिमचिम र गङ्गा अभिलाषीको पाठकीय दृष्टकोण त्यत्तिकै राम्रा र बेजोड ढंगका लेखहरू छन् । स्थायी स्तम्भअन्तर्गत नौलोसृष्टि : सानो दृष्टि स्तम्भमा सुरेशप्रसाद अर्यालले लेखेको 'हुटिट्याउँको मन'को निबन्धमाथि राखेको दृष्टिकोण अत्यन्त उपयुक्त छ र यसले

त्यस कृतिको अनुहार राम्रोसँग प्रष्ट पारेको पनि छ । त्यसकारण यो अङ्कले पाठकलाई राम्रो खुराक दिन सक्षम छ भन्ने मैले मानेको र ठानेको पनि छु ।

वर्तमान समयमा विदेशका विभिन्न मुलुक पनि नेपालका नजिक भएका छन् । भ्रमणमा गएका मेरा हितैषी मित्रहरू ४/५ जनाले अमेरिका, जापान र श्रीलंकाका पुस्तकालयमा हाम्रो पुरुषार्थ रहेको र पढ्न पाएको कुरा सहर्ष जानकारी गराउनुभएको थियो । त्यसकारण यस पत्रिकाको आकर्षण जतासुकै बढेको छ । यो पत्रिकालाई राष्ट्रिय स्तरको मात्र नभएर अन्तर्राष्ट्रियस्तरको पत्रिका भन्दा कुनै अत्युक्ति हुनेछैन । यस पत्रिकाको गरिमा, महिमा, आगामी दिनहरूमा झन् बढी राम्रो हुने विश्वास मैले लिएको छु । यो पत्रिका प्रकाशन गर्ने किरण पुस्तकालय एवं यसका सम्पादक दुबैलाई विशेष धन्यवाद एवं आभार प्रकट गर्न चाहन्छु । किरण पुस्तकालयको भवन अहिले सरकारी तहबाट निर्माणाधीन छ । आशा छ त्यो अब यस वर्षभरमा तयार हुन्छ तर त्यसको सञ्चालन गर्न, त्यसभित्र विभिन्न पुस्तकहरू भर्न र त्यसलाई नियमित रूपमा विभिन्न उपकरणको प्रयोगका साथ सञ्चालन, सम्वर्धन गर्न स्थानीय निकाय, प्रदेशस्तर र संघबाट पनि सहयोग गर्नु आवश्यक छ । प्रत्येक साहित्यानुरागी व्यक्तिहरूले हाम्रो पुरुषार्थको आजीवन ग्राहक बन्ने, पुस्तकालयलाई यथाशक्ति सहयोग गर्ने र यसबाट प्रकाशित हुने कृतिहरू पढ्ने गर्दा नै यस पुस्तकालयलाई सहयोग हुने देखिन्छ । विशेषतः स्थानीय निकायबाट यस पुस्तकालयलाई नियमित आर्थिक सहयोग गर्ने परिपाटीको थालनी भएमा पुस्तकालय एवं यस पत्रिकाको प्रकाशनमा टेवा मिल्नेछ ।

**- विष्णुकान्त पन्थी**

धुर्कोट-७, वाग्ला, हाल : रेसुङ्गा-२, तम्घास, गुल्मी ।

ooo


## हार्दिक शुभकामना

किरण पुस्तकालय तम्घास, गुल्मीको त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ' ले ४६ वर्ष पूरा गरी ४७ वर्षमा प्रवेश गरेको शुभ घडीमा यस पत्रिकाको निरन्तरता र स्तरीय प्रकाशनको लागि हार्दिक शुभेच्छा व्यक्त गर्दछौं ।

# सिर्जनशील सामुदायिक विकास केन्द्र

**तम्घास, गुल्मी**

# हार्दिक शुभकामना

आधा शताब्दीभन्दा लामो समयदेखि गुल्मी जिल्लाको शैक्षिक र साहित्यिक धरोहरको रूपमा सुपरिचित **किरण पुस्तकालय**को ५१ औं वार्षिकोत्सव र **'हाम्रो पुरुषार्थ'** राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाको ४७ औं वर्ष प्रवेशको उपलक्ष्यमा पुस्तकालय र पत्रिकाको उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# कर्मचारी मिलन केन्द्र

**तम्घास, गुल्मी**

**बाढीपहिरोको जोखिम दिनानुदिन बढ्दै गइरहेको हुँदा विकासको नाममा विनाश निम्त्याउने गरी डोजरको प्रयोग नगरौं । सकेसम्म मानवीय स्रोतसाधनको प्रयोग गरी रोजगारीसमेत सिर्जना गरौं ।**

**बाढीपहिरोको जोखिम न्यूनीकरण गर्न जथाभावी ढुङ्गा, बालुवा निकाल्ने तथा खोलाको बहाव बदल्ने कार्य नगरौं ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
# प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा(२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिटयाउँको मन (२०७६) | दीन पन्थी |

सृजिला प्रिन्टर्स, गुल्मी (५३०४५०)